सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ मंसिर २०८०, मंगलबार (21 Nov 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २११ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

माइतीघर-बानेश्वरमा एक महिना आन्दोलन निषेध



एकभन्दा धेरै समूहले एकै समयमा र ठाउँमा कार्यक्रम गर्दा हुलदंगा तथा भिडन्त भई शान्तिसुरक्षामा असर पर्न सक्ने भएकाले निषेधित क्षेत्र तोकिएको जिल्ला प्रशासनको भनाइ

(विस्तृत पृष्ठ २)

सुन तस्करीमा श्रमिक भरिया

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक २० श्रमिक समातिन्छन्, कतार, साउदी र युएईबाट धेरै तस्करी

- भिजिट भिसा र सामान्य श्रमिक तस्करको निशानामा
- तस्करीमा महिला र पुरुष दुवै
- विदेशबाट आउँदा श्रमिकले के-के ल्याउन पाउँछन् ?

(विस्तृत पृष्ठ ३)

आगामी साता मौद्रिक नीतिको समीक्षा
अर्थतन्त्र चलायमान बनाउने अपेक्षा

ब्याजदर घटाउने गरी मौद्रिक औजार परिचालन गर्न निजी क्षेत्रको सुझाव, सेयर धितो कर्जाको सीमा हटाउन लगानीकर्ताको माग

(विस्तृत पृष्ठ ९)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

चालू वर्षको चार महिनामै एक अर्ब १३ करोडको सिमेन्ट र क्लिंकर निर्यात

पाँच वर्ष अघिसम्म सिमेन्ट र क्लिंकरमा पूर्णतः परनिर्भर नेपालले ०७९ साउनदेखि निर्यात थालेको हो, गत आर्थिक वर्षमा ७७ करोड ९३ लाखको भारत पठाएकोमा चालू वर्षको चार महिनामै एक अर्ब १३ करोडको निर्यात गरेर व्यापारमा आशा जगाएको छ

नवीन अर्याल/नयाँ पत्रिका

देशको समग्र निर्यात निराशाजनक रहेको वेला सिमेन्ट र क्लिंकरको बढ्दो निर्यातले आशा जगाएको छ। चालू आर्थिक वर्षको पहिलो चार महिनामै (साउनदेखि कात्तिकसम्म) एक अर्ब १३ करोड आठ लाख रुपैयाँको आठ लाख सात हजार टन सिमेन्ट र क्लिंकर (अर्धप्रशोधित सिमेन्ट) भारत निर्यात भएको छ। दसैं-तिहारको बिदैबिदाका बीच पनि कात्तिकमा मात्रै २७ करोड ७७ लाखको सिमेन्ट तथा क्लिंकर निर्यात भएको भन्सार विभागले जनाएको छ। अघिल्लो महिना असोजमा साढे ४३ करोडको निर्यात भएको थियो। जब कि गत आर्थिक वर्ष ०७९/८० मा वर्षभर करिब ७७ करोड ९३ लाख रुपैयाँको मात्रै सिमेन्ट तथा क्लिंकर निर्यात भएको थियो।


- **निर्यातको १६ महिना, पाँच उद्योगले पठाउँदै छन् सिमेन्ट र क्लिंकर**

सरकारले स्वदेशी वस्तु निर्यातलाई प्रोत्साहन गरेपछि भारतीय सीमावर्ती क्षेत्रमा सिमेन्ट-क्लिंकर निर्यात बढ्न थालेको नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारकाले बताए। गत आर्थिक वर्षको बजेटमार्फत सरकारले स्वदेशी वस्तु निर्यात गर्ने उद्योगलाई आठ प्रतिशतसम्म नगद अनुदान र १० करोड रुपैयाँभन्दा बढीको विद्युत् खपत गर्ने उद्योगलाई महसुलमा १५ प्रतिशतसम्म छुट दिने घोषणा गरेको थियो।

अफसिजनमै पनि सिमेन्ट तथा क्लिंकरको निर्यात उत्साहप्रद रहेको सौरभ ग्रुपका अध्यक्ष विष्णु न्यौपानेले बताए। 'साउन, भदौ, असोज महिना नेपालमा मात्र होइन, भारतमा पनि अफसिजन मानिन्छ, कात्तिक-मंसिरदेखि बल्ल निर्माणको सिजन सुरु हुन्छ,' उनले भने,

» पृष्ठ ११ मा क्रमशः

७७ करोड ९३ लाख



साउन : ४९ लाख
भदौ : ४० लाख
असोज : १ करोड २६ लाख
कात्तिक : १ करोड ३५ लाख
मंसिर : ९१ लाख
पुस : ४ करोड २० लाख
माघ : ८ करोड ७ लाख
फागुन : १३ करोड ७६ लाख
चैत : ११ करोड ७६ लाख
वैशाख : १३ करोड १२ लाख
जेठ : १२ करोड ३२ लाख
असार : १० करोड २९ लाख

०७९/८०

१ अर्ब १३ करोड ८ लाख



साउन : २३ करोड ५० लाख
भदौ : १८ करोड ३५ लाख
असोज : ४३ करोड ४६ लाख
कात्तिक : २७ करोड ७७ लाख

चालू आवको पहिलो चार महिनामा ५८ करोड ५८ लाख रुपैयाँको एक लाख ७४ हजार ८१९ टन क्लिंकर र ५४ करोड ४९ लाख ७३ हजार रुपैयाँको ६ लाख ३१ हजार ८९९ टन तयारी सिमेन्ट निर्यात भएको छ।

०८०/८१ (कात्तिकसम्म)

निर्यात बढ्नुका तीन कारण

१ सीमा क्षेत्रका तीनवटा प्रदेश (युपी, बिहार र वेस्टबंगाल)मा ठूला चुनढुंगा खानी छैन। ती क्षेत्रमा भारतको राजस्थान, मध्यप्रदेश वा आसाम तथा मेघालयबाट चुनढुंगा चर्को भाडा तिरेर ढुवानी गर्नुपर्छ। त्यसबाट उत्पादित सिमेन्ट महँगो पर्न जान्छ।

२ भारतबाट सामान बोकेर नेपालमा आउने अधिकांश ट्रकहरू रित्तै फर्किने गर्छन्। रित्तै फर्किने ट्रकहरूमा सामान पठाउँदा ढुवानी खर्च कम लाग्छ। भारततर्फ डेढ सय किलोमिटर दूरीमा सिमेन्ट ढुवानी गर्दा भाडा प्रतिबोरा सरदर ५० रुपैयाँ लाग्छ। जब कि काठमाडौं ल्याउँदा सय रुपैयाँभन्दा बढी लाग्छ। ढुवानी खर्च सस्तो हुनु नेपालका लागि फाइदाजनक हो।

३ सरकारले स्वदेशी उद्योगलाई नगद अनुदान र विद्युत् महसुल छुट दिने व्यवस्था गर्दा पनि निर्यात प्रोत्साहन मिलेको छ। सोही नगद अनुदानकै कारण उद्योगीहरू सिमेन्ट तथा क्लिंकर निर्यात गर्न कस्सिएका हुन्।

परनिर्भरदेखि आत्मनिर्भर हुँदै
निर्यातसम्मको यात्रा

पाँच वर्ष अघिसम्म नेपाल सिमेन्ट तथा क्लिंकरमा परनिर्भर थियो। ग्रान्डिङ उद्योगका लागि क्लिंकर भारतबाट आयात गरिन्थ्यो। ०७०/७१ देखि देशमै चुनढुंगा प्रशोधन गरी क्लिंकर उत्पादन गर्ने उद्योग खुल्न थाले। तैपनि ०७५/७६ सम्म सिमेन्ट र क्लिंकरका लागि भारतमै निर्भर पर्नुपर्थ्यो। ०७४/७५ मा हालसम्मकै उच्च ३१ अर्ब ३३ करोडको सिमेन्ट तथा क्लिंकर आयात भएको थियो। त्यसयता क्रमशः परनिर्भरता घट्दै गयो। अहिले त सिमेन्ट र क्लिंकर आयात होइन, भारततर्फ निर्यात हुन थालेको छ।



- देशभर वार्षिक दुई करोड टन अर्थात् ४० करोड बोराभन्दा बढी सिमेन्ट उत्पादन क्षमताका उद्योग छन्, तर दुईतिहाइ क्षमताको अझै उपयोग भएन
- भूकम्पपछि सिमेन्टमा ओइरियो लगानी, ०७२ यता दुई खर्बका ३९ उद्योग दर्ता
- कोभिडले निम्त्याएको मन्दीले केही उद्योग बन्द भए, केही नयाँ सुरु भए

०७१/७२ मा १० अर्ब ५१ करोडको, ०७२/७३ मा ११ अर्ब ७० करोडको र ०७३/७४ मा २६ अर्ब १० करोडको सिमेन्ट र क्लिंकर आयात भयो। देशमै ग्रान्डिङ र क्लिंकर उद्योगको संख्या बढ्दै गएपछि ०७५/७६ मा आयात घटेर १२ अर्ब ९७ करोडमा सीमित भयो। ०७६/७७ मा चार अर्ब ४१ करोडको क्लिंकर र ४५ करोडको सिमेन्ट आयात भएको थियो भने ०७७/७८ तीन अर्ब ६० करोडको क्लिंकर र पाँच करोड ६७ लाखको

» पृष्ठ ११ मा क्रमशः

नक्कली भुटानी शरणार्थी प्रकरण

आजदेखि उच्च अदालतमा सुनुवाइ हुँदै

टेकराज थामी/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरण मुद्दाको मंगलबारदेखि उच्च अदालत पाटनमा सुनुवाइ हुँदै छ। पटक-पटक पेसीमा चढेर पनि उच्च अदालतमा यो मुद्दामा सुनुवाइ हुन सकेको छैन। मुद्दाको फैसला नहुँदासम्म मुख्य अभियुक्तहरूलाई थुनामा पठाउने जिल्ला अदालतको आदेशविरुद्ध १६ जना उच्च अदालत गएका थिए। त्यस्तै, धरौटीमा छुटेका दुईजनाविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय पनि उच्चमा गएको छ।

- **दोस्रो चरणको अनुसन्धान टुंग्याउने तयारी**

प्रतिवादीको इन्कारी बयान र घटना पुष्टि हुने बलियो प्रमाण फेला नपरेपछि प्रहरीले दोस्रो चरणको अनुसन्धान प्रक्रिया टुंग्याउन लागेको छ

पूर्वमन्त्रीद्वय बालकृष्ण खाण, टोपबहादुर रायमाझी, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका पूर्वअध्यक्ष शमशेर मियाँ, तत्कालीन गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राई थुनामा छन्। खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राई जेलमै छन्। उनीहरू जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पुगेका छन्।

यो मुद्दामा पक्राउ परेकामध्ये केशव तुलाधर, टंक गुरुङ र लक्ष्मी महर्जन भने

» पृष्ठ ११ मा क्रमशः

उदाउँदो सूर्यलाई अर्घ्य



कमलपोखरीमा सोमबार उदाउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु महिला। प्राकृतिक पूजाको रूपमा प्रसिद्ध र विशेष गरी मिथिला क्षेत्रमा धुमधामका साथ मनाइने छठ पर्व समापन भएको छ। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

भूपू गोर्खा सैनिकबारे भोलि नेपाल-बेलायत मन्त्रीस्तरीय वार्ता



पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र बेलायत सरकारबीच भूतपूर्व गोर्खाको पेन्सन र सुविधालगायतका विषयमा (बुधबार) ६ मंसिरमा मन्त्रीस्तरीय वार्ता हुँदै छ। भूतपूर्व गोर्खा सैनिकका प्रतिनिधिले उक्त वार्तामा भूपू गोर्खाको पेन्सन बेलायतीसरह दिन बेलायत सरकारका तर्फबाट प्रतिबद्धता नआए आन्दोलन गर्ने चेतावनी दिएका छन्।

'नोभेम्बर २२ मा मन्त्रीस्तरीय वार्ता हुने तय भएको छ। हामीले भूपू गोर्खाका विषयहरूको फेहरिस्त पेस गरेका छौं। उहाँहरूबाट जवाफ आउने अपेक्षा लिएका छौं,' बेलायतस्थित नेपाली दूतावासकी प्रवक्ता एवं उपनियोग प्रमुख रोशन खनालले नयाँ पत्रिकासँग भनिन्।

बेलायतसँग नेपालले गोर्खा सैनिकका विषयमा गर्न लागेको यो तेस्रो मन्त्रीस्तरीय वार्ता हो। नेपालका तर्फबाट बेलायतका लागि राजदूत ज्ञानचन्द्र आचार्यले र बेलायतबाट रक्षा राज्यमन्त्रीले वार्ताटोलीको नेतृत्व गर्दै आएका छन्। यसअघि ०७९ चैत २६ र २७ मा दोस्रो तथा ०७९ कात्तिक १७ गते पहिलो मन्त्रीस्तरीय वार्ता भएको थियो। योभन्दा तल्लो प्राविधिक तहमा गत मंसिर २८, माघ १, वैशाख ६ र भदौ २५ मा वार्ता भएको थियो।

वार्तामा गोर्खा भूतपूर्व सैनिकका तर्फबाट सहभागी हुँदै आएका बेलायती गोर्खाका पूर्वमेजर जुद्धबहादुर गुरुङले अबको वार्ता निर्णायक हुने बताए। 'पेन्सनको विषयमा अहिलेसम्म स्पष्ट कुरा छैन। हाम्रो मुख्य माग नै बेलायतका नागरिकसरह पेन्सन पाउनुपर्छ भन्ने हो,' गुरुङले नयाँ पत्रिकासँग भने, 'मुख्य माग सम्बोधन गर्न बेलायत सरकार तयार भयो भने थप वार्ता अघि बढ्ला। यदि भएन भने त्यसपछि वार्ताको औचित्य हुन्छ जस्तो लाग्दैन।'

उनका अनुसार बेलायत सरकारले भूतपूर्व गोर्खा सैनिकका सन्तानका लागि एउटा सहज निर्णय गरेको छ। 'पहिला भूपू गोर्खा सैनिक वा श्रीमती बाँचुन्जेल मात्रै छोराछोरीलाई बेलायत जान पाउने सुविधा थियो, मृत्यु भएका सैनिकका नेपाली सन्तानले पाउँदैनथे,' गुरुङले भने, 'अहिले बाबु-आमा नभए पनि भूपू

» पृष्ठ ११ मा क्रमशः

- **रोशन खनाल**
उपनियोग प्रमुख, नेपाली दूतावास

हामीले सबै कुरा राखेका छौं, बेलायतबाट जवाफको अपेक्षा गरेका छौं



- **कृष्णकुमार राई**
अध्यक्ष, भूतपूर्व गोर्खा सैनिक संघ (गेसो)



बुधबारका लागि तय भएको मन्त्रीस्तरीय वार्ता निर्णायक होस्

भूकम्प प्रभावित क्षेत्रमा चउर र पालमुनि कक्षा

रुकुम पश्चिममा **मनीष खड्का**

१७ कात्तिक मध्यरातिको भूकम्पले विद्यालयका भवन पूरै ढलेका त छैनन्। तर, सदे पनि छैनन्। विद्यालयका चारवटै भवनका ठाउँठाउँमा चर्किएको छ।

६.४ म्याग्निच्युडको भूकम्पपछि तारन्तार परकम्प गइरहेका वेला रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ चाइनाबगरमा रहेको भेरी दोभान माविले सोमबार पाल टाँगेर कक्षा चलायो। २८ असोज अर्थात् घटनास्थापनादेखि बन्द रहेका विद्यालयको नियमित पठनपाठनका लागि सोमबारदेखि विद्यालय त खुले। तर, न चर्किएका कक्षा कोठामा पढाउन सक्ने स्थिति छ न त बिदा नै दिने। कक्षा १० सम्म तीन सय पाँच विद्यार्थी रहेको भेरी दोभानमा सोमबार ३४ मात्र उपस्थित भए। 'धेरैजसो विद्यार्थी कक्षा ५ भन्दा तलका थिए, सबै विद्यार्थीलाई एउटै पालमुनि राखेर हाजिर गर्‍यौं। काउन्सिलिङ गरेर घर पठाइदिऔं,' प्रधानाध्यापक पूर्णबहादुर ओलीले भने, 'विद्यार्थी भूकम्पको त्रासमा छन्। हाम्रा एक विद्यार्थी त भूकम्पमा परी घाइते भएका छन्।' दिउँसो १ बजे विद्यार्थीलाई घर पठाइएको थियो।

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार १७ कात्तिकको जाजरकोट भूकम्पका झन्डै पाँच सय

» पृष्ठ ११ मा क्रमशः



रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ चाइनाबगरको भेरी दोभान माविमा सोमबारदेखि पालमुनि कक्षा सुरु गरिएको छ

विद्यालय देख्नेबित्तिकै तर्सिन्छन् विद्यार्थी

भेरी दोभान माविमा खटिएकी सोसेक नेपालकी काउन्सिलर पार्वती थापाका अनुसार भूकम्पपछि विद्यार्थीले विद्यालय आउनै मानेका छैनन्। 'घर भत्किएर त्रिपालमा पुगेका छन्। विद्यालयका भवन पनि भग्नावशेष छन्,' उनले भनिन्, 'यो अवस्था देखेर धेरै विद्यार्थीले विद्यालयको गेट नै पार गर्न मानेका छैनन्।' विद्यार्थीले आफ्नो कक्षाकोठा हेर्न आँट नगरेको उनले बताइन्। उनका अनुसार अब केही समय विद्यार्थीलाई पहिलेकै अवस्थामा ल्याउन खेल्नेदेखि रमाइलो गतिविधि सञ्चालन गर्नुपर्ने हुन्छ। सानीभेरी गाउँपालिका- १ की शारदा मल्ल पुन पाँच वर्षीय छोराको अवस्था देखेर दुःखी छिन्। 'छोरा भेरी दोभानमा पढ्छ। सोमबार छोरालाई स्कुल पठाउन हम्मेहम्मे भयो। निकै रुने, डराउने गर्‍यो,' उनले भनिन्।

पाँच जिल्लाका भूकम्पपीडितलाई अस्थायी आवास बनाउन पहिलो किस्ता निकासा

पहिलो किस्ता २५ हजार

छानो छाउने तहसम्म पुगेपछि वा निर्माण सम्पन्न भएपछि दोस्रो किस्ता २५ हजार रुपैयाँ निकासा हुने

- **जाजरकोट र रुकुम पश्चिममा ५०-५० करोड, बझाङमा २५ करोड, बाजुरामा १४ करोड र सल्यानका लागि दुई करोड निकासा**

काठमाडौं/ जाजरकोट र रुकुम पश्चिमसहित पाँच जिल्लाका भूकम्पपीडितलाई राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अस्थायी आवास निर्माणका लागि पहिलो किस्ताको रकम निकासा गरेको छ। पाँच जिल्लाका विपत् कोषका नाममा सोमबार एक अर्ब ४१ करोड रुपैयाँ निकासा भएको हो।

जाजरकोट र रुकुम पश्चिममा ५०-५० करोड, बझाङमा २५ करोड, बाजुरामा १४ करोड र सल्यानका

» पृष्ठ ११ मा क्रमशः

माइतीघर–बानेश्वरमा एक महिना आन्दोलन निषेध

एकभन्दा धेरै समूहले एकै समयमा र ठाउँमा कार्यक्रम गर्दा हुलदंगा तथा भिडन्त भई शान्तिसुरक्षामा असर पर्न सक्ने भएकाले निषेधित क्षेत्र तोकिएको जिल्ला प्रशासनको भनाइ

नयाँ पत्रिका

काठमाडौं/ सम्भावित तनावलाई मध्यनजर गर्दै विरोधकर्ता तथा आन्दोलनकारीको प्रमुख केन्द्र बनेको माइतीघरलाई एक महिनाका लागि आन्दोलन निषेध गरिएको छ। जिल्ला सुरक्षा समितिको सिफारिसमा काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले माइतीघर-नयाँ बानेश्वर क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेका हुन्। सूचनाअनुसार पद्मोदय मोड, सर्वोच्च अदालतको पश्चिम गेट, माइतीघर, बबरमहल, बिजुलीबजार तथा नयाँ बानेश्वर चोकसम्मलाई निषेधित क्षेत्र घोषणा गरिएको छ। जसअनुसार सोमबारदेखि ३० दिनसम्म आन्दोलन तथा विरोध प्रदर्शनमा रोक लगाइएको छ।



आगामी ७ मंसिरमा एकै दिन दुई समूहबीच हुन लागेको विरोध कार्यक्रमलाई लक्षित गरी जिल्ला प्रशासनले यस्तो निर्णय गरेको हो। ७ मंसिरमा एमालेका युवा-विद्यार्थी तथा व्यवसायी दुर्गा प्रसाईंले छुट्टाछुट्टै विरोध प्रदर्शन गर्न लागेका छन्। दुवैले माइतीघर क्षेत्रलाई केन्द्रित गरी विरोध प्रदर्शन गर्न लागेपछि निषेधित क्षेत्र तोकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

एकभन्दा धेरै समूहले एकै समयमा एकै ठाउँमा कार्यक्रम गर्दा हुलदंगा तथा भिडन्त भई शान्तिसुरक्षामा असर पर्न सक्ने भएकाले शान्तिसुरक्षाका कारण निषेधित क्षेत्र तोकिएको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सूचनामा उल्लेख छ। जिल्ला प्रशासनको निर्णयपछि एमालेका युवा-विद्यार्थीले भने तिनकुने क्षेत्रमा कार्यक्रम गर्न लागेका छन्। दुर्गा प्रसाईंको समूहले भने रत्नपार्क क्षेत्रमा कार्यक्रम गर्नेबारे प्रशासनसँग छलफल गरिरहेको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडा, मकवानपुरको धितोमा रहेको सम्पति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित २०८०/०८/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौडा, मकवानपुरवाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १२ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसील

ऋणीहरुको विवरण:
क. नेपाल सरकार उद्योग, मन्त्रालय कम्पनि रजिस्टर्डको कार्यालय काठमाण्डौमा कम्पनि ऐन २०६३ अन्तरगत मिति २०७५/०४/१० मा प्रा.लि नं. १९४१५०/०७५/०७६ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६६५१९६७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ६ मा रजिष्ट्रार कार्यालय रहेको **जुपिटर हेटौडा नेपाल प्रा.लि.**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **रोम प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १४५०८ को क्षेत्रफल ०-०-१८.२५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **गुरु प्रसाद सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १४५१० को क्षेत्रफल ०-१-६.७५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **भवनाथ सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. १४५०९ को क्षेत्रफल ०-१-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६ स्थित कित्ता नं. १४५०७ र १४५०६ को क्षेत्रफल क्रमश ०-०-१२.७५ र ०-१-४ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:
ख. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. हरी प्रसाद देवकोटाको नातिनी, शिव प्रसाद देवकोटाको छोरी, नारायण प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सम्झना देवकोटा** (ना.प्र.नं. ७२४२, जारी मिति २०५८/०९/०९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **नारायण प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. ५१५९ को क्षेत्रफल ०-९-१९-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

ऋणीको विवरण:
ग. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
घ. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
ङ. नेपाल सरकार उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा औद्योगिक व्यवसाय ऐन २०७६ अन्तरगत मिति २०७७/०७/१७ मा प्रा.फा. नं. २०९५/१०३४/०७७/०७८ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४१५६११५ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौंडाउ.म.न.पा वडा नं. ६ मा रजिस्टर्ड कार्यालय रहेको **रितीरिवाज गाई फर्म** (प्रोपाईटर लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३११०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३११०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौंडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
च. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तरगत मिति २०७४/०५/०६ प्रा.फा.न. १०७३०/८४९/२०७४/२०७५ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६४४३४४३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडाउ.मा.न.पा वडा नं. ६ मा रजिस्टर्ड कार्यालय रहेको **रिती रिवाज पोल्ट्री फर्म** (प्रोपाइटर पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
५. लक्ष्मण प्रसाद काफ्लेको नातिनी, डिल्ली प्रसाद काफ्लेको छोरी, रोम प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **रुपा कुमारी काफ्ले** (ना.प्र.नं. ३११०२३/५७२००, जारी मिति २०६५/१०/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
छ. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, रुपा कुमारी काफलेको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **रोम प्रसाद सापकोटा** (ना.प्र.नं. १४/१०३४२, जारी मिति २०६०/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, संम्झना देवकोटाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **नारायण प्रसाद सापकोटा** (ना.प्र.नं. ८२, जारी मिति २०५९/०४/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
ज. नेपाल सरकार घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४अन्तरगत मिति २०७०/०५/११ सा.फ.प्र.पं.न ८११७/८५/२०७०/०७१ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरवाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३००२८२४२३ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ६मा रजिस्टर्ड कार्यालय रहेको **सापकोटा राईस एण्ड फ्लोर मिल** (प्रोपाईटर जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
४. कविद्धत्त दुंगानाको नातिनी, बाबुराम दुंगानाको छोरी, भवनाथ सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **दुर्गा दुंगाना** (ना.प्र.नं. ३४, जारी मिति २०५९/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

ऋणीको विवरण:
झ. पदमलाल सापकोटाको बुहारी, तारानाथ लम्सालको छोरी, गुरु प्रसाद सापकोटाको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **सुमित्रा सापकोटा** (ना.प्र.नं. ३१-०१-७०-०४०२३, जारी मिति २०७०/०३/३१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जगन्नाथ सापकोटाको नाति, पदमलाल सापकोटाको छोरा, सुमित्रा सापकोटाको पति मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **गुरु प्रसाद सापकोटा** (ना.प्र.नं. १६३१/३४०, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. पदमलाल सापकोटाको नाति, गुरु प्रसाद सापकोटाको छोरा, दुर्गा दुंगानाको पति, मकवानपुर जिल्ला, हेटौडा उ.मा न.पा., वडा नं. ०६ (साविक मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ०६) बस्ने **भवनाथ सापकोटा** (ना.प्र.नं. १५/११४९२, जारी मिति २०६०/१०/२३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **सुमित्रा सापकोटा**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडान.पा. वडा नं. ०६ स्थित कित्ता नं. २५८७ को क्षेत्रफल ०-१५-३ (वि.क.धु) जग्गा जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **गुरु प्रसाद सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. ११९३, ८७०८, ८९०४ र ८९०६ को क्षेत्रफल क्रमश ०-२-१०, ०-३-२.२५, ०-०-१६.२५ र ०-०-१३.७५ (वि.क.धु) जग्गा जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. **भवनाथ सापकोटा**को नाममा मलपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ६ स्थित कित्ता नं. ७३६७ को क्षेत्रफल ०-११-५.७५ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
४. धनि कुमारी बैंक लि. (साविक एन.सी.सी. बैंक लि.) र ऋणी **भवनाथ सापकोटा** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. M3GTGS86JLB000043, ई.नं. TY5370, सवारी नं. Pra 03-01-024 Cha 4480, को V-CROSS HI-LANDER थान १।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० मंसिर ११ गते** भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौडा, मकवानपुरवाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडिको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो वाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० मंसिर १२ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय हेटौडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर १२ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

हराएका ४० लाखबराबरका सर्वसाधारणका सामान प्रहरीद्वारा हस्तान्तरण

काठमाडौं/ काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले साउनयता विभिन्न सवारीसाधनमा छुटेका ४० लाखभन्दा बढीका सामान खोजी गरी सम्बन्धित व्यक्तिलाई बुझाएको छ। साउनदेखि हालसम्म एक सय ३३ जनाले गाडीमा सामान हराएको भन्दै निवेदन दिएका थिए।

प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टका अनुसार निवेदनका आधारमा ९९ जनाको धनमाल खोजी गरी सम्बन्धित धनीलाई बुझाइएको छ। आफ्नो धनमालको सुरक्षा गर्न र सवारीसाधनमा सामान छुटेमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३, प्रहरीको हटलाइन नम्बर १०० मा फोन गर्न तथा नजिकैको प्रहरी कार्यालयमा लिखित निवेदन बुझाउन पनि उनले अनुरोध गरे। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा रहेको खोजतलास शाखाले सवारीसाधनमा छुटेको धनमाल प्राप्त निवेदनका आधारमा खोजी गरेर धनीलाई बुझाउँदै आएको छ। पछिल्लोपटक आइताबार मात्रै काठमाडौंको जडीबुटीबाट जोरपाटीस्थित जम्मुडाँडासम्म जानेक्रममा ट्याक्सीमा छुटेका सुनचाँदीका गहना खोजी गरेर ट्राफिक प्रहरीले सम्बन्धित व्यक्तिलाई बुझाएको थियो।

जडीबुटीबाट जोरपाटी जम्मुडाँडासम्म जाने क्रममा बा.२ज ३४५३ नम्बरको ट्याक्सीमा करिब सात तोलाबराबरको सुन र चार तोलाका चाँदीका गहना भएको झोला छुटेको भनी रामेछापकी संगीता तामाङले ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३ मा खबर गरेकी थिइन्। प्राप्त खबर तथा लिखित निवेदनका आधारमा ट्राफिक प्रहरीले सिसिटिभी क्यामराको सहायतामा खोजी गरिरहेको समयमा ट्याक्सीचालक रोशन बयलकोटी स्वयं सुनका गहना बुझाउन ट्राफिक प्रहरी वृत्त गौशालामा पुगेका थिए।

आदिनाथलाई तामा र पित्तलका भाँडा



कीर्तिपुर नगरपालिकाको चोभारमा रहेको आदिनाथ लोकेश्वर मन्दिरपरिसरमा तामा र पित्तलका भाँडा झुन्ड्याउँदै भक्तजन। यसरी मन्दिरमा भाँडा झुन्ड्याउँदा मनोकांक्षा पूरा हुने जनविश्वास छ।
तस्बिर : अमुल थापा/नयाँ पत्रिका

त्रिभुवन विमानस्थलबाट कोकिनसहित एक महिला पक्राउ

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले कोकिनसहित एकजना भारतीय महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा ३२ वर्षीया भारतीय नागरिक किम्रो सांगी रहेकी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका सुरक्षा प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अर्जुन चन्दले जानकारी दिए। उनका अनुसार पक्राउ परेकी महिला इथियोपियाबाट आइतबार राति कतारको दोहा हुँदै सोमबार काठमाडौं विमानस्थलमा ओर्लिएकी र काठमाडौंबाट भुटान जान लागेकी थिइन्। सोही क्रममा लागुऔषध नियन्त्रण ब्युरोको टोलीलाई प्राप्त सूचनाअनुसार पक्राउ गरिएको हो। पक्राउ परेकी महिलाका साथबाट लागुऔषध नियन्त्रण ब्युरोको टोलीले एक किलो नौ सय ७३ ग्राम कोकिन बरामद गरेको विमानस्थलका सुरक्षा प्रमुख तथा प्रहरी नायब महानिरीक्षक चन्दले जनाए।

भृकुटीमण्डपमा अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी हुँदै

काठमाडौं/ ५ देखि ९ मंसिरसम्म भृकुटीमण्डपमा दक्षिण एसिया अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी हुने भएको छ। प्रदर्शनीमा १५ भन्दा बढी देशका प्रकाशक, उत्पादक तथा वितरकको सहभागी रहनेछ। नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ र करेन्ट मिडिया एन्ड रिसर्च सेन्टरले पुस्तक प्रदर्शनी गर्न लागेको हो। प्रदर्शनीको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने जनाइएको छ।

एक सय ८० वटाभन्दा बढी स्टल रहने प्रदर्शनीमा शैक्षिक सामग्रीदेखि सबै प्रकारका पुस्तकको स्टल राखिनेछ। प्रदर्शनीमा अमेरिका, चीन, इजिप्टसहित १५ भन्दा बढी देशको सहभागिता रहनेछ।

संक्षेपमा उपत्यका

पवित्रनगर : काठमाडौं मनपा- २६, पवित्रनगरस्थित प्रबिन गेस्टहाउसको २०१ नम्बर कोठामा जुवातास खेलिरहेका पाँचथर फालेलुङ गापा-८ का ४२ वर्षीय सुरेन्द्र जबेगुसहित नौ जुवाडेलाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त महाराजगन्ज र प्रहरी प्रभाग गोंगबुबाट खटिएको प्रहरीले उनीहरूलाई ६२ हजार चार सय रुपैयाँ र एक बुक तासहित पक्राउ गरेको हो। सोही गेस्टहाउसको पार्किङमा ओखर (जुवा) खेलिरहेका पाँचथर फाल्गुनन्द गापा-४ की ४० वर्षीया एन्जिला लिम्बूसहित १० जनालाई ४९ हजार पाँच सय ५० रुपैयाँ र आठ गेडा ओखरसहित पक्राउ गरेको छ।

कालिमाटी : काठमाडौं मनपा- १३, कालिमाटीस्थित तरकारी बजारको सडकपेटीमा जुवातास खेलिरहेका गोर्खाका ३५ वर्षीय आसमान परियारसहित पाँच जुवाडेलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३९ हजार रुपैयाँ र दुई बुक तासहित पक्राउ गरेको हो। सबै घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

बल्खु : काठमाडौं मनपा- १४, बल्खु चोकबाट स्रोत नखुलेको चार लाख नौ हजार रुपैयाँसहित दुईजनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा ठमेल बस्ने चिनियाँ नागरिक ३८ वर्षीय झाङ विङ र नैकापकी २५ वर्षीया सरिता खड्का रहेका छन्। प्रहरी प्रभाग बल्खुबाट खटिएको प्रहरीले बाप्र ०२-०४४ प २६११ नम्बरको स्कुटर जाँच गर्ने क्रममा स्कुटरमा सवार उनीहरूलाई उक्त नगदसहित पक्राउ गरेको हो।

धापाखेल : ललितपुर मनपा- २४, धापाखेल नख्खुडोल टोल डेरा गरी बस्ने जयराम घिमिरेको कोठाबाट घरमा कोही नभएको अवस्थामा सुनका विभिन्न गहना तथा नगदसमेत गरी करिब तीन लाख ८३ हजार रुपैयाँबराबरको धनमाल आइतबार दिउँसो चोरी भएको छ।

सुन तस्करीमा श्रमिक भरिया

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिक २० श्रमिक समातिन्छन्, कतार, साउदी र युएईबाट धेरै तस्करी



● **डा. टोकराज पाण्डे,** प्रमुख, त्रिभुवन विमानस्थल भन्सार कार्यालय

नेपाल फर्कनेमध्ये अधिकांश कतारबाट आउने श्रमिक सुन तस्करीमा समातिने गरेका छन् । सुन तस्करीमा महिला र पुरुष दुवै समातिन्छन् । महिलाहरूले भित्री वस्त्रमा लुकाएर ल्याउने गरेको पाइन्छ ।



● **रमेश भट्ट,** अध्यक्ष, गैरआवासीय नेपाली संघ कतार

जानेबुझेका मानिसले लगिदिँदैनन् । तर, जसलाई तस्करीमा भरिया बन्दा हुने नोक्सानीको बारेमा थाहा हुँदैन, त्यस्ताको तस्करले खोजी गर्छन् ।



मुना कुँवर/नयाँ पत्रिका

चितवनका किशोर बोहरा वैदेशिक रोजगारीका लागि युनाइटेड स्टेट इमिरेट्स (युएई) गएको एक दशकभन्दा बढी भयो । उनी अबुधाबीस्थित एक कम्पनीमा सेक्युरिटी गार्डको रूपमा काम गर्छन् । प्रत्येक वर्षजस्तो उनी नेपाल आइरहन्छन् । गत साउनमा नेपाल आउन उनले दुबईबाट काठमाडौंका लागि टिकट काटेका थिए । उडानका लागि बोहरा तीन घन्टाअगाडि नै दुबई एयरपोर्ट पुगे । टर्मिनलको मुख्य प्रवेशद्वारतर्फ जाँदै गर्दा उनलाई कसैले बोलायो । उनले फर्केर हेरे, तर चिनेनन् ।

फेरि पनि त्यही मानिसले उनलाई डाक्यो । नेपालीले नै बोलाएपछि उनी रोकिए । ती अपरिचित व्यक्तिले उनलाई काठमाडौंसम्म आफ्नो पनि एउटा सामान पुऱ्याइदिन आग्रह गरे । बोहरा एकछिन अकमकिए । अपरिचित व्यक्तिले सामान लगिदिन भनेपछि उनी अन्योलमा परे । उनले सामान लगिदिन आनाकानी गरेपछि अपरिचित व्यक्तिले उनलाई सामान लगिदिएबापत चियाखर्च पनि दिने बताए । त्यसपछि भने बोहराले सामान लैजान मानेनन् । 'पैसा दिने भनेपछि मलाई शंका लाग्यो । पक्कै पनि गलत काम गराउँदै छ भनेर । त्यसपछि मैले मानिनँ,' उनले नयाँ पत्रिकासँग भने ।

कतारमा लामो समयदेखि व्यवसाय गर्दै आएका रमेश भट्ट दसैँ मनाउन नेपाल आउँदै थिए । नेपालमा पनि व्यवसाय गरेका उनी नेपाल कतार आउजाउ गरिरहन्छन् । पछिल्लोपटक एयरपोर्ट प्रवेश गरेपछि एकजना अपरिचित व्यक्ति उनीसँग चिनजान गर्न आइपुगे । ती व्यक्तिले पनि उनलाई आफ्नो सामान काठमाडौंसम्म लगिदिन आग्रह गरे । 'नचिनेको व्यक्ति आएर मेरो सामान लगिदिनु न, जरुरी छ भन्छ । तर, मलाई त्यो व्यक्तिप्रति विश्वास लागेन,' उनले भने ।

माथि उल्लिखित प्रतिनिधि घटना मात्रै हुन् । वैदेशिक रोजगारीका लागि मलेसिया तथा मध्यपूर्व जाने नेपाली श्रमिकहरू नेपाल फर्किँदा सुन तस्करका लागि भरिया बन्दै आएका छन् । तस्करहरूले दुबई, कतार, कुवेत, मलेसियालगायतका एयरपोर्टमा भरिया श्रमिकको खोजीका लागि डेरा नै जमाएर बस्ने गरेको श्रमिकहरू बताउँछन् । तस्करहरूले नेपाल जाने सोझा श्रमिकको खोजी गर्ने गरेको गैरआवासी नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टले बताए । 'जानेबुझेका मानिसले लगिदिँदैनन् । तर, जसलाई तस्करीमा भरिया बन्दा हुने नोक्सानीको बारेमा थाहा हुँदैन, त्यस्ताको तस्करले खोजी गर्छन्,' उनले भने । दुबई एयरपोर्टमा यस्ता तस्करको भिड नै हुने गरेको किशोर बोहरा बताउँछन् । नेपालमा आउने एयरलाइन्सको उडान समयमा तस्करहरू एयरपोर्टको गेटमा बस्ने गरेको उनले बताए ।

■ भिजिट भिसा र सामान्य श्रमिक तस्करको निशानामा

भिजिट भिसामा गएका र थोरै पारिश्रमिक खाने श्रमिक सुन तस्करको निशानामा पर्ने गरेका छन् । भिजिट भिसामा रोजगारीका लागि गएका, तर रोजगारी नपाएपछि फर्कन बाध्य श्रमिक आर्थिक संकटमा परेका हुन्छन् । थोरै पारिश्रमिक भएका श्रमिकलाई पनि अलिअलि भए पनि पैसाको लोभ हुन्छ । त्यसैले यस्ता श्रमिकहरू तस्करको प्राथमिकतामा पर्ने किशोर बोहरा बताउँछन् । तस्करले सुन बोकेर नेपालमा ल्याइदिएबापत श्रमिकलाई पैसा दिने गरेका छन् । श्रमिकको अवस्था हेरीकन तस्करले भाडा दिने गरेको उनको भनाइ छ । 'टाठोबाठो खालको देखे भने धेरै पैसा दिन्छन् । सोझासीधा, बोल्न नसक्नेलाई भेटे भने कम्तीमा पाँच हजार रुपैयाँसम्म दिने गरेका छन्,' उनले भने । खाली हात फर्कनुपरेका श्रमिकहरू पाँच-दश हजारको आसले यस्तो काम गर्न राजी हुने गरेको उनले बताए ।

मध्यपूर्वबाट काठमाडौं दैनिक दुईदेखि तीनवटासम्म उडान हुन्छ । एउटा उडानमा कम्तीमा १५० श्रमिक यात्रु नेपाल आउँछन् । प्रत्येक उडानमा कम्तीमा पनि १० देखि १५ जनाले यसरी सुन बोकेर आउने गरेको बोहराको अनुमान छ । 'मसँगैको उडानमा आउने आठजनाको समूहले नै सुन ल्याएको मैले देखेको छु । उनीहरू तस्करको सुनका गहना लगाएर नै नेपाल आए,' उनले भने । सुन तस्करले सुन बोक्ने श्रमिकको फोटो र पासपोर्टको फोटो लिन्छन् । काठमाडौंस्थित आफ्ना एजेन्टलाई पठाउँछन् । एयरपोर्टबाट श्रमिक बाहिर निस्केपछि तस्करका एजेन्टहरूले फोटो र पासपोर्टका आधारमा श्रमिकको खोजी गर्ने गर्छन् ।

■ सुन तस्करीमा महिला र पुरुष दुवै

वैदेशिक रोजगारीमा गएर नेपाल फर्कने नेपाली श्रमिकमध्ये सुन तस्करीमा दैनिक २० जनासम्म समातिने गरेको त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख डा. टोकराज पाण्डेले जानकारी दिए । कानुनविपरीत अवैध रूपमा सुन लुकाएर ल्याउँदा उनीहरू विमानस्थलमा समातिने गरेको उनको भनाइ छ । तुलनात्मक रूपमा अहिले भने समातिने श्रमिकको संख्या घटेको उनको दाबी छ । नेपाल फर्कनेमध्ये अधिकांश कतारबाट आउने श्रमिक सुन तस्करीमा समातिने गरेको पाण्डेले बताए । साउदी अरब र युएईबाट आउने श्रमिक पनि यस्तो केसमा समातिने गरेको उनको भनाइ छ । 'सुन तस्करीमा महिला र पुरुष दुवै समातिन्छन् । महिलाहरूले भित्री वस्त्रमा लुकाएर ल्याउने गरेको पाइन्छ,' उनले भने ।

भन्सार शुल्क भुक्तानी नगरीकन महिलाले ५० ग्राम र पुरुषको हकमा २५ ग्रामसम्म सुनको गहनामा विदेशबाट ल्याउन सरकारले छुट दिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयका अनुसार योबाहेक थप २०० ग्रामसम्म सुनको गहना भन्सार बिन्दुमा महसुल तिरेर ल्याउन पाइन्छ । गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औंठी, बाला, सिक्रीजस्ता रसायन प्रयोग नगरिएका सुनलाई गहनाको मान्यता नदिने कानुनी व्यवस्था छ । तर, नेपाली श्रमिकले ९०० ग्रामसम्मका सुनको बिस्कुट नै ल्याउने गरेको उनले बताए । कानुनविपरीत सामान ल्याएमा मालवस्तु जफत हुने र सोको दोब्बर मूल्यबराबर जरिवाना तथा कैद सजायसमेत हुने व्यवस्था छ । जसअनुसार समातिएका भरिया श्रमिक जरिवाना रकम भुक्तान गर्न नसक्दा वर्षौंसम्म जेल सजाय काटिरहेको पाण्डेले बताए ।

ऐनबमोजिम विमानस्थलमा समातिएका श्रमिकलाई विमानस्थल प्रहरीले भन्सार कार्यालयमा बुझाउँछ । भन्सार कार्यालय मुद्दा दायर गर्छ । दोब्बर रकम भुक्तानी भनेको करिब १० देखि १२ लाख रुपैयाँ श्रमिकले भुक्तानी गर्नुपर्ने हुन्छ । तर, सामान्य श्रमिकले यस्तो रकम भुक्तानी गर्न नसक्ने उनले बताए । 'ऐनबमोजिम भुक्तानी नगरेमा २५ दिनसम्म हिरासतमा राखिन्छ । त्यसपछि श्रमिकलाई कैदमा हालिन्छ,' उनले भने । कैदमा परेका श्रमिकको प्रतिदिन ३०० रुपैयाँ कटौती हुन्छ । तर, लाखौं रुपैयाँ भुक्तान गर्न श्रमिकहरू वर्षौंसम्म कैदमा बस्ने गरेको उनले बताए ।

■ विदेशबाट आउँदा श्रमिकले के-के ल्याउन पाउँछन् ?

वैदेशिक रोजगारीबाट नेपाल फर्केका श्रमिकमध्ये महिलाले ५० र पुरुषले २५ ग्रामसम्मको सुन भन्सार शुल्क भुक्तानी नगरी ल्याउन पाउँछन् । तर, भन्सार शुल्क भुक्तानी गरेमा थप २०० ग्रामसम्म ल्याउन पाउने व्यवस्था छ । विदेशबाट फर्कने नेपाली यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल साथमा ल्याउँदा भन्सार तिर्नुपर्दैन । श्रम स्वीकृति लिएर लगातार ६ महिनाभन्दा बढी विदेशमा काम गरी फर्केका श्रमिकले भने आफ्नो साथमा थप एक थान मोबाइल भन्सार नतिरी ल्याउन पाउने कानुनी व्यवस्था छ । थप एक थान मोबाइलका लागि भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया भने पूरा गर्नुपर्ने कार्यालयले जनाएको छ ।

श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गई लगातार १२ महिना काम गरेको र सामाजिक सुरक्षा कोषमा सूचीकृत श्रमिकले जुनसुकै आकार वा प्रकारको टेलिभिजन भन्सार नतिरी ल्याउन पाउनेछन् । श्रम स्वीकृति लिई लगातार १२ महिना काम गरेको, तर सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका नेपाली श्रमिकले नेपाल फर्कंदा साथमा ३२ इन्चसम्मको टेलिभिजन भन्सार शुल्क भुक्तानी नगरी ल्याउन पाउँछन् । अन्य अवस्थामा भने सबै टेलिभिजनमा नियमानुसारको महसुल भन्सारमा तिर्नुपर्ने व्यवस्था छ । यसैगरी, पाँच हजार अमेरिकी डलरमाथिको विदेशी मुद्रा हुने यात्रुले विमानस्थलमा स्वघोषणा गर्नुपर्ने कार्यालयले जनाएको छ । रकम घोषणाको भने कुनै महसुल वा शुल्क बुझाउनु पर्दैन ।

युवा संघले तीनकुने क्षेत्रमा प्रदर्शन गर्ने

नयाँ पत्रिका

सरकारले माइतीघरमण्डलादेखि बानेश्वरको मीनभवन पुलसम्म एक महिनासम्म निषेधाज्ञा जारी गरेपछि एमाले भ्रातृ संगठन राष्ट्रिय युवा संघले ७ मंसिरमा कोटेश्वरस्थित तीनकुने क्षेत्रमा प्रदर्शन गर्ने भएको छ । प्रशासनको निर्णयलाई साथ दिँदै वैकल्पिक क्षेत्रमा प्रदर्शनको तयारी सुरु गरेको संघले जनाएको छ ।

जिल्ला प्रशासनले दुवै पक्षलाई बालाजु, तीनकुने, कीर्तिपुर, महाराजगन्जको नारायणचौरमा प्रदर्शनका लागि विकल्प दिएकोमा सोमबारै संघले प्रशासनलाई विकल्प दिएको हो । संघ र दुर्गा प्रसाईं समूहको आमने-सामने प्रदर्शनका कारण शान्ति सुव्यवस्था खलबलिने सम्भावना बढेको भन्दै जिल्ला प्रशासन कार्यालय, काठमाडौंले सोमबारबाटै लागू हुने गरी निषेधाज्ञा जारी गरेको थियो ।

प्रसाईंले बैंक, सहकारी र लघुवित्तका ऋणीहरूलाई ऋणमुक्त गराउने, हिन्दु राज्य र राजतन्त्र पुनर्स्थापना गराउने भन्दै अलग्गै प्रदर्शनको तयारी गरिरहेका छन् । दुवै पक्षले प्रचारलाई तीव्रता दिइरहेका छन् ।

संघले प्रदर्शन सरकारको अकर्मण्यताविरुद्ध केन्द्रित रहने जनाएको छ । 'प्रदर्शन भ्रष्टाचार, महँगी र अराजकता नियन्त्रणमा सरकारको अकर्मण्यताविरुद्ध केन्द्रित हुनेछ, प्रसाईंका विरुद्ध होइन, प्रसाईंजस्ता व्यक्तिहरूको अराजक प्रवृत्तिविरुद्ध हो,' संघका प्रवक्ता निरोज पौडेलले नयाँ पत्रिकासँग भने ।

'भ्रष्टाचार, महँगी र अराजकताविरुद्ध मंसिर ७, युवा विद्यार्थीको साथ' नारा दिएर संघले काठमाडौं उपत्यका र बागमती आसपासबाट अनेरास्ववियुसहित पार्टीसम्बद्ध अन्य जनसंगठनको सहयोगमा प्रदर्शनको तयारी गरिरहेको छ । प्रदर्शनको स्वामित्व लिँदै एमालेले पनि कार्यक्रममा सहभागी हुन अपिल गरेको छ । संघका प्रवक्ता पौडेलले ५० हजार नागरिक उतार्ने गरी तयारी भइरहेको बताए ।

प्रदर्शनको प्रचारका लागि संघले बुधबार साँझ काठमाडौं उपत्यकाका ४० भन्दा बढी स्थानमा मसाल जुलुस तथा दिउँसो ५ हजार स्वयंसेवकलाई मार्च पास गराउने तयारी गरेको छ । प्रदर्शन क्षेत्र परिवर्तन भएपछि पूर्वी बागमतीको जुलुस भक्तपुर क्षेत्रबाट, पश्चिम बागमतीको बालाजु र कलंकी हुँदै ललितपुर क्षेत्रबाट कोटेश्वरमा जम्मा गराएर कम्तीमा ४ घण्टा प्रदर्शन गराउने संघको तयारी छ । प्रदर्शनकारीहरूलाई कम्तीमा २५ हजार रातो टोपी बाँड्ने गरी छपाइएको संघका प्रवक्ता पौडेलले बताए । दुर्गा प्रसाईंले अराजकता फैलाएर गणतन्त्रविरोधी गतिविधि गरिरहेकाले राजद्रोहको मुद्दा लगाउन युवा संघको माग छ ।

यसैबीच, प्रदर्शनीको तयारीका लागि संघले सोमबार काठमाडौंमा अन्तर जिल्ला विशेष प्रदेश कमिटीको भेला आयोजना गरेको छ । भेलामा संघका पूर्वअध्यक्ष महेश बस्नेतले कम्तीमा एक जिल्लाबाट १ सयजना युवा उपस्थित हुने गरी तयारी गर्न निर्देशन दिएका छन् । प्रदर्शनलगत्तै वित्तीय अराजकता नियन्त्रणका लागि संघले बैंक, सहकारी र लघुवित्तहरूले उठाउने ब्याज नियमनको मुद्दालाई प्राथमिकतासाथ उठाउने गरी तयारी गरेको छ । 'बैंक तथा वित्तीय संस्थाको अनियन्त्रित ब्याजका कारण लगानीको वातावरण बनेन, युवा र व्यवसायीहरू झन्झन् प्रताडित बन्दै गएको अवस्था सत्य हो । त्यसैले यस्तो अराजकता नियन्त्रणलाई प्राथमिकताका साथ मुद्दा बनाएर अगाडि बढ्छौं,' संघका प्रवक्ता पौडेलले भने ।

दाजुभाइ मृत फेला

दाङ / दाङमा एकै घरका दाजुभाइ मृत फेला परेका छन् । इलाका प्रहरी कार्यालय तुलसीपुरका अनुसार तुलसीपुर उपमहानगरपालिका- १६ डोक्रेनाका ३४ वर्षीय पूर्णबहादुर बस्नेत र ३० वर्षीय टेकबहादुर बस्नेत मृत फेला परेका हुन् । तुलसीपुर उपमहानगरपालिका- ६ गाइडहरमा कोठाभाडामा बस्दै आएका उनीहरू बस्ने घरमा घरबेटी बस्दैनथे ।

पूर्ण परिवारका साइँला र टेकबहादुर कान्छा सन्तान रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक ठाकुरप्रसाद पोखरेलले बताए । टेकबहादुरकी श्रीमती रुकुम पश्चिमस्थित माइती गएकाले उनी फर्केपछि मात्रै शव निकाल्ने प्रहरीको भनाइ छ । मंगलबार शव निकालेर पोस्टमार्टम गरेपछि घटनाबारे विस्तृत विवरण आउने प्रहरी नायब उपरीक्षक पोखरेलले बताए ।

बलात्कार आरोपमा खवास पक्राउ

बर्दिया / नाबालिकामाथि बलात्कार गरेको आरोपमा एक युवा पक्राउ गरेका छन् । १५ वर्षीया बालिका बलात्कार गरेको आरोपमा गेरुवा गाउँपालिका- ६ बस्ने ४० वर्षीय प्रकाश खवास पक्राउ परेका हुन् । गत २८ कात्तिकमा आफ्नै गोठमा लगेर जबर्जस्ती करणी गरेको उजुरीपछि प्रहरीले खवासलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बर्दियाका डिएसपी तुल्सीराम अर्यालले जानकारी दिए । पीडित बालिकाको घरपरिवारले घटना थाहा पाएपछि प्रहरीलाई जानकारी गराएका थिए । आरोपी खवासलाई प्रक्राउ गरी जबर्जस्ती करणी मुद्दामा म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको डिएसपी अर्यालले बताए ।

आरक्षपीडितको पुनर्स्थापना आयोगबाटै हुन्छ : परराष्ट्रमन्त्री



कञ्चनपुर / परराष्ट्रमन्त्री एनपी साउदले कञ्चनपुरका आरक्षपीडितका समस्या अब आयोगबाटै हुने बताएका छन् । सोमबार कृष्णपुरमा आरक्षपीडितसँगको छलफलमा उनले पीडितको समस्या आयोगबाटै समाधान गरिने बताएका हुन् । 'अहिलेसम्म धेरै आयोग बने, तर अब बन्ने आयोग शक्तिशाली बनाउन सरकार लागिपरेको छ । अब पीडितको पुनर्स्थापना आयोगबाटै हुन्छ,' उनले भने ।

सरकारले अब पीडितलाई नपर्खाउने बताउँदै मन्त्री साउदले यसपटक न्यायिक आयोग बन्ने बताए । 'आरक्षपीडितको समस्या अन्तिमका लागि समाधानका लागि सरकारले अधिकारसम्पन्न आयोग बनाएर पठाउँछ,' उनले भने, 'विगतको भन्दा यो आयोगले पीडितको माग सम्बोधन गर्छ ।' विगतका आयोगले गरेका कामलाई समेत आधार बनाएर वास्तविक पीडितलाई पुनर्स्थापना गरिने उनको भनाइ छ । मन्त्री साउदले पीडितको पुनर्स्थापनाका लागि आफूले सबै क्षेत्रमा पहल गर्ने आश्वासन पनि दिए ।

आरक्षपीडित संघर्ष समितिका सचिव प्रेमदत्त भट्टले पीडितको पुनर्स्थापनाका लागि सरकारले विलम्ब गर्न नहुने बताए । आरक्षपीडितका अगुवासमेत रहेका भट्टले पीडितको समस्यालाई आफ्नै समस्या सम्झिएर समाधान गर्न परराष्ट्रमन्त्री साउदको ध्यानाकर्षण गराए । ०५८ मा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा विस्थापितहरूको अझै पुनर्स्थापना हुन सकेको छैन । उनीहरू विभिन्न स्थानमा झुपडी बनाएर बस्न बाध्य छन् ।

चितवन राष्ट्रिय निकुञ्जमा पाटेबाघ मृत फेला



चितवन / भरतपुर महानगरपालिका- २७ मेघौलीस्थित राप्ती खोला किनारमा मृत बाघ फेला परेको छ । सोमबार हरियाली राप्ती मध्यवर्ती सामुदायिक वनक्षेत्रको किनारमा शरीरका विभिन्न ठाउँमा घाउहरू लागेको पोथी मृत बाघ फेला परेको हो । बाघ अन्दाजी सात वर्षको रहेको चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी गणेशप्रसाद तिवारीले बताए । शरीरका विभिन्न ठाउँमा घाउ रहेकाले बाघ एक-आपसमा जुधेर मरेको हुन सक्ने तिवारीको अनुमान छ । पाटेबाघ दुर्लभ वन्यजन्तु हो । पछिल्लो तथ्यांकअनुसार देशभरका वनक्षेत्रमा ३५५ बाघ छन् । चितवन निकुञ्ज र यस आसपासका वन क्षेत्रमा सबैभन्दा धेरै १२८ बाघ छन् ।

गत बिहीबार चितवन राष्ट्रिय निकुञ्जभित्र खाल्डो खनेर धरापमा पारी तस्करहरूले मारेको दुईवटा गैँडा भेटिएपछि निकुञ्जको सुरक्षा प्रशासनमाथि प्रश्न उठेको छ । तस्करले गैँडा मारेको अनुमान गरिए पनि प्रहरीले अहिलेसम्म केही पत्ता लगाउन सकेको छैन ।

किसानका दु:खमा सहयोगी बन्दै रुरु क्षेत्र गाउँपालिका

गुल्मीमा **टोपलाल अर्याल**

रुरु क्षेत्र गाउँपालिकाले टीकासँगै दोसल्ला ओढाएर सम्मान पत्र दिएपछि कुलचन्द्र ज्ञवालीले विगतको तीतो यथार्थ सम्झिए- रोगले फर्म नष्ट भएर बिउ र विषादीको खर्च माग्न गाउँपालिका पुग्दा आलोचना खेपेर घर फर्किनुपरेको थियो । तर, यसपटक तिनै ज्ञवालीलाई पालिकाले उनले कृषि क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मान गऱ्यो ।

'कम्तीमा स्थानीय सरकारको नेतृत्व गर्नेहरूले किसान सम्झिन थाले,' उनले भने, 'आज मूल्यका चोटका बीच कर्मले सम्मान पाएको छ ।' रुरु क्षेत्र गाउँपालिका- ४ का ज्ञवालीले ५२ रोपनी जग्गामा पाँच वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । उनको परिवारका सबै सदस्य कृषि कर्ममा छन् । उनले गत वर्ष ६३ लाखको तरकारी बेचे ।

सोही कार्यक्रममा रुरु क्षेत्र- २ का चिरञ्जीवी अर्याललाई पनि गाउँपालिकाले सम्मान गऱ्यो । १९ सय कुखुरा पालेका उनको फर्ममा दैनिक १७ सय अन्डा उत्पादन हुन्छ । नाफाको ग्यारेन्टी, बिमामा किसानको पहुँच अभिवृद्धि तथा बजार र मूल्यको समस्या अर्याललले सुनाए । उनले पालिकाले सानाठूलाको स्तर छुट्याएर अनुदान वितरण गर्नुपर्ने र दाना तथा घाँसमा अनुदान पाए किसानलाई राहत हुने प्रतिक्रिया दिए ।

वार्षिक १६ हजार लिटरभन्दा बढी दूध बिक्री गर्ने रुरु क्षेत्र गाउँपालिका- ५ का बाबुराम श्रेष्ठ, ५० भन्दा बढी बाख्रापालन गरेर वार्षिक साढे चार लाखभन्दा बढीको बिक्री गर्ने रुरु क्षेत्र गाउँपालिका- १ का राजेन्द्र थापालाई पनि उत्पादनमा आधारित उत्कृष्ट कृषकलाई सम्मान



गरिएको पशु शाखा प्रमुख अमित ज्ञवालीले जानकारी दिए ।

त्यस्तै, एक सय ४५ बोट सुन्तलाबाट वार्षिक ५० क्विन्टल सुन्तला बिक्री गर्ने रुरु क्षेत्र- ४ का युवराज ज्ञवाली, व्यावसायिक मौरीपालन गर्ने रुरु क्षेत्र- ६ का टेकबहादुर पचभैयाँ र १८ रोपनीमा १३ वटा पोखरी निर्माण गरेर व्यावसायिक माछापालन गर्ने रुरु क्षेत्र- ५ का कृष्णप्रसाद ज्ञवालीलाई पनि गाउँपालिकाले सम्मान गरेको छ । ज्ञवालीले वार्षिक चार लाखभन्दा बढीको माछा बिक्री-वितरण गर्ने गरेका छन् ।

बच्चा र माउ गरेर २७ वटा बंगुरपालन गरेका रुरु क्षेत्र- २ सिर्जना प्रजा साकी, खुदो र गुणको व्यापारमा अब्बल रुरु क्षेत्र- ३ का चोलानाथ ज्ञवालीलाई पालिकाले सम्मान गरेको छ । ज्ञवालीले वार्षिक १० देखि १५ लाखको कारोबार गर्ने गाउँपालिकाका पशु स्वास्थ्य शाखा प्रमुख ज्ञवालीले बताए । त्यस्तै, ४५ वटा बोटमार्फत वार्षिक दुई लाखको लिची व्यापार गर्दै आएका रुरु क्षेत्र- १ का टेकबहादुर कामीलाई पनि गाउँपालिकाले सम्मान गरेको छ ।

किसानहरूलाई कृषि पेसामा ऊर्जा प्रदान गर्न कृषक सम्मानलाई नियमित गरिने

किसानलाई प्रोत्साहन गर्नु पालिकाको कर्तव्य हो

● **यदु ज्ञवाली,** प्रमुख, रुरु क्षेत्र गाउँपालिका



आयातित कृषि उपजको सेवनले अहिले अधिकांश घरमा गम्भीर रोगका बिरामी बढिरहेका छन् । यस्तो वेला व्यावसायिक कृषि कर्म गर्दै आएका किसानहरूलाई प्रोत्साहन गर्नु पालिकाको कर्तव्य हो । माटोमा रमाउनेहरूको सम्मानले सबैलाई ऊर्जा प्राप्त भएको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेलले बताए । पौडेलका अनुसार व्यावसायिक कृषि गर्नेहरूका लागि कृषि कर्जामा अनुदान दिने, जग्गा भाडामा लिएर व्यावसायिक कृषि कर्म गर्नेहरूका लागि जग्गा भाडामा अनुदानलगायत, दूधमा उत्पादनमा आधारित अनुदान प्रदान गर्ने गरिएको छ ।

रुरु क्षेत्र गाउँपालिकाका प्रमुख यदु ज्ञवालीले माटोमा रमाउनेहरूको सम्मानले सबैलाई ऊर्जा प्राप्त भएको बताए । गाउँपालिकाले आयातीत कृषि उपजको सेवनका कारण अहिले अधिकांश घरमा गम्भीर रोगका बिरामी बढिरहेको अवस्थामा व्यावसायिक कृषि कर्ममार्फत समृद्धि प्राप्त गरिरहेका किसानहरूलाई प्रोत्साहन गरेको ज्ञवालीले बताए । उनले बेरोजगारीको नाममा गाउँका उर्वर खेतबारी बाँझो बनाएर परदेश पस्ने युवाहरूको अवस्थालाई केही हदसम्म रोक्न कृषि र पशुपालनका योजनाहरू नीति तथा कार्यक्रममा समेटेको बताए ।


छुट्टाछुट्टै सवारी दुर्घटनामा ६ को मृत्यु

नयाँ पत्रिका

विभिन्न जिल्लामा भएका सवारी दुर्घटनामा परी सोमबार ६ जनाले ज्यान गुमाएका छन् । सर्लाही, रुकुम पश्चिम र रुपन्देहीमा भएका छुट्टाछुट्टै दुर्घटनामा परी उनीहरूको मृत्यु भएको हो ।

सर्लाहीको हरिवनमा विंगरको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । अर्का एकजना गम्भीर घाइते भएका छन् । सोमबार बिहान हरिवन नगरपालिका- ९, नोचामा विंगरको ठक्करबाट ५२ वर्षीया लक्ष्मी पोखरेलको ज्यान गएको हो । प्रदेश ३-००१ ज ०३४२ नम्बरको विंगरको ठक्करबाट अचेत बनेकी पोखरेललाई उपचारका लागि स्वाभिमान अस्पताल हरिवन पुऱ्याएपछि चिकित्सकले मृत घोषणा गरेका थिए ।

पोखरेलनजिकै रहेको छठ घाटबाट बिहान घर जानलाग्दा दुर्घटनामा परेको परिवारजनले जनाएका छन् । सोही घटनामा परेर ट्राफिक प्रहरी हवल्दार सुबोधकुमार यादव गम्भीर घाइते भएका छन् । महिलालाई ठक्कर दिएको विंगरलाई रोक्न खोज्दा यादवलाई समेत ठक्कर दिएको हो । अनियन्त्रित रहेको विंगरले पार्किङ गरिराखेको प्रदेश २०३८ प ०३११ नम्बरको मोटरसाइकललाई समेत ठक्कर दिएको थियो । घाइते प्रहरी हवल्दार यादवको बायाँ खुट्टामा चोट लागेको र स्थानीय अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । विंगर र त्यसका चालकलाई नियन्त्रणमा



लिएर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रमुख प्रहरी निरीक्षक अनिलराज गिरीले बताए ।

यस्तै, सवारी दुर्घटनामा परी रूपन्देहीमा दुईजनाको ज्यान गएको छ । सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल- भैरहवा सडकखण्डकको तिलोत्तमामा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुईजनाको ज्यान गएको हो । राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी निरीक्षक शोभा पाण्डेले बुटवलबाट भैरहवातर्फ जाँदै गरेको लु.४९प २२३० नम्बरको मोटरसाइकललाई ना.६ख ८१६१ नम्बरको ट्रकले ठक्कर दिँदा दुईजनाको मृत्यु भएको जानकारी दिइन् । दुर्घटनामा तिलोत्तमा- १ का ५० वर्षीय माधवलाल देवकोटा र तिलोत्तमा जानकी नगर बस्ने ४० वर्षकी यादा क्षेत्रीको मृत्यु भएको प्रहरीले जनाएको छ । देवकोटा विभिन्न सामाजिक संघसंस्था र सहकारी अभियन्ता हुन् ।

यसैगरी, रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ गोइरीजिउलामा जीप दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ । १९ जना घाइते भएका छन् । चौरजहारी-१३ रातामाटाबाट मुसिकोट खलंगातर्फ आइरहेको लु१ज २२ ९७ नम्बरको जिप दुर्घटनामा परेको थियो । दुर्घटनामा परी चौरजहारी नगरपालिका-१३ का ४५ वर्षीय मस्तबहादुर ओली र सानीभेरी गाउँपालिका-२ का सपना बुढाको १७ महिनाको छोरा प्रतीक बुढाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक विष्णुप्रसाद श्रेष्ठले जानकारी दिए । मस्तबहादुरको चौरजहारी अस्पतालमा उपचारका क्रममा र प्रतीकको उपचारका लागि सुर्खेत लैजाँदै गर्दा बाटोमा मृत्यु भएको उनले बताए ।

दुर्घटनामा घाइते भएका चौरजहारी- १३ नाक्लाका भीमबहादुर बिक, सहारा परियार, रणबहादुर ओली, प्रेम परियार, कविता परियार र प्रविर पुनको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ । यस्तै, चौरजहारी-१३ की ढिला विष्ट, सानीभेरी गाउँपालिका-२ की सीता पुन, सीता विष्ट र आठ वर्षीया दिपशिखा पुनको प्रादेशिक अस्पताल सुर्खेतमा उपचार भइरहेको छ । अन्य नौजनाको चौरजहारी अस्पतालमा उपचार भइरहेको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए ।

यसैगरी, दुईवटा मोटरसाइकल आपसमा ठोक्किँदा दाङमा एकजनाको मृत्यु भएको छ । तुलसीपुरबाट घोराहीतर्फ जाँदै गरेको रा.४प८४६४ नम्बरको मोटरसाइकल र घोराहीदेखि तुलसीपुरतर्फ आउँदै गरेको रा.७प६५५४ नम्बरको मोटरसाइकल आइतबार बेलुका ग्वारखोलानजिकै आपसमा ठोक्किँदा दुर्घटना भएको हो । इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक नवचन्द्र मल्लका अनुसार मृत्यु हुनेमा मोटरसाइकलचालक २८ वर्षीय अमृत केसी छन् ।

मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड
Mirmire Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, बनेपाबजार, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२३११/१२, E-mail : info@mirmirebank.com.np, Website : www.mirmirebank.com.np

Unaudited Interim Financial Statement

Condensed Statement of Financial Position As on Quarter Ended 30th Ashwin 2080

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalents	301,165,480	606,543,126
Statutory Balance and due from Nepal Rastra Bank	53,633,521	204,124
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	7,962,766,845	8,037,048,341
Investment securities	137,061,313	47,168,394
Current tax assets	27,041,962	17,731,164
Investment property	-	-
Property and Equipment	89,936,382	91,283,668
Goodwill and Intangible assets	800,270	986,314
Deferred Tax Assets	29,144,461	12,015,738
Other assets	20,831,094	14,339,916
Total Assets	**8,622,381,328**	**8,827,320,785**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	2,579,889,162	2,614,710,075
Borrowings	4,716,516,120	4,905,973,422
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	347,555,835	288,250,057
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**7,643,961,117**	**7,808,933,554**
Equity		
Share Capital	653,382,628	653,382,628
Share Premium	-	-
Retained Earnings	(24,719,364)	44,748,601
Reserves	349,756,948	320,256,002
Total Equity	**978,420,212**	**1,018,387,231**
Total Liablities and Equity	**8,622,381,328**	**8,827,320,785**

Condensed Statement of Profit or Loss For the quarter ended 30th Ashwin 2080

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	244,703,832	244,703,832	332,603,098	332,603,098
Interest expense	207,588,634	207,588,634	206,441,452	206,441,452
Net interest income	**37,115,198**	**37,115,198**	**126,161,646**	**126,161,646**
Fees and commission income	16,486,463	16,486,463	23,909,863	23,909,863
Fees and commission expense	18,335	18,335	22,401	22,401
Net fee and commission income	**16,468,128**	**16,468,128**	**23,887,462**	**23,887,462**
Net interest, fee and commission income	**53,583,327**	**53,583,327**	**150,049,108**	**150,049,108**
Net trading income	-	-	-	-
Other operating income	4,572,318	4,572,318	127,022	127,022
Total operating income	**58,155,645**	**58,155,645**	**150,176,130**	**150,176,130**
Impairment charge/(reversal) for loans and other losses	23,201,697	23,201,697	2,705,996	2,705,996
Net operating income	**34,953,948**	**34,953,948**	**147,470,134**	**147,470,134**
Operating expense				
Personnel expenses	73,512,067	73,512,067	81,835,211	81,835,211
Other Operating expenses	16,655,593	16,655,593	22,406,107	22,406,107
Depreciation and Amortization	1,882,029	1,882,029	2,850,764	2,850,764
Operating Profit	**(57,095,742)**	**(57,095,742)**	**40,378,052**	**40,378,052**
Non-operating Income	-	-	-	-
Non-operating expense	-	-	-	-
Profit before income tax	**(57,095,742)**	**(57,095,742)**	**40,378,052**	**40,378,052**
Income tax expense	17,128,722	17,128,722	(12,113,416)	(12,113,416)
Current tax				
Deferred Tax	17,128,722.47	17,128,722.47	(12,113,415.60)	(12,113,415.60)
Profit for the period	**(39,967,019)**	**(39,967,019)**	**28,264,636**	**28,264,636**

Condensed Statement of Comprehensive Income

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit or loss for the Period	**(39,967,019)**	**(39,967,019)**	**28,264,636**	**28,264,636**
Other Comprehensive Income			(746,474)	(746,474)
Total Comprehensive Income for the period	**-**	**-**	**27,518,162**	**27,518,162**
Total Profit for the Period	**(39,967,019)**	**(39,967,019)**	**28,264,636**	**28,264,636**
Earnings per share				
Basic earnings per share		**(6.12)**		**4.33**
Annualized Basic Earnings Per Share		(24.47)		17.30
Diluted earnings per share		(24.47)		17.30

Interest Rate

1. Deposits : 7.50% to 10% 2. Loan & Advance : 14% to 15%

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA	-	9.65%	-	9.61%
Non-Performing Loan (NPL) to total Loan	-	6.67%	-	3.47%
Total loan loss provision to Total NPL	-	39.95%	-	52.18%
Cost of funds	-	10.87%	-	11.08%
Credit to Deposits and Borrowing Ratio	-	308.65%	-	307.38%
Base rate	-	18.07%	-	15.18%
Interest Rate Spread	-	4.12%	-	3.71%

Details about the Distributable Profit

Amount in NPR

Net profit For the end of 30th Ashwin 2080	**(39,967,019)**
1. Appropriation	
1.1 Profit required to be appropriated to:	**-**
a. General Reserve	-
b. Capital Redemption Reserve	-
c. Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility Fund	-
e. Employee Training Fund	-
f. Client Protection Fund	-
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve	**29,500,946**
a. Transferred to Regulatory Reserve	29,500,946
b. Transferred from Regulatory Reserve	-
Profit for the end of 30th Ashwin 2080 Available for Distribution	**(69,467,965)**

Notes :

1. Figures presented above may vary with the audited figures if instructed by regulators/statutory auditor.
2. The microfinance has applied alternative treatment in the crave out issued by the Institute of Chartered Accountants of Nepal with respect to the Impairment of Loans and Advances.
3. Loans and Advances are presented net of impairment charges
4. Actuarial Valuation has been done on annual basis for Employee Benefits.
5. Figures are regrouped/rearranged/restated wherever necessary for consistent and fair presentation and comparison.
6. The interim financial statements has been uploaded in the website www.mirmirebank.com.np

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	तरलता अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य
(२४.४७)	(२४.६३)	१३.७५	१४९.७५	१,३१९.६५

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :** यस त्रैमासमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । तरलतामा सहज भएपनि कर्जा लगानी वृद्धि सन्तोषजनक रुपमा नभएको तथा कर्जा असुली समेत प्रभावित भएका कारण सोको प्रत्यक्ष असर आम्दानीमा परेको भएता पनि विद्यमान जोखिमहरुलाई न्युनीकरण र व्यवस्थापन गरी लक्षित व्यवसायिक उपलब्धि हासिलका लागि प्रभावकारी प्रयास भईरहेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** कर्जा जोखिम लगायत जोखिमहरुलाई व्यवस्थापन गरी वित्तीय संस्थाको व्यवसायिक कार्यसञ्चालनलाई थप प्रभावकारी बनाउने, कर्जा लगानी वृद्धि गर्ने, वित्तीय स्रोत संकलन र परिचालनमा जोड दिने, न्युन लागतमा आवश्यक कोष व्यवस्थापन गर्ने, संस्थागत मूल्य मान्यतामा वृद्धि गर्न आवश्यक कार्यहरु गर्ने, व्यवस्थित, मर्यादित र विश्वासिलो वातारण बनाई सवल, सक्षम र दीगो रुपमा लक्षित वर्गलाई वित्तीय सेवा प्रदान गरी लक्षित व्यवसायिक उपलब्धि हासिल गर्ने आगामी अवधिको व्यवसायिक योजना रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्न सक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्न नदिन विगतको अनुभव र संस्थागत सुशासनलाई मार्गदर्शनको रुपमा लिई संस्थागत उद्देश्य र व्यवसायिक योजना मुताबिक दीगो रुपमा लघुवित्तीय कार्यक्रम सञ्चालन गरिनेछ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

क) आ.व. २०८०/०८१ को प्रथम त्रैमास सम्ममा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै पनि मुद्धा दायर भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क) यस संस्थाको शेयर कारावारको अवस्था दोस्रो बजारमा सकारात्मक रहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट: www.nepalstock.com.np अनुसार मिति २०८०/०४/०१ देखि २०८०/०६/३० सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न बमोजिम रहेको छ ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार रकम	कारोबार कित्ता
७५८	५७८.३०	६०२.७०	६१	१,३९३	५,३५,५४,८०९.१०	८२,३५१

५. **समस्या तथा चुनौती :**

कर्जा जोखिम वृद्धिका कारण सोको प्रत्यक्ष प्रभाव मुनाफामा देखिएकाले व्यवसायिक प्रगति प्रभावित हुनसक्ने समस्या भएता पनि समस्या र चुनौतीहरुबाट संस्थाको कारोवारमा असर पर्न नदिन आवश्यक कार्यहरु गरिनेछ।

६. **संस्थागत सुशासन :**

संस्थागत विकास र व्यवसायिक उपलब्धि हासिलका लागि संस्थागत सुशासनलाई आधारस्तम्भको रुपमा मनन् गरी वित्तीय संस्थाको आर्थिक तथा प्रशासनिक काम कारवाहीहरु एवम् सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गर्ने व्यवस्था गरिएको छ। संस्थामा सम्पादन हुने कार्यहरु नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानून बमोजिम सम्पादन गरिएको छ। समय-समयमा तयार गरिएका विभिन्न नीति निर्देशिका तथा कार्यविधिहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

लागुऔषधसहित तीन पक्राउ

कास्की/ प्रहरीले लागुऔषधसहित पोखराबाट तीनजनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कास्की र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले तीनजनालाई पक्राउ गरेको हो । पक्राउ परेकाहरूको साथबाट ८१२ चक्की लागुऔषध नाइट्रोभ्याट बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीले सुरुमा उदयपुर जिल्लाको उदयपुर सगरमाथा नगरपालिका-५ स्थायी घर भई पोखरा- ५ मासबार बस्ने वर्ष २३ का जीवन विकलाई पक्राउ गरेको थियो ।

पोखरा- ८ आलुमाइला चोकस्थित सडकमा शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्ने क्रममा उनको साथबाट नाइट्रोभ्याट पाँच चक्की बरामद भएको प्रहरीले जनाएको छ । पक्राउ परेका विकसँग सोधपुछपछि प्रहरीले अर्घाखाँची स्थायी घर भई हाल पोखरा- ८ शीतलमार्ग बस्ने वर्ष २५ का प्रवीण पौडेललाई ५०७ चक्की नाइट्रोभ्याट र पोखरा- ९ संगममार्ग बस्ने वर्ष २३ का कुशलविक्रम खाँण ठकुरीलाई ३०० चक्की नाइट्रोभ्याटसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए । पक्राउ परेका उनीहरूलाई कास्की जिल्ला अदालतबाट लागुऔषधसम्बन्धी मुद्दामा १० दिन म्याद थप गरी प्रहरीले थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ ।

भैलोको रकमले विद्यालयलाई सांस्कृतिक सामग्री

दाङ/ तुलसीपुरस्थित एक विद्यालयका शिक्षक र विद्यार्थीले देउसी-भैलो खेलेर संकलन गरेको रकमले सांस्कृतिक सामग्री खरिद गरिएको छ । तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ८ स्थित मावि अस्वाराका शिक्षक र विद्यार्थीले भैलो रकमबाट शुक्रबारे कार्यक्रमका लागि आवश्यक पर्ने सामग्री खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेका हुन् । भैलोबाट संकलन भएको दुई लाख रुपैयाँले सामग्री खरिद गरिएको शिक्षक दीपक वलीले जानकारी दिए । विद्यालयमा अध्ययनरत ४० विद्यार्थी तथा सम्पूर्ण शिक्षक सहभागी भई भैलो खेलिएको थियो । संकलन भएको रकमलाई भोजभतेर गरेर खर्च गर्नुभन्दा आवश्यक सामग्रीले दिगो रूपमा काम दिने भन्दै ती सामग्री खरिद गरिएको शिक्षक वलीले बताए । 'विद्यालयमा सांस्कृतिक सामग्रीको अभाव थियो,' उनले भने, 'भोजभतेर गरेको भए त्यो रकम सकिन्थ्यो, हामीले पछिसम्म काम लाग्ने भएकाले सांस्कृतिक सामग्री खरिद गरेका हौं ।'

गुल्मी कांग्रेसको जिल्ला सम्मेलन हुँदै

गुल्मी/ कांग्रेस गुल्मीले ९ र १० मंसिरमा दोस्रो जिल्ला सम्मेलन गर्ने भएको छ । सम्मेलनलाई सम्बोधन गर्न कांग्रेसका शीर्ष नेता गुल्मी आउने जनाइएको छ । पार्टी केन्द्रीय सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, महामन्त्रीद्वय गगन थापा, विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्यहरू डा. शेखर कोइराला, डा. चन्द्र भण्डारीलगायतका नेता आउने गुल्मी कांग्रेसले जनाएको छ । सम्मेलनका दौरान १० हजार कार्यकर्ता तम्घासमा उतार्न पालिकागत कार्ययोजना निर्माण गरिएको कांग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले जानकारी दिए । सम्मेलन प्रतिनिधिहरूकै बीचमा आयोजना गर्न सकिने भए पनि कार्यकर्ताहरूमा उत्साह थप्न बृहत् सभाको आयोजना गरिएको सभापति पन्थीको भनाइ छ । गुल्मी कांग्रेसका सचिव भगतसिंह खड्काले समग्र कांग्रेस कार्यकर्ताका लागि ९ मंसिरको जिल्ला सम्मेलन ऐतिहासिक हुने बताए । सम्मेलनको बन्दसत्रमा जिल्लाभरका एक हजार ७४६ क्षेत्रीय प्रतिनिधिले भाग लिन पाउनेछन् ।

सामुदायिक पुस्तकालय स्थापना

मुगु/ खत्याड गाउँपालिकास्थित लोकप्रिय माध्यमिक विद्यालयमा मष्टा सामुदायिक पुस्तकालय स्थापना भएको छ । मधुवन प्रकाशन, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, सावलाबुङ पुस्तकालय अभियानलगायत विभिन्न संघसंस्था र दाताको सहयोगमा पुस्तकालय स्थापना गरिएको हो । पुस्तकालयको सांसद ऐनबहादुर शाहीले शुभारम्भ गरे । पुस्तकालय स्थापनार्थ मुगुस्थित मष्टा समाजसेवी युवा क्लबले विशेष अभियान सञ्चालन गरेको थियो ।

सो पुस्तकालयमा विभिन्न विधाका लगभग दुई हजार ४०० पुस्तक संकलन भइसकेको जनाइएको छ । विसं २०१६ मा स्थापित सो विद्यालयमा हाल करिब नौ सय विद्यार्थी अध्ययनरत छन् । तर, विद्यालयमा पुस्तकालय नहुँदा विद्यार्थीहरूमा पढ्ने संस्कृतिको विकास हुन सकेको थिएन । कार्यक्रममा गाउँपालिकाका कार्यवाहक अध्यक्ष भरतबहादुर शाही, जिल्ला समन्वय समितिका सदस्यद्वय कर्णप्रसाद माठागाई र ध्रुव विश्वकर्मा तथा खत्याड- ७ का वडाध्यक्ष गोविन्दप्रसाद सन्ज्याल, विद्यालयका प्रधानाध्यापक टंकप्रसाद सन्ज्याल, क्लबका अध्यक्ष नरबहादुर रावत तथा अभियानका संयोजक टेकेन्द्र उपाध्यायले पुस्तकालयलाई सहयोग गर्न सबैसित आग्रह गरे । रासस

कोरिया सरकारद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण

काठमाडौं/ गणतन्त्र कोरिया सरकारले नेपालको स्वास्थ्य क्षेत्रको क्षमता अभिवृद्धि गर्न करिब साढे पाँच करोड रुपैयाँबराबरको पूर्ण स्वचालित बायोकेमिस्ट्री स्वास्थ्य जाँच सामग्री उपलब्ध गराएको छ । स्वास्थ्य क्षेत्रमा बहुउपयोगी साबित हुने अनुदानमार्फत हस्तान्तरण भएको स्वास्थ्य सामग्रीले नेपालको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्ने बताइएको छ ।

ती सामग्री सोमबार नेपालका लागि गणतन्त्र कोरियाका राजदूत पार्क थेयङले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलमार्फत नेपाल सरकारलाई हस्तान्तरण गरे । स्वास्थ्य सामग्रीको मूल्य पाँच करोड ३५ लाख ३२ हजार पाँच सय रुपैयाँबराबरको रहेको छ । विशेष गरी नेपालभरका प्रदेश तथा जिल्ला तहमा उन्नत चिकित्सा उपकरणहरूको आवश्यकतालाई उक्त बहुउपयोगी स्वास्थ्य सामग्रीले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा लिइएको दूतावासले जनाएको छ ।

दूतावासद्वारा सोमबार जारी विज्ञप्तिमा पूर्ण स्वचालित बायोकेमिस्ट्री स्वास्थ्य जाँच उपकरणले प्राथमिक स्वास्थ्य परीक्षण, कलेजो, मिर्गौला, र प्यान्क्रियाजसहित महत्त्वपूर्ण अंगहरूको स्वास्थ्य अवस्था परीक्षणमा उपयोगी हुने विश्वास रहेको छ । कार्यक्रममा सचिव पोखरेलले यस किसिमको सहयोगले नेपालको स्वास्थ्य क्षेत्रको आधारभूत रोग परीक्षण तथा स्वास्थ्य अधिकारीहरूलाई सुदृढ बनाउन सकारात्मक प्रभाव पार्ने कुरामा जोड दिँदै नेपालको स्वास्थ्य क्षेत्रको क्षमता विस्तारमा टेवा पुग्ने अपेक्षा व्यक्त गरे । कोरिया सरकारले नेपाललाई १५ वर्षदेखि लगातार विकास साझेदारी प्राथमिक राष्ट्रको सूचीमा समावेश गरेर विभिन्न विकास साझेदारी कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ ।

रविनको सम्झनामा सांगीतिक प्रस्तुति

दिवंगत कलाकार, संगीतकार तथा गायक रविन तामाङको सम्झनामा उनको ब्यान्ड 'रविन एन्ड द न्यु रिभोल्युसन'ले शुक्रबार काठमाडौंको दरबारमार्गस्थित क्लब प्लाटिनममा सांगीतिक प्रस्तुति दिने भएको छ। पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क (पिभिई)को प्रस्तुतिमा हुन लागेको कार्यक्रममा सांगीतिक ब्यान्ड एक्सिसले पनि आफ्नो प्रस्तुति दिनेछ।



कर्साङमा शिल्पा

फिल्म 'कर्साङ'मा अभिनेत्री शिल्पा मास्के अनुबन्धित भएकी छिन्। यम शेर्पाको निर्देशनमा बन्न लागेको फिल्ममा यसअघि मुख्य कलाकारका रूपमा दयाहाङ राई, बुद्धि तामाङ फाइनल भइसकेका छन्। यस्तै, फिल्ममा नायिकाको रूपमा सुरक्षा पन्त र नवकलाकार छिरिङ शेर्पा फाइनल भइसकेका छन्। शेर्पाको यो डेब्यु निर्देशकीय फिल्म हो।



प्राकृतिक चिकित्साबाट ग्यास्ट्राइटिसको उपचार

डाक्टरको सल्लाह



डा. डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ

पेटका रोगहरूमध्ये एकदमै सामान्य रोग हो, ग्यास्ट्राइटिस। ग्यास्ट्राइटिस अथवा सामान्य भाषामा ग्यास्ट्रिक एक प्रकारको ग्यास्ट्रोइटेस्टाइनल अवस्था हो, जसले विश्वभरका लाखौँ मानिसलाई असर गरिरहेको छ। यो गम्भीर वा प्राणघातक रोग होइन, तर उपचार नगरी छोडियो भने यसले गम्भीर प्रकृतिको असुविधा र जटिलता निम्त्याउन सक्छ।



ग्यास्ट्राइटिसको लक्षण

ग्यास्ट्राइटिसका लक्षणहरू व्यक्तिपिच्छे फरक हुन सक्छन्। पेटको माथिल्लो भागमा जलन हुनु वा घाँटी दुख्नु ग्यास्ट्राइटिसको सामान्य लक्षण हो। ग्यास्ट्राइटिस भएको वेलामा वाकवाकी हुन्छ र केही व्यक्तिलाई बान्तासमेत हुन सक्छ। ग्यास्ट्राइटिसले अपच गराउन सक्छ, पेट फुल्ने वा डम्म हुनेजस्ता लक्षण देखा पर्न सक्छ।

ग्यास्ट्राइटिस भएका धेरै मानिसले भोक कम महसुस गर्छन्। ग्यास्ट्राइटिस बिग्रेको गम्भीर अवस्थामा कालो खालको दिसा हुन सक्छ, जसले पेटमा रगत बगेको संकेतसमेत दिन्छ। कसैकसैमा रगत नै बान्ता हुने अवस्थासमेत आउन सक्छ, यस्तो अवस्थामा तुरुन्त नजिकैको चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।

निदान र उपचार

- ग्यास्ट्राइटिसको भए-नभएको थाहा पाउन इन्डोस्कोपी वा बायोप्सी गर्न सकिन्छ। हेलिकोब्याक्टर पाइलोरी संक्रमणको कारणले हुने ग्यास्ट्राइटिसमा ब्याक्टेरिया उन्मूलन गर्ने तरिका अपनाइन्छ। यिनलाई प्रायः पेटको एसिडिटी घटाउने औषधिहरूसँगै लिन सकिन्छ।
- तनाव व्यवस्थापन गर्नुपर्छ। योग, ध्यान, वा गहिरो सास फेर्ने अभ्यास तथा व्यायामले तनाव कम गर्न सहयोग गर्छ।
- मदिराबाट टाढा रहनुपर्छ। मसलेदार र अम्लीय खानाहरू एकदमै कम मात्रामा सेवन गर्नुपर्छ।
- चरम अवस्थामा रहेको ग्यास्ट्राइटिसको उपचारमा औषधि नै सेवन गर्नुपर्ने हुन्छ। सो अवस्थामा पुग्नै नदिन आफ्नो आहार, व्यवहार र जीवनशैलीमा विशेष ध्यान दिनु नै बुद्धिमता हुन्छ। प्राकृतिक उपचारले ग्यास्ट्राइटिसका लक्षणहरू व्यवस्थापन गर्न र पेटको स्वास्थ्यलाई कायम राख्न मद्दत गर्छ।

यस्तो खानपान

- केही खानेकुराले ग्यास्ट्राइटिसका लक्षण बढाउन सक्छ। यस्ता सामान्य ट्रिगरहरूमा मसलेदार, अम्लीय र भुटेको खानाहरू पर्छन्। आफ्नो आहारमा यी वस्तुहरू सीमित गर्ने वा सेवन नै नगर्ने गर्नुपर्छ। ह्राम्रो आहारमा होल ग्रेन्स, फलफूल र तरकारीजस्ता उच्च फाइबरयुक्त खाना समावेश गर्नुपर्छ। फाइबरले पेटको दुखाइ वा जलन कम गर्न मद्दत गर्छ। दही, केफिर र फर्मेन्टेड सागसब्जीजस्ता प्रोबायोटिक्सयुक्त खानेकुरा सेवन गर्न सकिन्छ। प्रोबायोटिक्सले पेटको ब्याक्टेरियाको स्वस्थ सन्तुलन र पाचनमा मद्दत गर्छ। अदुवा र क्यामोमाइल चियाले समेत पेटलाई शान्त पार्न र दुखाइ कम गर्न मद्दत गर्दछ। अझ अहिले त बजारमा विभिन्न जडीबुटीजन्य चियाहरू पनि प्रशस्त मात्रामा पाइन्छ। यिनको सेवनले समेत ग्यास्ट्राइटिसबाट राहत पाउन सकिन्छ।
- प्रोसेसिङ नगरिएको महमा एन्टिब्याक्टेरियल र एन्टिइन्फ्लेमेटरी गुण हुन्छ। यसलाई मात्रा मिलाएर सेवन गर्दा पनि ग्यास्ट्राइटिसको लक्षण कम गर्न मद्दत गर्छ। धूम्रपान, मद्यपानजस्ता बानी त्याग्नाले समेत ग्यास्ट्राइटिसमा राहत दिलाउन सक्छ। एउटा निश्चित अन्तरालमा एनिमा थेरापी गर्नाले समेत ग्यास्ट्राइटिसबाट राहत पाउन सकिन्छ।
- पर्याप्त मात्रामा पानी पिउनु उचित पाचन कायम राख्न र निर्जलीकरण रोक्नका लागि महत्त्वपूर्ण छ। प्रतिदिन कम्तीमा तीन-चार लिटर पानी पिउने गर्नाले पाचन प्रणाली तथा सम्पूर्ण शरीरलाई नै फाइदा पुग्छ।
- एलोभेराको जुसले पेटको सुजनलाई शान्त पार्न र कम गर्न मद्दत गर्छ। यसका लागि एलोभेराको चार-पाँच क्याप्सुललाई एक गिलास पानी (२५० मिलि) मा घोलेर सेवन गर्न सकिन्छ। यसरी प्रयोग गर्नुअघि भने स्वास्थ्यकर्मी वा प्राकृतिक चिकित्सकसँग परामर्श लिनुपर्छ। बेसारमा पनि एन्टिइन्फ्लेमेटरी गुण हुन्छ। दैनिक बेसारयुक्त पेय पदार्थ सेवन गर्ने वा स्वास्थ्यकर्मीसँग परामर्शपछि कुर्कुमिन सप्लिमेन्ट सेवन गर्न सकिन्छ।

जाडोमा यस्ता ज्याकेट

फेसन



रोविन परियार
फेसन डिजाइनर, रोविन क्रियसन

जाडो बढ्न थालेसँगै ज्याकेटको बिक्री पनि बढ्दो छ। बजारमा विभिन्न ब्रान्डका ज्याकेट उपलब्ध छन्। न्यानोसँगै फेसनेबल देखिने ज्याकेट छान्नु राम्रो हुन्छ।

लेदर ज्याकेट : यो सदावहार ज्याकेट हो। महिला र पुरुष दुवैको रोजाइमा यो ज्याकेट पर्छ। यो ज्याकेट टी-सर्ट, कुर्तीमा पनि सुहाउँछ।

डेनिम ज्याकेट : पुरुष डेनिम ज्याकेट प्रयोग गर्न रुचाउँछन्। डेनिम ज्याकेटलाई अझ न्यानो बनाउन फरको प्रयोग गर्न पनि सकिन्छ।

हुडी : बजारमा विभिन्न डिजाइनका हुडी पाइन्छन्। यसले शरीरलाई न्यानो राख्छ। त्यस्तै, मफलर ज्याकेट पनि प्रयोग गर्न सकिन्छ। फरमा कलर राखेको ज्याकेट पनि बजारमा पाइन्छन्। जाडोमा लगाउन मिल्छ। टोपीमा फर भएको ज्याकेट चिसो ठाउँका लागि अझ बढी उपयोगी हुन्छ।



फेदर डाउन ज्याकेट : जाडो मौसमका लागि डाउन ज्याकेट अत्यन्तै उपयोगी छ। यो अधिक चिसो ठाउँमा प्रयोग गरिने ज्याकेट हो। यसको भित्री भागमा प्वाँख भएकाले फेदर ज्याकेट पनि भनिन्छ। यो ज्याकेट एकदमै तातो हुन्छ। ज्याकेट युवालाई मात्रै नभएर वृद्धहरूका लागि पनि उत्तम छ। यसले शरीरलाई न्यानो बनाउँछ।

लाइट डाउन : चिसो मौसममा लाइट डाउन ज्याकेट पनि उत्कृष्ट छ। लाइट डाउन ज्याकेट जति चिसो मौसम हुन्छ, त्यति फुल्दै जान्छ। यो फेदरभन्दा अलि पातलो हुन्छ। यसले पनि शरीरलाई तातो बनाउँछ। यो स्टाइलिस देखिए पनि धेरै चिसो छेक्न सक्दैन। त्यसैले धेरै चिसो र हिउँमा यो ज्याकेट उपयुक्त नहुन सक्छ। तर, दिउँसो घाम लागेका वेला घुमफिर गर्नका लागि यो ज्याकेट सही छनोट हो। यसमा मसिनो प्वाँख मात्रै हुन्छ।

पफर ज्याकेट : नेपाली बजारमा पफर ज्याकेटका विभिन्न डिजाइन पाइन्छन्। यसले शरीरलाई तातो र न्यानो बनाउँछ। त्यसैले यो ज्याकेट अधिकांश ग्राहकको रोजाइमा पर्छ। यसको भित्री भागमा सिलिकन राखिएको हुन्छ। अगाडि-पछाडि प्रिन्ट भएको पाइन्छ।

कुन समयमा कस्ता सनग्लास लगाउने ?

बजारमा थरीथरीका सनग्लास पाइन्छन्। धुलो-धुवाँ र सूर्यको विकिरणबाट आँखालाई जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले हामीले यसको छनोटमा ध्यान दिनुपर्छ। घाममा आँखाको सीधा सम्पर्क नहोस् भन्नका लागि सनग्लासको खरिद गरिने भएकाले अल्ट्राभ्वाइलेट रे प्रोटेक्सन भएका ग्लास मात्रै किन्नुपर्छ।



चर्को घाममा हिँड्दा कालो र ग्रे कलरको सनग्लास लगाउनु उपयुक्त हुन्छ। यी कलरले ब्राइटनेस र ग्लेयरबाट बचाउँछन्।

बादल लागेको वा हल्का अँध्यारो भएको दिनमा ब्राउन वा एम्बर कलर राम्रो हुन्छ। यसले कन्ट्रास्ट बढाउँछ। फिसिङ, हाइकिङ, साइक्लिङमा जानेले यो ग्लास लगाउनु राम्रो हुन्छ।

लो लाइट कन्डिसन अर्थात् घाम मज्जाले नलागेको समयमा एल्लो र अरेन्ज कलर पनि राम्रो मानिन्छ। इन्डोर स्पोर्टस्का लागि यो ग्लास राम्रो हुन्छ। हिउँ खेल्न जानेले पनि यी कलरका ग्लास लगाउन राम्रो हुन्छ।

ब्लु लाइट र ग्लेयरबाट बचाउन ग्रिन कलर उपयुक्त मानिन्छ। गल्फ, बेसबल, टेनिस खेल्नेले यस्तो कलरको ग्लास छान्ने गरेका छन्।

रोज र रेड टिन्ट लगाएर ड्राइभिङ गर्दा भिजिबिलिटी राम्रो देखिन्छ। कम्प्युटरबाट आउने हानिकारक ब्लु लाइटलाई कम गर्न यसले सहयोग गर्ने भएकाले कम्प्युटर चलाइराख्नेका लागि पनि यो ठीक हुन्छ। सबै कलरका सनग्लासलाई पोलोराइज्ड गर्न, युभी प्रोटेक्सन गर्न र पावर हाल्न पनि मिल्छ।

अध्ययनमा रमाउने बालबालिका मानसिक रूपमा तीक्ष्ण

बच्चाहरूलाई पढाईमा प्रोत्साहन गर्नका लागि अभिभावकले आफैं पढेर सुनाउने, उनीहरू सँग-सँगै पढ्ने, रोचक कथाहरू सुनाउनेलगायत गर्न सकिन्छ।



सानैदेखि रमाइलो मानेर नियमित अध्ययन गर्नेहरूको स्मरण शक्ति तथा मानसिक स्वास्थ्य किशोरावस्थामा निकै राम्रो रहने गरेको नयाँ अध्ययनले देखाएको छ। पढ्ने बानी नभएका वा ढिलो उमेरमा पढ्न थालेकाहरूको दाँजोमा उनीहरूलाई राम्रो निद्रा पर्ने गरेको पनि अध्ययनले जनाएको छ। त्यस्तै, उनीहरूले विद्युतीय उपकरणको प्रयोग पनि कम गर्ने गरेको पाइयो।

१० हजार दुई सय ४३ जना अमेरिकी किशोर-किशोरीमाझ अध्ययन गरिएको यो प्रतिवेदन साइकोलोजिकल मेडिसिन जर्नलमा प्रकाशित छ। अध्ययनअनुसार सातामा झन्डै १२ घन्टा आनन्द मानेर अध्ययन गर्ने किशोर-किशोरीको स्मरण शक्ति तथा मानसिक स्वास्थ्य (यति समय अध्ययन नगर्नेको दाँजोमा) सुदृढ रहेको पाइयो। यसक्रममा सहभागीको परीक्षाको नतिजा, क्लिनिकल एसिसमेन्ट, ब्रेन स्क्यानलगायत संकलन गरिएको थियो। त्यस्तै, उनीहरूका अभिभावक, केयर गिभर र शिक्षकहरूबाट पनि सूचना संकलन गरिएको थियो।

अनुसन्धानकर्ताहरूका अनुसार जसले नौ वर्षभन्दा कम उमेरमै आनन्द लिएर नियमित अध्ययन गर्ने बानी बसालेका थिए, उनीहरूको स्मरण शक्ति किशोरावस्थामा आइपुग्दा निकै राम्रो रहेको पाइयो। त्यस्तै, उनीहरूमा मानसिक समस्या पनि कम देखियो। उनीहरूको बोल्ने कला, स्कुलमा हासिल गरेका उपलब्धि राम्रो थियो। उनीहरूमा तनावको लक्षण कम थियो र उनीहरूको व्यावहारिक समस्या पनि कम देखिन्थ्यो। अध्ययनले नियमित पढ्नका लागि बच्चाहरूलाई प्रेरित गर्नुपर्ने निष्कर्ष निकालेको छ। बच्चाहरूलाई पढाईमा प्रोत्साहन गर्नका लागि अभिभावकले आफैं पढेर सुनाउने, उनीहरू सँग-सँगै पढ्ने, रोचक कथाहरू सुनाउनेलगायत गर्न सकिने (अमेरिकी एकेडेमी अफ पेडियाट्रिक्स) मा उल्लेख छ। बच्चाहरूलाई सानैदेखि स्थानीय लाइब्रेरी घुमाउन पनि सकिन्छ, जसकारण उनीहरूले आफुलाई मनपर्ने पुस्तकको पहिचान गर्न सकुन्।

फोटोग्राफी थाल्दा...



राम्रो फोटोग्राफर बन्ने रहर धेरैलाई हुन्छ। तर, फोटोग्राफी सजिलो विधा होइन। यसका लागि प्यासन चाहिन्छ। एकैपटक कोही पनि राम्रो फोटोग्राफर बन्न सक्दैन। फोटोग्राफी थाल्दा केही सामान्य कुरामा ध्यान दिन जरुरी छ।

पहिलो कुरा, धेरै एडिट गर्नु राम्रो होइन। तपाईंले सही र राम्रो सट क्यामेराबाटै नेचुरल्ली खिच्ने कोसिस गर्नुपर्छ। एडिटिङ थोरैसम्म मिलाउन सकिन्छ।

हामी क्यामेरा कस्तो किन्ने भनेर धेरै सोच्छौं। तर, राम्रो लेन्स खरिद गर्दैनौं। हामीले राम्रो फोटो निकाल्नका लागि राम्रो लेन्समा लगानी गर्न जरुरी छ।

भान्सा सफा राख्ने उपाय

घरको भान्सा मानिसका लागि सबैभन्दा महत्त्वपूर्ण स्थल हो। यहाँबाट विभिन्न संक्रमण फैलन सक्ने जोखिम भएकाले नियमित रूपमा यसको सफाइ गर्न जरुरी छ। भान्सा सफा गर्नका लागि तपाईंले केही घरेलु उपाय पनि प्रयोग गर्न सक्नुहुन्छ।



बेकिङ सोडाको प्रयोग त्यसका लागि एक राम्रो उपाय हो। यसमा कागती वा भेनेगर मिसाएर तपाईंले भान्सा सफा गर्न सक्नुहुन्छ। ओभन, ग्रिल, माइक्रोवेभ, स्टोभलगायत सबै सामग्री सफा गर्न सकिन्छ। यस्तो गर्दा त्यहाँ लागेका तेल र बोसो हट्नेछ। रेफ्रिजेरेटर सफा गर्न पनि यसको प्रयोग गर्न सकिन्छ। यो एक हल्का क्षार हो र यसले दुर्गन्ध हटाउने काम पनि गर्छ।

कागती र भेनेगरले ब्याक्टेरिया मार्ने काम पनि गर्छन्। जसकारण, भान्साबाट संक्रमण फैलन पाउँदैन। कागती र भेनेगरको मिश्रणलाई एक स्प्रे बोतलमा हालेर यसलाई डाइनिङ टेबलमा छर्कने र त्यसपछि नरम कपडाले सफा गर्न सकिन्छ।

तपाईं डाइनिङ टेबलको तल, रेफ्रिजेरेटरको पछाडि र स्टोभको तल्लो हिस्सा सफा गर्नका लागि भ्याकुम क्लिनरको प्रयोग पनि गर्न सक्नुहुन्छ।

हाइकिङ पारखीलाई मन पर्ने पाँच ट्रेल

दैनिक व्यस्त जीवनशैली र सहरको धुवाँ-धुलोले दिक्क भइरहँदा मन-मस्तिष्कलाई रिफ्रेस बनाउन प्रायः सहरिया युवायुवती हाइकिङ जाने गरेको पाइन्छ। यसले रमाइलोसँगै शारीरिक कसरतमा सहयोग पुग्याउँछ। उपत्यकानजिक त्यस्ता धेरै हाइकिङ ट्रेल छन्, जहाँ बिहानदेखि घुमेर बेलुकी घर फर्कन सकिन्छ। तारेभिर, सुन्दरीजल, शिवपुरी, फर्पिङ, चन्द्रागिरि, बुङमती, गोदावरी, फुल्चोकी, लाँकुरीभञ्ज्याङ, नागार्जुन, गोकर्ण, झोर, साँगा, चाँगुनारायण र ककनीलगायत रुट हाइकिङका लागि उपयुक्त ट्रेल हुन्।

चम्पादेवी : पहाडी शृंखलाको अवलोकनसहित छोटो अवधिमै सहरको धुवाँ-धुलो छोडेर स्वच्छ वातावरण भएको ठाउँमा पुगिन्छ। हिमालय शृंखलाको अवलोकन तथा हरियाली जंगल यो रुटको प्रमुख विशेषता मानिन्छ।

फुल्चोकी : फुल्चोकीमा अन्य ठाउँभन्दा हाइकिङ गर्नेको संख्या धेरै हुन्छ। फुल्चोकीको यात्रा गोदावरीबाट सुरु गर्न सकिन्छ।

शिवपुरी : काठमाडौंको नागार्जुन नगरपालिकाअन्तर्गत पर्छ, शिवपुरीडाँडा। यस यात्राका क्रममा सेतो गुम्बा, बुढानीलकण्ठ एकै दिनमा घुमेर फर्किन सकिन्छ।

लाँकुरीभञ्ज्याङ : लाँकुरीभञ्ज्याङबाट उपत्यकाका तीनवटै जिल्लाका मनमोहक दृश्यहरू अवलोकन गर्न सकिन्छ। यो भञ्ज्याङ चारैतिर वनले घेरिएको छ। पिकनिकका लागि पनि यो चर्चित स्पट हो।


सुन्दरीजल : घुम्नका लागि नजिकको ठाउँ हो, सुन्दरीजल। सुन्दरीजलको यात्रा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको प्रवेशद्वारबाट सुरु हुन्छ। सुन्दरीजलबाट मूलखर्क हुँदै ओखेनी जान सकिन्छ।



रामकाजी तिवारी
माउन्टेन गाइड् एसोसिएसन अफ नेपाल

चन्द्रागिरि : कीर्तिपुरको मच्छेगाउँबाट यात्रा सुरु हुन्छ। छापडाँडा हुँदै चन्द्रागिरि पुगिन्छ। चन्द्रागिरिमा उपत्यका आक्रमणको वेला कालु पाँडेले बनाएको बंकर छ, जसलाई आजभोलि कालु पाँडे फोर्टु भन्ने गरिन्छ। चन्द्रागिरिको डाँडाबाट निस्कने अर्को ट्रेल थानकोटको गोदामचौरबाट पनि छ।

ककनी : काठमाडौंबाट उत्तरतर्फ पर्ने ककनी नुवाकोट जिल्लामा पर्छ। ककनी पिकनिक स्पटका रूपमा चिनिन्छ। अहिले हाइकिङका लागि ककनी युवा-युवतीको रोजाइमा पर्न थालेको छ।



भूकम्पबाट उत्पन्न संकट र पुनर्निर्माणको बाटो

मंसिरभरिमा भूकम्पपीडितलाई पालबाट सुरक्षित छानामुनि ल्याउन सकिएन भने चिसोले बिरामीको संख्या बढ्न सक्ने र अवस्था थप भयावह हुने खतरा छ



● निरज आचार्य

अग्रलेख

भनिन्छ, विपत् बाजा बजाएर आउँदैन । गत १७ कात्तिकको मध्यराति जाजरकोटको बारेकोट-१, रामीडाँडालाई केन्द्रबिन्दु बनाएर गएको ६.४ म्याग्निच्युडको भूकम्पले जाजरकोटमा मात्रै १०१ जनाको ज्यान लियो । १५८ भन्दा बढी घाइते भए । उता भूकम्पबाट प्रभावित रुकुम पश्चिममा ५४ जनाको ज्यान गयो भने १७९ भन्दा बढी घाइते भए । प्रारम्भिक तथ्यांकअनुसार भूकम्पले साढे ३४ हजारभन्दा बढी परिवारलाई विस्थापित बनायो । हजारौँको जनजीवन तहसनहस भयो । भूकम्पले जाजरकोटमा करिब नौ हजार सात सय ९४ घरमा पूर्ण रूपमा क्षति भएको छ भने २४ हजार ७०७ घर बस्न नमिल्ने गरी आंशिक क्षति भएको अवस्थामा छन् । रुकुम पश्चिममा नौ हजार ४५८ घर पूर्ण रूपमा क्षति भएका छन् भने १६ हजार ४२८ घर आंशिक रूपमा क्षति भएका छन् । भूकम्पले जाजरकोटमा ३२८ विद्यालय भवनमा पूर्ण क्षति भएको छ भने ४०८ विद्यालय भवनमा आंशिक क्षति भएको देखिन्छ । अन्नपात, पशुचौपायालगायतको क्षतिको हिसाब गर्ने हो भने अर्बौं पुग्छ ।

रातिको समय भएकाले भूकम्पपछिको उद्धार केही ढिला भयो । यसका बाबजुद उद्धारमा स्थानीयको अतुलनीय भूमिका रहेको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत राज्य संयन्त्रको परिचालन तुलनात्मक रूपमा राम्रो रह्यो । घाइतेलाई समयमै अस्पतालमा पुऱ्याउन सकियो, तर राहत वितरणको अवस्था भने भद्रगोल र अव्यवस्थित मात्र होइन, पर्याप्त र न्यायोचितसमेत हुन सकेन ।

भूकम्पले घरमा क्षति भएपछि नागरिक त्रिपालमुनि ओत लाग्न बाध्य छन् । तर, त्यही त्रिपाल पनि आजको मितिसम्म सबैले पाउन सकेका छैनन् । विभिन्न दातृनिकाय तथा सहयोगी दाताले भूकम्पपीडितका लागि ठूलो परिमाणमा आवश्यक राहत सामग्री उपलब्ध गराइरहेका छन् । एकद्वार प्रणालीमार्फत राहत वितरण गर्ने भनिए पनि वास्तविक पीडितले एक थान त्रिपालसमेत पाउन मुस्किल छ । एकद्वार प्रणालीमा पीडितभन्दा पहुँचवालाको हालिमुहाली देखिन्छ । दाताले दिएको राहत सामग्री एकद्वार प्रणालीका नाममा जिल्ला विपत् व्यवस्थापन समितिमा केन्द्रीकृत गर्ने, त्यसपछि पालिकामा थन्काउने र बिस्तारै वडामा जाने, वडाले वितरणमा ढिलाइ गर्ने जस्ता समस्या देखिएका छन् । एक हजारको माग भएको स्थानमा दुई-तीन सय थान सामान पुग्ने भएपछि कतिपय वडाले मागभन्दा तेब्बर कम त्रिपाल आएकाले बाँड्नै नसकेको अवस्थासमेत देखिन्छ । सरकारी प्रक्रियागत ढिलासुस्ती, पहुँचवाला र उच्चपदस्थ भनिनेहरूले आफ्नो हात जगन्नाथ गरेका हुनाले अधिकांश पीडित खुल्ला आकाशमुनि रात काट्न बाध्य भएको देखिन्छ । सो प्रणालीमार्फत जिल्ला विपत् व्यवस्थापन समितिले स्थानीय तहलाई राहत सामग्री उपलब्ध गराउनुपर्ने र पालिकाले आवश्यकताका आधारमा वडाहरूमा पठाउनुपर्नेमा समितिमार्फत पहुँचका आधारमा पालिकाको समन्वयविनै वडाहरूमा राहत सामग्री दिएको देखिन्छ । यसरी पहुँचका भरमा राहत लिनेले गाउँमा छुट्टै स्टोर गरी आफ्नो अनुकूलतामा मनपरी वितरण गरेको पाइयो । दाताले दिएका राहत सामग्री आवश्यकताका आधारमा नभई राजनीतिक जस लिने उद्देश्यले वितरण हुँदा वास्तविक पीडितसम्म राहत पुग्न ढिलाइ भइरहेको छ । राहत सामग्री वितरणमा खासगरी वर्तमान सत्ता गठबन्धनका कसले धेरै सामान आफ्नो क्षेत्रमा पुऱ्याउने भन्ने होड गरेको देखियो । पूर्ण रूपमा घरबारविहीन भएकाबाहेक अन्य पीडितको अहिले आवश्यकता भनेको त्रिपाल र ओड्ने ओछ्याउने मात्र हो ।

एकद्वार प्रणाली भनियो, दातृ निकायले पुऱ्याइदिएका राहत सामान जिल्ला विपत् व्यवस्थापन समितिमा जम्मा गरियो । जिल्लाले पालिकालाई, पालिकाले वडालाई दिने र वडाले पीडितलाई वितरण गर्ने नीति बनाए पनि यो प्रभावकारी हुन सकेन ।

मन्त्री भइसकेका व्यक्तिसमेत गोदाममा बसेर सीधै खासखास वडाध्यक्ष बोलाएर सामान पठाउनु र रातिराति पहुँचवालाको घरघरमा राहत पुऱ्याउनेजस्ता हर्कतसमेत देखिए । एक ठाउँका लागि पठाइएका राहत बोकेका गाडी सामानसहित मार्गान्तरण गरी अर्कै स्थानमा पुऱ्याउने र आफ्ना मानिसलाई बाँड्नेजस्ता गैरजिम्मेवार र मानवताविरोधी गतिविधि सत्ता र पहुँचवाला नेताबाट हुनु दुःखद छ ।

भूकम्पले थपेको जोखिम : भूकम्पपछि विभिन्न बस्ती जोखिममा छन् । जाजरकोटको नलगाड नगरपालिका-१ को चिउरीगाउँको तल पहिरो छ भने माथि भासिएको छ । त्यसैगरी पालीगाउँ पनि पहिरोको उच्च जोखिममा छ । अनापानीमा त्यत्तिकै जोखिम छ । अनापानीमा



घरमाथिको भिरबाट ठूलो ढुंगो खस्दा अमृत पुनको ज्यान गयो । ती तीन गाउँमा गरी २३ जनाको ज्यान गइसकेको छ । ती बस्तीको जोखिम यथावत् छ । ती बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था छ । कतिपय त्रिपालमुनि त कतिपय खुला आकाशमुनिको बसाइका कारण चिसोले जाजरकोटमा मात्रै नौजनाले ज्यान गुमाइसकेका छन् । घर भत्किएर त्रिपालमुनि बस्ने वृद्धवृद्धा र दीर्घरोगी, सुत्केरी, गर्भवती र बालबालिकाको चिसोका कारण जीवन थप कष्टकर बन्दै गएको छ । बढ्दो चिसोका कारण जनजीवन थप प्रभावित हुने निश्चित छ ।

> दाताले दिएका राहत सामग्री आवश्यकताका आधारमा नभई राजनीतिक जस लिने उद्देश्यले वितरण हुँदा जाजरकोट भूकम्पका वास्तविक पीडितसम्म राहत पुग्न ढिलाइ भइरहेको छ

भूकम्पका कारण विद्यार्थीको पढाइसमेत प्रभावित भएको छ । प्रभावित क्षेत्रका विद्यालय भवन जोखिममा छन् भने सबै परिवार एउटा पालमुनि बस्नुपर्ने भएकाले विद्यार्थीका लागि पढ्ने वातावरण छैन । भूकम्पले शौचालय भत्किएको र पीडित पालमुनि बस्ने गरेकाले शौचालयको समेत समस्या देखिएको छ । शौचालय नहुँदा खुला दिसापिसाब गर्ने गरिएकाले सोबाट समेत विभिन्न रोगको संक्रमण हुने खतरा उत्तिकै छ ।

आवास निर्माणको जिम्मा सेनालाई दिऊँ : भूकम्पको इपिसेन्टर मानिएको बारेकोट पुग्दा त्यहाँ खटिएका आर्मी अफिसरसँग भेट भएको थियो । यो बढ्दो जाडो र नागरिकको खुला आकाशमुनिको बसाइ पीडादायी छ, छिटै सुरक्षित वासस्थानमा फर्काउन के गर्न सकिएला ? भन्ने जिज्ञासामा 'सरकारले जिम्मा दिए हामी गर्छौं भन्ने जवाफ आयो । यसले पनि केही भरोसा जगायो ।

हाम्रो आफ्नै अनुभवले सिद्ध गरेका सन्दर्भहरू सम्झनलायक छन् । विगतमा बारा, पर्सा र रौतहटतिर हावाहुरीले कच्ची घर उडाएपछि ती स्थानमा सेनाले प्याकेजमा काम गरेको थियो । त्यहाँ सेनाले समयमै सुरक्षित घर बनाएर पीडितलाई हस्तान्तरण गरेको अनुभव र शिक्षा हामीसँग विद्यमान छ । पूर्ण क्षतिको वास्तविक विवरण संकलन गरेर प्रतिघर ५० हजार रुपैयाँ एकमुष्ट एकद्वार प्रणालीअन्तर्गत सरकारले नेपाली सेनालाई जिम्मा दिने हो भने कर्णाली प्रदेशभित्रकै सेनाले काम गर्दा पनि दुई महिनामा सुरक्षित आवास दिन सक्छ । सेनासँग कामको अनुभव र दक्ष जनशक्ति छ । उसले आवश्यकताअनुसार स्थानीय जनशक्तिको पनि प्रयोग गर्न सक्छ ।

घर छ, बस्न मिल्दैन : जुनीचाँदे गाउँपालिका-६, शिवपुरीका दीपेन्द्र शाहीको घर चारैतिरबाट चर्किएको छ । घर चर्किएपछि उनको परिवार त्रिपालमुनि ओत लागेको छ । घरको बीचमा रहेको खाली जग्गामा स्थानीयहरू सामूहिक रूपमा त्रिपालमुनि बसेका छन् । हामी त्यहाँ पुग्दा दीपेन्द्रले सुनाए, घर ढलेको छैन, समान सबैभित्रै छ, भित्र जान डर लाग्छ । यो त एउटा प्रतिनिधिमूलक घटना मात्र हो । जिल्लाभरि सिल्पाचौर, रामिडाँडा, मुल्साम, समाइला, धनराशि, पाली, कल्पत, चिउरी, थाप्ला, गराग्ली, चाउले चवर, सिर्के, रिम्ना, मैदै, पिपे, रावतगाउँ, थाप्ले, स्याला पीपलडाँडालगायत गाउँका सयौँ बस्तीको यही हालत छ । सबैको पीडा त्यस्तै छ ।

एउटा सत्य के हो भने यस क्षेत्रमा रहेका ढुंगामाटोले बनेका पुराना ९० प्रतिशत घर बस्नलायक छैनन्, क्षतिग्रस्त छन् । यसो हुँदाहुँदै पनि पूर्ण क्षति र आंशिक क्षतिको विवरण निकाल्नैपर्छ । आजका मितिसम्म पनि सबै प्रभावितको हातमा त्रिपाल पुगेको छैन । पुगेका अधिकांश त्रिपाल कमसल छन्, तिनले शीत छल्दैनन् । पालमुनि सुत्यो, ओढेको कम्मल शीतले निथ्रुक्क भिजेको हुन्छ ।

मंसिर महिनाभित्र पालबाट छानोमा सारौं : थप चिसो समय आउँदै छ । हिउँदमा इपिसेन्टर रहेको बारेकोटलगायत क्षेत्रमा हिमपात हुन्छ । अहिले नै पनि चिसो निकै बढिसकेको छ । मंसिरभरिमा मानिसलाई पालबाट सुरक्षित छानोमुनि ल्याउन सकिएन भने चिसोले बिरामीको संख्या बढ्न सक्ने र अवस्था थप भयावह हुने खतरा छ । विगतमाझैं यसपटकको भूकम्पमा पनि राज्यको सामर्थ्य, समन्वय र पहलकदमीको कमजोरी उजागर भएको छ । राज्य सञ्चालनको जिम्मेवारीमा रहेकाहरूको मनोदशा र नियत सतहमै पोखिएको छ । विपत् पर्यटन र सेलिब्रेटी बन्न देखाइने अनेक तमासा क्षतविक्षत् घर, भत्किएका मन र तनदेखि हामी जाजरकोटवासीले चियाउनुपऱ्यो । अबको चरण पुनर्स्थापना र नवनिर्माणको हो । पुनर्स्थापना र नवनिर्माणका लागि सरकारको ठोस पहलकदमी र योजना देखिँदैन । ०७२ को विनाशकारी भूकम्प र त्यसबाट उत्पन्न संकटको सामना गरिसकेको नेपालले पाठ सिक्नुपर्ने थियो । सावधानी र पूर्वतयारी गर्नुपर्ने, नवनिर्माणमा कसरी काम गर्ने भन्ने सामर्थ्यको विकास गर्नुपर्ने थियो । तर, सरकारले यसबाट कुनै शिक्षा लिएको देखिएन । नेपाल सरकार आफैंसँग पुनर्निर्माण प्राधिकरण बनाएर काम गरेको अनुभव छ । त्यस अनुभवका आधारमा पनि जाजरकोट र रुकुममा काम गर्नुपर्ने हो, तर सरकार अलमलमै देखिन्छ । भूकम्प प्रभावित क्षेत्रमा पुनर्स्थापना र पुनर्निर्माणका काम गर्न विभिन्न संघसंस्था र निजी क्षेत्र इच्छुक छन् । भूकम्पपीडितका लागि गर्नुपर्ने कामको मापदण्ड र काम गर्ने क्षेत्र निर्धारण गरेर सरकारले इच्छुक संघसंस्था र निजी क्षेत्रले समेत काम गर्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्छ । यसले गर्दा राज्यको व्ययभार घट्नुका साथै पीडितलाई छिटो पुनर्स्थापना गर्न सहज हुन्छ । सरकार कानुनका छिद्र खोजेर किंकर्तव्यविमूढ भएर नबसोस्, जनताप्रति उत्तरदायी र जवाफदेही बनोस् ।

(आचार्य एमाले केन्द्रीय सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **शंकर तिवारी**लाई



कांग्रेसको इतर समूहका नेता महामन्त्री गगन थापा र डा. शेखर कोइरालाबीच संवादहीनता किन बढ्यो ?

नेताहरूबीचको संवादहीनता एकोहोरो होइन, दोहोरो प्रक्रिया हो । खासगरी संसदीय दलको नेतामा कांग्रेस महामन्त्री गगन थापाले अपेक्षाअनुसार मत नपाएपछि समूहभित्रै अविश्वास र संशय बढेको देखिन्छ । अर्का महामन्त्री विश्वप्रकाश शर्मा र युवानेता प्रदीप पौडेललाई भूमिका दिनेबारे महामन्त्रीको प्रस्तावमा डा. कोइरालाले समय लिनुभयो । क्याबिनेटमा मन्त्री पठाउँदा पनि कोइरालाले पठाएको नामलाई नै पठाइयो, महामन्त्रीको नामलाई महत्त्व दिइएन र केन्द्रदेखि प्रदेशसम्म यही अवस्था देखियो । यिनै घटना परिघटनाले दुई नेताबीच संवादहीनताको स्थिति सिर्जना गरेको हो ।

कांग्रेसमा नयाँ ध्रुवीकरणको सम्भावना कति देखिन्छ ?

राजनीतिको मनोगत र वस्तुगत आधार हुन्छ । जनस्तरमा उठेका आवाजका आधारमा कुनै गुट या समूह बन्यो भने त्यो बलियो हुन्छ । तर, यहाँ अधिकांश गुट या समूह वस्तुगत आधारभन्दा पनि मनोगत आधारमा खडा भएका छन् । जनस्तरको आवाजअनुसार गुट बनाउनमा कुनै पनि नेतामा रुचि देखिँदैन । यस्तो अवस्थामा नयाँ ध्रुवीकरण हुनु र नहुनुको के नै अर्थ हुन्छ र ?

कांग्रेसमा इतर भनिएको समूहमा फुटको सम्भावना कति देख्नुहुन्छ ?

नेताहरूले मनोगत आकांक्षा छाडेर जनता र आमकार्यकर्ताको मनोभावना र चासो बुझेर जाने हो भने यो समूह फुट्दा पनि फुट्दैन र फुटाउने अधिकार पनि कसैलाई छैन । तर, म नै सबथोक हुँ भन्ने हो भने राजनीतिमा जे पनि हुन सक्छ ।

प्रेरक प्रसंग

जस्तो अन्न, त्यस्तै मन

महाभारतको युद्ध चलिरहेको थियो । भीष्म अर्जुनको वाणबाट घाइते भएर सरशय्यामा सुतिरहेका थिए । हरेक दिन कौरव र पाण्डवका फरक-फरक समूह उनलाई भेट्न गइरहन्थे । एक दिन पाँचै भाइ पाण्डव र द्रौपदी भीष्मको चारैतिर बसेका थिए । भीष्म उनीहरूलाई उपदेश दिइरहेका थिए । सबै श्रद्धापूर्वक उनको उपदेश सुनिरहेका थिए । अचानक द्रौपदी खित्का छाडेर हाँस्न थालिन् । उनको यस्तो कार्यबाट भीष्म निकै आहत भए । उनले उपदेश दिने कार्य रोके । पाँचै भाइ पाण्डव पनि द्रौपदीको यस्तो हर्कतबाट आश्चर्यचकित भए । केही बेरपछि भीष्मले द्रौपदीलाई सम्बोधन गर्दै भने- पुत्री, तिमी एक सम्भ्रान्त कुलकी छोरी र त्यस्तै कुलकी बुहारी हौ । के म तिम्रो यस हाँसोको कारण थाहा पाउन सक्छु ?

द्रौपदीले गम्भीर हुँदै भनिन्- पितामह, आज हजुर हामीलाई अन्यायविरुद्ध लड्नुपर्छ भन्ने उपदेश दिइरहनुभएको छ । तर, जब कौरवसभामा मलाई निर्वस्त्र गर्ने कुचेष्टा चलिरहेको थियो, त्यतिखेर हजुरको यो उपदेश कहाँ गएको थियो ? हजुरले किन मौनधारण गर्नुभएको थियो ? यही सम्झेर मेरो हाँसो फुस्केको हो ।



भीष्मले आँखाभरि आँसु बनाउँदै भने- पुत्री, तिमीलाई थाहा छ, मैले त्यतिखेर दुर्योधनको अन्न खाइरहेको थिएँ । त्यो अन्न जनतालाई दुःखी बनाएर जम्मा गरिएको थियो । त्यस्तो अन्न खाएकाले मेरो संस्कार क्षीण भएको थियो । त्यसैले, त्यतिखेर मेरो बोली बन्द भएको थियो । तर, अब भने त्यस अन्नबाट बनेको रगत मेरो शरीरबाट बगिसकेको हुनाले मेरो स्वाभाविक संस्कार फिर्ता आइसकेको छ । त्यसैले, मेरो मुखबाट उपदेश निस्किरहेको छ । पुत्री, मान्छेले जस्तो अन्न खान्छ, उसको मन पनि त्यस्तै बन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राजनीतिक नेतृत्व र प्रसाईंलाई प्रश्न

यही ७ मंसिरमा दुर्गा प्रसाईं नेतृत्वको समूहले व्यवस्था परिवर्तनका लागि शक्ति प्रदर्शन गर्न लागेको छ । यसलाई सरकार, प्रतिपक्ष र आमजनताले चासोसाथ हेरिँदै छ । धेरैले यसलाई समाज भाँड्ने र देशमा अस्थिरता पैदा गर्ने कदमका रूपमा लिएका छन् । विरोध गर्ने असहमति जनाउने अन्य शान्तिपूर्ण उपाय पनि छन् । शक्ति प्रदर्शन, दंगा, असभ्य नारा आदिले एकता होइन, विभाजन ल्याउँछ । देशमा युवालाई रोजगारी छैन, गरिखाने वातावरण छैन, अस्थिर अवस्था छ, तर यसको मतलव व्यवस्था नै परिवर्तन गर्नुपर्छ भन्ने होइन । दुर्गा प्रसाईंले आफू र केही सीमित व्यक्तिको स्वार्थका लागि गर्न लागि जनताको भावनासँग खेलेको प्रस्टै देखिन्छ । तर, यसको प्रतिवादमा लाग्न नेताहरूले दिएको निर्देशन हिजो तपाईंहरूविरुद्ध पञ्चायतले परिचालन गरेको प्रतिकार समितिको अर्को रूप त होइन ? समाजले प्रतिकार होइन, सुशासन खोजेको छ, व्यवस्थाको होइन, नेतृत्वको विकल्प खोजेको छ ।

● **दीपेन्द्र घिसिङ तामाङ**, गैरीमुदी, दोलखा
dipendratamanghappyfine@gmail.com

जोशीलाई फिर्ता ल्याउन पहल गर

इजरायल र प्यालेस्टाइनबीचको द्वन्द्वमा हराइरहेका नेपाली युवा विपिन जोशी गाजा क्षेत्रमा सकुशल रहेको पुष्टि भएको समाचार पढ्दा खुसी लाग्यो । अब सरकारले आफ्ना कूटनीतिक च्यानलहरू प्रयोग गरी उनलाई सकुशल त्यहाँबाट फिर्ता ल्याउन पहल गर्नुपर्छ । किनकि, नेपालको कसैसँगै द्वन्द्व छैन । ऊ द्वन्द्वमा पक्ष-विपक्षमा उभिएको पनि छैन । साथै, जोशी कृषि विज्ञान पढ्न गएका विद्यार्थी हुन् । त्यसैले, उनको सकुशल मुक्तिका लागि सरकारले पहल गरोस् ।

● **अपराजिता नेपाली**,
पुतलीबजार, स्याङ्जा

काग्रेसको रडाको कहिलेसम्म ?

'एउटै समूहका भनिएका कांग्रेस महामन्त्री गगनकुमार थापा र डा. शेखर कोइरालाबीच संवादहीनता बढेको समाचार पढियो । कांग्रेस नेताबीचको रडाको यो नै पहिलो र अन्तिम दुवै होइन । हिजोर विपीको पालादेखि अहिले देउवा, गगन र शेखरको पालामा पनि त्यही समस्या छ । र, रडाको अझै वर्षौंवर्ष चलिरहने पनि छ । तर, कांग्रेस नेताहरूको घैंटामा घाम लागेर आफू सुध्रिने र पार्टी सुधार्न मति भने यिनमा कहिल्यै पलाउनेछैन ।

● **भूपध्वज राई**
सिनामंगल, काठमाडौं

अति भयो स्थानीय तहको भ्रष्टाचार

१७ वर्षपछि स्थानीय जनप्रतिनिधि पाएर खुसी भएका जनतालाई जनप्रतिनिधिले झनै पीडा दिइरहेका छन् । जनतासँग प्रत्यक्ष सरोकार राख्ने जनप्रतिनिधि नै भ्रष्टाचारमा लिप्त भएपछि जनताले कसलाई गुहार्ने ? गोकर्णेश्वर नगरपालिका, कागेश्वरी मनोहरा नगरपालिका, शंखरापुर नगरपालिका र चाँगुनारायण नगरपालिकामा पनि ठूला भ्रष्टाचारका व्यापक जनगुनासो सुनिन्छ । मिडियाले पनि खासै चासो नराखेको यी नगरपालिकाभित्र नीतिगत भ्रष्टाचार मौलाएको स्थानीय जनताको गुनासो छ ।

चाँगुनारायणभित्र पर्ने नगरकोटजस्तो पर्यटकीय क्षेत्रमा अहिले जनप्रतिनिधि र कर्मचारी मिलेर जग्गा खण्डीकरण गरी कुरूप बनाइएको छ । एक रोपनी जग्गाबराबर एक लाख रुपैयाँ लिएर जग्गा खण्डीकरण गर्न दिइएको गुनासो सुनिन्छ । यसको सत्यतथ्य सम्बन्धित निकायले छानबिन गरे राम्रो हुने थियो । मोटो रकम पाए जग्गा खण्डीकरण गर्न दिने नत्र नदिने कर्मचारी र जनप्रतिनिधिको मिलोमतोमा नगरकोटको प्राकृतिक सुन्दरता नष्ट हुँदै छ । यो समस्या चाँगुनारायणमा मात्र होइन, शंखरापुर, कागेश्वरी मनोहरा र गोकर्णेश्वरमा पनि छ । यथार्थमा स्थानीय निकायमाथि निगरानी राख्ने निकाय नभएकाले यिनको मनोमानी चलेको हो । पाँच वर्षसम्म कसैले छुन सक्दैन भन्ने दम्भ छ नगरप्रमुख र उपप्रमुखमा । यिनलाई नियन्त्रण गर्ने कसले ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अमेरिकी सहजता र सकारात्मकता दिगो रहोस्

अमेरिकाले प्रतिष्ठा मात्र नभई सौम्य शक्ति, राष्ट्रिय विश्वसनीयता र मूल्यवान् 'नेतृत्व'मा प्रभाव पर्ने भन्दै एपेक सम्मेलनमा अवरोध नगर्ने उद्देश्य राखेको थियो

देश / विदेश

अमेरिकाले आयोजना गरेको यस वर्षको एसिया-प्रशान्त आर्थिक साझेदार समूह (एपेक) का नेताको अनौपचारिक बैठकले एपेक अर्थतन्त्र र व्यापक अन्तर्राष्ट्रिय समुदायबाट अपेक्षाकृत सर्वसम्मत सकारात्मक मूल्यांकन पाएको छ । वास्तवमा यो सजिलो थिएन । एपेक क्षेत्रमा आर्थिक सहयोगका लागि समर्पित एसिया-प्रशान्तको बहुआयामिक मञ्चलाई सम्भावित रूपमा बिथोल्दै अमेरिकाले आफ्नै एजेन्डा सार्ने हो कि भन्ने चिन्ता सतहमा आएका थिए । यी चिन्ता निराधार थिएनन्, तर सौभाग्यवश अन्त्यमा परिणाम सकारात्मक आएको छ । बैठकको नतिजाले क्षेत्रीय आर्थिक सहयोगमा प्राथमिक ध्यान कायम हुने र यस्ता साझेदारी सुदृढ हुने आशा जगाएको छ । यस सन्दर्भमा सानफ्रान्सिस्कोमा भएको एपेक शिखर सम्मेलनले बहुमूल्य सन्देश र प्रेरणा प्रदान गर्दै इतिहासमा एक विशिष्ट स्थान राख्नेछ ।

१७ नोभेम्बरका दिन स्थानीय अमेरिकी समयमा जारी गरिएको सानफ्रान्सिस्को घोषणापत्रले स्वतन्त्र, खुला, निष्पक्ष, भेदभावरहित, पारदर्शी, समावेशी र अनुमान गर्न सकिने व्यापार एवं लगानीको वातावरण स्थापना गर्ने संकल्पलाई दोहोऱ्याएको छ । यसबाहेक घोषणापत्रले विश्व व्यापार संगठन (डब्लुटिओ) भित्र एपेकको समग्र कार्यक्षमता बढाउन आवश्यक सुधार गर्ने सबै राष्ट्रको प्रतिबद्धतालाई जोड दिएको छ । यो सामूहिक सिद्धान्तले एसिया-प्रशान्त क्षेत्रका लागि साझा दृष्टिकोण र आकांक्षा झल्काउँछ ।

सानफ्रान्सिस्को घोषणा गत वर्षको बैंकक घोषणाभन्दा भिन्न छ अर्थात् रुस-युक्रेन द्वन्द्वबारे केही उल्लेख छैन । बैंकक घोषणामा यसलाई समावेश गरिनुपर्छ भनेर अमेरिकाले कडा रूपमा पैरवी गरेको थियो । त्यसवेला अमेरिकाको अडानले विवाद उत्पन्न गराएको थियो, किनभने अधिकांश एपेक सदस्यले एपेकलाई भूराजनीतिक मुद्दामा चासो राख्ने मञ्च नभई आर्थिक सहयोगको मञ्चका रूपमा हेर्नुपर्छ भन्ने मत राखेका थिए । यो मूलधारको मत यस वर्ष निकै स्पष्ट र मुखर ढंगले सतहमा आएको थियो, तसर्थ आयोजक राष्ट्र यो अवधारणाविरुद्ध गएन । अन्त्यमा, अमेरिकाले रुस-युक्रेन द्वन्द्व र इजरायल-प्यालेस्टाइन द्वन्द्वका मामिलामा आफ्नो मत व्यक्त गर्न अलग्गै वक्तव्य जारी गरेको थियो । यो वास्तवमा बहुपक्षीय मञ्चलाई अपहरण गर्ने वाशिंटनको इच्छाको असफलता हो र बहुमतले प्रस्तुत गर्ने मतको शक्तिको प्रतिबिम्ब पनि हो ।

अमेरिकाले आफ्नो प्रतिष्ठा मात्र नभई आफ्नो सौम्य शक्ति, राष्ट्रिय विश्वसनीयता र मूल्यवान् 'नेतृत्व'मा प्रभाव पर्ने भन्दै एपेक शिखर सम्मेलनमा अवरोध नगर्ने उद्देश्य राखेको थियो । नतिजा बृहत् सहयोग र थप संयमित दृष्टिकोण प्रदर्शन गर्दै अमेरिकाले विभिन्न मामिलामा बहुमतलाई साथ दिने निर्णय गऱ्यो । यसैकारण सानफ्रान्सिस्कोमा सफल एपेक बैठकले अनुकूल नतिजा दिएको छ ।



तस्बिर : सिहन्वा

यो एपेक शिखर सम्मेलनमा देखिएको रचनात्मक भूमिकाका साथसाथै अमेरिकी मनोवृत्ति र व्यवहारमा आएको परिवर्तनले सन्देह गर्ने ठाउँ भने खडा गरेको छ । अर्थात् अमेरिकाले स्विकारेको व्यवहार अस्थिर र परिवर्तनको विषय त होइनन् भन्ने प्रश्न पनि उठेको छ । यो एपेक मात्र नभई विश्व शासन प्रणालीका लागि पनि ठूलो अनिश्चितता हो । साझेदारी एक सामान्य प्रवृत्ति हो, तर प्रक्रिया भने सहज हुँदैन । र, सहजता अमेरिकाको सकारात्मक वा नकारात्मक भूमिकामा निहित छ ।

एपेक शिखर सम्मेलनको आयोजकका रूपमा अमेरिकाले सानफ्रान्सिस्कोमा इन्डो-प्यासिफिक इकोनोमिक फ्रेमवर्क फर प्रोस्परिटी (आइपिइएफ) बैठक आयोजना गर्नेजस्ता केही कुटिल रणनीति प्रयोग गरेको थियो । १४ सदस्य भएको आइपिइएफलाई चीनलाई तारो बनाउने अमेरिकी पहलका रूपमा हेरिन्छ । यद्यपि, बैठकले व्यापक व्यापार सम्झौतामा नतिजा ल्याउन सकेन, जसले प्रगति नभएको तथ्यलाई संकेत गर्छ । चीनबाहेक कुनै पनि एसिया-प्रशान्त बहुपक्षीय आर्थिक र व्यापार संयन्त्र सफल हुने सम्भावना छैन भन्ने तथ्य यसले पनि स्पष्ट पारेको छ ।

एपेक बैठक सुचारु ढंगले अघि बढ्नुमा चिनियाँ र अमेरिकी राष्ट्रप्रमुखबीचको बैठकले महत्त्वपूर्ण भूमिका खेलेको थियो । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाका अनुसार राष्ट्रपतिद्वय सी-बाइडेन बैठकले विश्वव्यापी सहयोग महत्त्वपूर्ण रहेको संकेत गरेको जनाएकी छिन् । विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले कसरी यी दुई नेताको बैठकले चीन र अमेरिकाबीचको बढ्दो प्रतिद्वन्द्वितालाई लिएर एपेक अर्थतन्त्रमाझ रहेको चिन्तालाई कम गऱ्यो भन्ने उल्लेख गरेका छन् । जर्मन दैनिक फ्रान्कफर्टर अल्जेमाइन जेइटुङले सी-बाइडेन भेट भएको शिखर सम्मेलनपछि विश्व 'थोरै सुरक्षित' भएको जनाएको छ । यस्ता समाचारले अन्तर्राष्ट्रिय समुदायको साझा अपेक्षालाई प्रतिबिम्बित गर्छ ।

हामीले यी अपेक्षा पूरा गर्छौं वा गर्दैनौं भन्ने आधारमा परिणाम भिन्न-भिन्न हुनेछन् । सानफ्रान्सिस्कोमा भएको एपेक शिखर सम्मेलनले केही हदसम्म अन्तर्राष्ट्रिय वातावरणमा सकारात्मक प्रभाव पारेको छ र क्षेत्रीय सदस्यको भविष्यको सहयोगमा विश्वास बढाएको छ । वास्तवमा यो निकै महत्त्वपूर्ण उपलब्धि हो । यदि अमेरिकाले भविष्यमा बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँगको सहकार्यलाई निरन्तरता दिँदै गतिशील, सामञ्जस्यपूर्ण र समृद्ध एसिया-प्रशान्त समुदायको स्थापनामा योगदान पुऱ्याउँछ भने यसले थप महत्त्वपूर्ण र आकर्षक नतिजा हासिल गर्ने सम्भावना छ । यस दिशामा अमेरिकाले ठोस कदम चाल्नेछ भन्ने सबैले आशा गरेका छन् । त्यस्ता कार्य विश्वव्यापी शान्ति र विकासका लागि महत्त्वपूर्ण मात्रै नभई यसले विश्वमञ्चमा अमेरिकाको उत्तरदायित्व र निष्ठाको परीक्षणका रूपमा पनि काम गर्छ ।

(४ मंसिरको ग्लोबल टाइम्सको सम्पादकीय)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सुडान युद्ध र अनिकालको बेवास्ता

६० लाख मानिस अनिकालको सँघारमा पुग्दा राष्ट्रसंघले चासो देखाएको छैन भने अमेरिकी ध्यान अन्यत्र मोडिएको छ

सुडानको अवस्थाका विवरण हृदयविदारक र उनीहरूले व्यहोरिरहेका दुःख र पीडा अकल्पनीय लाग्छन्। आमनरसंहारकारी बन्दुकधारीले मसालितका मानिसको खोजीमा यसै महिनाको सुरुमा तीन दिनसम्म सुडानको डार्फरस्थित शरणार्थी शिविरका हरेक घर खंगाले। उनीहरूले भेटेसम्मका मसालितका मानिसको हत्या गरे (पश्चिमी सुडानमा बसोवास गर्ने यो जातीय समूहले मसालित भाषा बोल्छ र उनीहरूको संख्या १४ लाखजति छ)। तर, यस्तो खालको यो पहिलो आक्रमण भने होइन। यो आक्रमण समाप्त हुँदासम्म यस अश्वेत-अफ्रिकी जातीय समूहका आठ सयदेखि १३ सय सदस्य मारिएको स्थानीय बताउँछन्। अपुष्ट भिडिओमा डार्फरका सडक लासैलासले भरिएका र सामूहिक चिहानजस्तो देखिने एउटा स्थानमा भयभीत मानिसको भिड लागेको र उनीहरूलाई अर्धसैनिक समूह अरब च्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) का लडाकुले पिट्दै गरेको देखिन्छ। 'हाम्रो वरपर आमनरसंहार भइरहेको छ,' एकजना थकित सहायताकर्मीले भने, 'परिस्थिति एकदमै निराशाजनक छ।' तर, यो जातीय सफाया सुडानका चार विपत्तिमध्ये एउटा मात्र हो।



सुडानको अहिलेको दोस्रो विपत्ति हो गृहयुद्ध। सात महिनाअघि आरएसएफ र सुडानी सशस्त्र बल (साफ) बीच युद्ध भड्कियो, जसमा राजधानी खार्तुमको केही भाग तहसनहस हुनुका साथै १० हजारभन्दा बढीको ज्यान गएको दाबी गरिन्छ। धेरै हदसम्म स्थिर रहेका द्वन्द्वका अग्रमोर्चा पछिल्लो समय द्रुत गतिमा सर्न थालेका छन्। संयुक्त अरब इमिरेट्स (युएई) बाट नियमित रूपमा ओइरिएका हतियारको बलमा आरएसएफले डार्फरको अधिकांश भागमा नियन्त्रण जमाउँदै लगेको छ। उसले डार्फरमा रहेका मसालितलाई उन्मूलन गर्ने मनसाय राखेको देखिन्छ। उसले खार्तुममा पनि नियन्त्रण जमाउँदै गएको देखिन्छ, जहाँ बाँकी नागरिक घेरिन पुगेका छन्।

यो द्वन्द्वका कारण करिब ६३ लाख मानिस आफ्नो थातथालोबाट विस्थापित भएका छन् (यो संख्या यसअघिका हिंसात्मक घटनामा विस्थापित ३७ लाखबाहेक हो)। र, यसलाई संयुक्त राष्ट्रसंघले 'पछिल्लो इतिहासकै सबैभन्दा खराब मानवीय संकटमध्ये एक'को रूपमा वर्णन गरेको छ। बमबारी वा लडाइँका कारण खार्तुमका करिब तीनचौथाइ अस्पताल र क्लिनिक बन्द भइसकेका छन्। आरएसएफको नियन्त्रणमा रहेको सहरका केही भागमा अहिले पनि केही अस्पताल र क्लिनिक जसोतसो सञ्चालनमा त छन्, तर ती पनि प्रतिद्वन्द्वी अर्थात् सरकारी सेना एसएउफको नाकाबन्दीका कारण खाद्यान्न र स्वास्थ्य सामग्रीको चरम अभाव झेलिरहेका छन्। दुवै पक्ष युद्धविरामका लागि सहमत हुने आशा एकदमै कम छ।

> गृहयुद्धले देशको अर्थतन्त्रलाई तहसनहस पार्नुका साथै बैंकिङ प्रणालीलाई ध्वस्त पारेको छ। यसले नागरिकलाई विस्थापित र देशलाई विभाजित गरेको छ।

हरेक पक्ष अझै पनि वार्ताभन्दा लडाइँबाट नै बढी लाभ उठाउन सकिन्छ भन्ने सोच्छ। यसको कारण के हो भने यो समग्र युद्ध मेडिकिन्स सान्स फ्रन्टियर्स (एमएसएफ) प्रमुख जनरल अब्देल-फत्तह अल-बुरहान र आरएसएफका नेता मुहम्मद हमदान दागलो (हेमेट्टीको नामले चिनिने) बीचको शक्तिको लडाइँ मात्रै होइन। यी दुई लामो समयदेखि सत्तासीन तानाशाह ओमार अल बसिरलाई सत्ताच्युत गरेपछि सन् २०२१ मा नागरिक सरकारको उदयलाई रोक्न 'कु'मा सहकार्य गरेका व्यक्ति हुन्। तर, अप्रिलबाट यी दुवैमा सम्पूर्ण शक्ति आफैंले लिने भूत सवार भयो र शक्ति हत्याउन युद्धरत छन्।

सुडानको तेस्रो विपत्ति भोकमरी भएको छ। गृहयुद्धले सुडानको अर्थतन्त्रलाई तहसनहस पारिसकेको छ। यसको बैंकिङ प्रणालीलाई ध्वस्त पारेको छ। यहाँका नागरिकलाई विस्थापित गरेको छ र सुडानलाई प्रतिद्वन्द्वी क्षेत्रमा विभाजित गरेको छ। आपूर्ति शृंखलालाई अवरुद्ध पारेर खाद्यान्नको मूल्य आकाशमा पुऱ्याएको छ। फलस्वरूप, दुई करोड मानिससँग खानका लागि पर्याप्त खाद्यान्न छैन। यीमध्ये ६० लाख मानिस अनिकालको संघारमा पुगेका छन्। ४० प्रतिशत गर्भवती महिला र स्तनपान गराउने आमाहरू भोकमरीको चपेटामा परिसकेका छन्। आगामी महिनामा सहायताको अभाव भयो भने दसौं हजार मानिस भोकमरीको जोखिममा हुनेछन्। तर, सहायता एजेन्सीले आपूर्तिको व्यवस्था मिलाउन सकिरहेका छैनन्। मुख्य आयातमार्ग पोर्ट सुडान एसएएफको नियन्त्रणमा छ र उसले आरएसएफ-नियन्त्रित क्षेत्रमा सहायताकर्मी र आपूर्तिको प्रवाहलाई रोकिरहेको छ।

अहिले सुडानको चौथो दुःख अन्तर्राष्ट्रिय जगत्को चरम उदासीनता भएको, जसकारण एसएफ आफ्ना मानिसलाई भोकभोकै राख्न सक्षम भएको छ भने आरएसएफ डार्फरलाई जातीय रूपमा सफा गर्न सक्षम भएको छ। इथियोपियाको टिग्रे क्षेत्रको गृहयुद्धमा तीन लाख ८५ हजार देखि ६ लाख मानिसको मृत्यु हुँदासमेत उदासीन रहेको अफ्रिकी युनियनलाई यो विपत्तिले पनि छोएको देखिँदैन, ऊ अविचलितै देखिन्छ। अफ्रिकी युनियन सदस्य राष्ट्रको मामिलामा 'अहस्तक्षेप'को नीति देखाउँदै पछि हटेको देखिन्छ। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् उस्तै दन्तहीन भएको छ र सुडानबारे अनौपचारिक परामर्शमै सीमित देखिएको छ। यद्यपि सुरक्षा परिषद्को हात रणनीतिक स्वार्थ वा युक्रेन र सिरियाजस्ता ठूला शक्तिबीचको गहिरो विभाजनका कारण बाँधिएको होइन। घोर उपेक्षाका कारण उसको नजर यहाँ नपुगेको हो। अमेरिकाले खासै ध्यान दिन सकेको छैन। उसको ध्यान मुख्यतः युक्रेन र पछिल्लो समय गाजामा देखिन्छ। 'यो मौनता डरलाग्दो छ,' नर्वेजियन रिफ्युजी काउन्सिलका म्याथिल्डे वु भन्छन्।

तर, विश्वले असहाय भएर विपत्तिको तमासा हेर्नु हुँदैन। पैसाका लागि सहायता एजेन्सीहरूले गरेका अनुरोध सरकारले पूरा गर्नुपर्छ। दुबईमा हुन गइरहेको जलवायु परिवर्तनको शिखर सम्मेलनअघि नै अमेरिका र उसका सहयोगीले आमनरसंहारकारी लडाकुलाई हतियारको आपूर्ति रोक्न संयुक्त अरब इमिरेट्सलाई दबाब दिनुपर्छ। अफ्रिकी नेताले आफ्नो कूटनीतिक प्रयासलाई दोब्बर पार्नुपर्छ। सुडानको युद्धरत पक्षलाई नागरिकको सुरक्षा गर्न र सहयोग गर्न सुरक्षा परिषद्ले प्रस्ताव पारित गर्न सक्नुपर्छ। यसले उनीहरूलाई युद्ध अपराधमा मुद्दा चलाइन सकिने चेतावनीको पनि काम गर्नेछ।

यो विश्वमा संकटको खाँचो छैन। तर, यो संकट जटिल छ र अमेरिका सन् २००० को दशकको तुलनामा कम प्रभावशाली भएको छ। पहिले अमेरिकाले ढिलो गरेर डार्फरमा जातीय सफाया रोक्न पहल लिएको थियो। ठूला शक्तिले यसमा ध्यान दिनुपर्छ। हेक्का रहोस्, सुडान अहिले अन्तर्राष्ट्रिय जगत्को उपेक्षाका कारण मरिरहेको छ।

- द इकोनोमिस्टबाट

इतिहासमा आज

नोभेम्बर २१



सन् १९६२: भारत र चीनबीचको युद्ध समाप्त। सीमा विवादलाई लिएर एशियाका शक्तिशाली दुई देश भारत र चीनबीच बारम्बार युद्ध गरेका छन्। त्यस्तै युद्ध सन् १९६२ मा भएको थियो। सीमा विवादको विषयलाई लिएर भएको सो युद्ध एक महिनापछि आजकै दिन समाप्त भएको थियो। चीनले एक पक्षीय ढंगले युद्धबिराम घोषणा गरेको थियो।

- **सन् १९२०** : आयरल्यान्डको स्वतन्त्र युद्धको समयमा एउटा दुःखद र स्मरणीय घटना भयो। ब्रिटीश सरकार र आयरल्यान्डीच भएको युद्धको क्रममा सन् १९२० को २१ अक्टोबरको आइतबार मिसेल कोलिन्स नेतृत्वको आईरिस रिपब्लिक आर्मी (आइआरए) ३० जनाको हत्या गरिदिएको थियो। यसलाई इतिहासमा आयरल्यान्डको ब्लडी सन्डे भनेर चिनिन्छ।
- **सन् १९६४** : संसारकै लामो सस्पेन्सन ब्रिज सर्वसाधारणका लागि खुला भयो। न्युयोर्कको ब्रूकलाईन र स्टेटन टापु जोड्ने सो पुल विश्वकै पहिलो लामो सस्पेन्सन ब्रिज हो। सन् १९८१ मा बेलायतमा निर्माण भएको सस्पेन्सन पुलले अमेरिकी रेकर्ड तोडेको थियो।
- **सन् १९६४** : फ्रान्सेली दार्शनिक तथा लेखक भोल्तेयरको जन्म। राजधानी पेरिसमा आजकै दिन जन्मिएका भोल्तेयरको मृत्यु सन् १७७८ मा ८३ वर्षको उमेरमा निधन भएको थियो।
- **सन् १९७९** : पाकिस्तानस्थित अमेरिकी दूतावासमा हमला। एक अज्ञात मुस्लिम समूहले दूतावासमा आगो लगाईदिएको थियो। मुसलमानहरूको पवित्र सहर मक्काको एउटा मस्जिद बिस्फोटको घटनामा अमेरिकासमेत संलग्न रहेको आरोप लगाउँदै समूहले अमेरिकी दूतावासमा हमला गरेको थियो। आगलागीबाट दूतावास भवनमा क्षति पुग्यो।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५९७२५/०७७/०७८ अन्तर्गत मिति २०७७/१२/०२ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं ३२, कोटेश्वर स्थित **सुदुरपश्चिम खाना घर प्रा. लि.** **संचालक तथा जमानीकर्ता: गणेश बहादुर सिंह** ठेगाना : बझाङ जिल्ला, जयपृथ्वी न.पा. वडा नं. ६ बाबु : चन्द्र बहादुर सिंह बाजे : करविरे बहादुर सिंह	१) चुनुवा सिं कामीको नाति, डम्मर सिं लुहारको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १२ बस्ने दिर्के कामीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगातमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं १२ च स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-९८-१५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) सुदुरपश्चिम खाना घर प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताहरुको विवरण	
	१) रोहीत कुमार वि.क. ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. १२ बाबु : दिर्के कामी बाजे : डम्मर सिं लुहार	**२) चन्द्र बहादुर सिंह** स्थायी ठेगाना : बझाङ जिल्ला, सुवेडा गाउँ पञ्चायत वडा नं. ९ बाबु : करविरे सिंह
	३) प्रिमादेवी सिंह ठेगाना : बझाङ जिल्ला, सुवेडा गा.वि.स. वडा नं. ९ बाबु : महाजित सिंह ससुरा : करविरे सिंह पति : चन्द्र बहादुर सिंह	**४) दिर्के कामी** ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. १२ बाबु : डम्मर सिं लुहार बाजे : चनुवा सिं कामी
	५) दुर्गा देवी कामी ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १२ बाबु : भीम बहादुर कामी ससुरा : डम्मर सिं लुहार पति : दिर्के कामी	**६) निर्मला वि.क.** ठेगाना : कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ बाबु : राम बहादुर विश्वकर्मा ससुरा : दिर्के कामी पति : रोहीत कुमार वि.क.
	ऋणीको विवरण	
२)	१) प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाडौंमा प्राइमेट फर्म दर्ता नं. ३८३५९/१८०६ अन्तर्गत मिति २०६९/०१/२५ मा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, नागार्जुन न.पा. वडा.नं. १० स्थित **अलिसा तयारी पोशाक उद्योग** **संचालक तथा जमानीकर्ता: सहिना खातुन** स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बाबु : जमदार मिया अंसारी ससुरा: ईयासिन मिया अंसारी पति : अजहर अंसारी	**२) सहिना खातुन** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा.नं. १७ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बाबु: जमदार मिया अंसारी ससुरा: ईयासिन मिया अंसारी पति: अजहर अंसारी
	धितोको विवरण	
	१) ईयासिन मिया अंसारीकी बुहारी जमदार मिया अंसारीकी छोरी, अजहर अंसारीकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बस्ने सहिना खातुनको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १३, १४ र १५ को क्षेत्रफल क्रमशः १००.८०, ३१९.०० र १४२.८० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) अलिसा तयारी पोशाक उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	जमानीकर्ताहरुको विवरण	
	१) रेयाज अहमद अंसारी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ बाबु : जमदार मिया अंसारी बाजे : मंजर मिया	**२) सबरा खातुन** ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ बाबु : इशहाक अंसारी ससुरा : मंजर मिया अंसारी पति : जमदार मिया अंसारी
	३) जमदार मिया अंसारी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा. नं. १७ बाबु : मंजर मिया अंसारी बाजे : मुखतलो मिया अंसारी	**४) अजहर अंसारी** ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. १६ बाबु : ईयासिन मिया अंसारी
	ऋणीको विवरण	
	३) महमद अजिज अंसारी ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. १६ बाबु: अजहर अंसारी बाजे: ईयासिन मिया अंसारी	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

बागमती प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
बागमती प्रदेश, हेटौडा

बागमती प्रदेश भित्रका सहकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० मसिर ०५ गते)

यस मन्त्रालयको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार सहकारी संस्थाहरुको लागत साझेदारीमा आधारभूत सहकारी लेखापालन तालिम र आधारभूत सहकारी व्यवस्थापन तालिम संचालन गर्न ईच्छुक सहकारी संघ संस्थाहरुले "सहकारी तालिम सम्बन्धि कार्यविधि, २०८०" को अधिनमा रहि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र बागमती प्रदेश सहकारी विकास बोर्ड, हेटौडामा आई पुग्ने गरी प्रस्ताव पेश गर्न हुन कार्यविधिको दफा ५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

नोट : स्वीकृत सहकारी तालिम सम्बन्धी कार्यविधि, २०८० मन्त्रालयको वेबसाईट mocat.bagamati.gov.np बाट download गरी हेर्न सकिनेछ साथै प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु "सहकारी तालिम सम्बन्धि कार्यविधि, २०८०" को दफा ६ मा उल्लेख भए अनुसार पेश गर्नु पर्नेछ।

ब्रजेश्वरी वचत तथा ऋण सहकारी संस्था लि. सुविधानगर, काठमाण्डौंको ऋण चुक्ता गर्ने बारे
३५(पैंतीस) दिने अत्यन्त जरुरी सूचना।।।
(नयाँ पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८०/०८/०५)

तपसिलको ऋणीले यस संस्थाबाट जग्गा धितोमा राखी घरेलु कार्य प्रयोजनका लागि ऋण लिई सो ऋणको भुक्तानी म्याद समाप्त भई ऋण चुक्ता गर्न आउनुहोस भनी पटक पटक टेलिफोन तथा हुलाकबाट रजिष्टी गरी पत्रबाट ताकेता गर्दा समेत ऋणी तथा जमानीले अटेर गरी ऋणको बाँकी बक्यौता रकम बुझाउन नआई ऋण चुक्ता नगरेकोले पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र यस संस्थालाई भुक्तानी गर्नुपर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर समेत तिर्नु बुझाउनुपर्ने रकम समेत लिई कर्जा चुक्ता गर्न, आउनुहोला। उक्त म्याद भित्र तिर्न बुझाउनुपर्ने रकम तिर्न बुझाउन नआएमा वा तिर्न बुझाउनु पर्ने रकम तिरी, बुझाई सकेको भए सोको प्रमाण पेश नगरेमा निज ऋणीले यस संस्थामा दिएको धितो, सुरक्षण, वापत रहेको जग्गाबाट अपुग भएमा अन्य चल अचल सम्पत्तिबाट असुल उपर गरिनेछ। साथै जमानीमा बस्नु भएको व्यक्तिहरुको समेत चल, अचल सम्पत्ति रोक्का गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो ऋण असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट संबन्धित ऋणी तथा जमानी समेतलाई जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम ठेगाना	जमानीको नाम ठेगाना	
 **नाम:** धन कुमारी ज्यू ठकुरी **पतिको नाम:** जङ्ग बहादुर ज्यू ठकुरी **ससुराको नाम:** बल बहादुर ठकुरी **स्थायी ठेगाना:** लदाभिर-५ **जिल्ला:** सिन्धुली **अस्थायी ठेगाना-** सिनामंगल-९ **जिल्ला:** काठमाण्डौं।	 **नाम:** युवराज ठकुरी **बाबुको नाम:** जङ्ग बहादुर ज्यू ठकुरी **बाजेको नाम:** बल बहादुर ठकुरी **स्थायी ठेगाना:** लदाभिर-५ **जिल्ला:** सिन्धुली **अस्थायी ठेगाना-** सिनामंगल-९ **जिल्ला:** काठमाण्डौं।	 **नाम:** प्रवीण ठकुरी **बाबुको नाम:** जङ्ग बहादुर ज्यू ठकुरी **बाजेको नाम:** बल बहादुर ठकुरी **स्थायी ठेगाना:** लदाभिर-५ **जिल्ला:** सिन्धुली **अस्थायी ठेगाना-** सिनामंगल-९ **जिल्ला:** काठमाण्डौं।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा
गण्डकी प्रदेश, नेपाल

प्राविधिक तथा आर्थिक प्रश्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/८/५

यस नगरपालिकाबाट साझेदारीमा कार्यक्रम संचालन गर्न ईच्छुक निजी क्षेत्र/गैर सरकारी संघ संस्थाहरुको लागि आशय पत्र आह्वानको पुर्व प्रकाशित सूचना बमोजिम म्याद भित्र दर्ता भएका फर्म/संस्थाहरुको प्रश्ताव वालिङ नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम समितिबाट मुल्याङ्कन हुँदा तपसिलमा उल्लेखीत फर्म/संस्थाहरुको को आशय पत्र सारभुत रुपमा प्रभावग्राही भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यविधिको अनुसुची ३ बमोजिम प्राविधिक र आर्थिक प्रश्ताव अलग/अलग पेश गर्नु हुन सम्बन्धीत सबै फर्म/संस्थाहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि.नं.	फर्महरुको नाम
१	ईन्द्रेणी समाज केन्द्र नेपाल, पाल्पा
२	ग्रामिण आर्थिक विकास संघ (रेडा)
३	हेफर प्रजेक्ट नेपाल/दियालो संस्था

प्रमुख प्रशासकीय अधिकृत

लघुवित्तको सामाजिक बैंकिङ मोडेल

लघुवित्तहरू सामाजिक बैंकिङभन्दा पनि कमर्सियल बैंकिङकै मोडेलमा अघि गए, नाफामै केन्द्रित भए, त्यसकै कारण अहिले समस्या आएको हो



अर्थ संवाद

• डा. शालिकराम पोखरेल

पछिल्लो समय लघुवित्त क्षेत्रमा देखिएको समस्या र समाधानबारे नेपाल राष्ट्र बैंकले मंगलबार मात्र अध्ययन प्रतिवेदन प्रकाशित गरेको छ। उक्त प्रतिवेदनले लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न विभिन्न सिफारिस गरेको छ। अब आवश्यक प्रक्रिया पूरा गरेर उक्त सुझावअनुसार नीतिगत निर्णय होलान्। साथै, त्यसको कार्यान्वयन पनि हुँदै जाला। त्यसले लघुवित्त क्षेत्रको समस्या पक्कै पनि समाधान गर्छ।

अब भने हामीले लघुवित्त क्षेत्रको समस्या समाधान दीर्घकालीन रूपमा नै गर्नुपर्छ। त्यसका लागि लघुवित्त संस्थालाई नाफामूलक तथा कमर्सियल बैंकिङभन्दा पनि सामाजिक बैंकिङका रूपमा अघि बढाउनुपर्छ। समग्रमा लघुवित्त वित्तीय संस्थाहरूलाई लघुवित्तको परिभाषाअनुसार नै अघि बढाउनुपर्छ।

समाजमा ब्यांकएबल र गैरब्यांकएबल गरी दुई प्रकारका समुदाय हुन्छन्। एक, ब्यांकएबल समुदायसँग उद्यम, धितो, व्यावसायिक योजना हुन्छन्। जसले गर्दा उनीहरूले प्रत्यक्ष रूपमा कमर्सियल बैंकबाटै कर्जाजस्ता वित्तीय सेवा लिन सक्छन्। तर, समाजमा कुनै पनि अचल सम्पत्ति नभएका, व्यवसाय नभएका व्यक्ति पनि हुन्छन्, जोसँग बैंकमा राख्ने धितोसमेत हुँदैन। तर, उनीहरूलाई कर्जाजस्तो वित्तीय सेवा भने चाहिन्छ। बैंकमा राख्न धितो नहुँदा उनीहरू कमर्सियल बैंकको कर्जाजस्ता वित्तीय सेवाबाट वञ्चित हुन्छन्। साथै, उनीहरू जोखिम पनि लिन सक्दैनन्। त्यो अवस्थामा विपन्न वर्गका समुदायलाई समेत वित्तीय सेवा दिने उद्देश्यअनुसार सामाजिक बैंकिङको अवधारणामा विश्वबजारमै लघुवित्त आएको हो।

नेपालमा पनि सामाजिक बैंकिङ अर्थात् गरिब, सीमान्तकृत, निम्नवर्गका समुदायमा वित्तीय सेवा पुऱ्याउने उद्देश्यअनुसार नै लघुवित्त वित्तीय संस्थाको स्थापना गरिएको हो। त्यस्ता समुदायमा वित्तीय पहुँच पुऱ्याउने, कर्जा विस्तार गर्ने उद्देश्यअनुसार नै राष्ट्र बैंकले लघुवित्तलाई सञ्चालनको अनुमति दिएको हो। सोही कारण नेपालमा वित्तीय पहुँच बढेको पनि छ, यो राम्रो पक्ष हो। तर, राष्ट्र बैंक कहाँ चुक्यो भने लघुवित्तलाई सामाजिक बैंकिङको मोडेलमा अघि बढाउन सकेन। लघुवित्तहरू सामाजिक बैंकिङभन्दा पनि कमर्सियल बैंकिङकै मोडेलमा अघि गए, उनीहरू नाफामै केन्द्रित भए। त्यसैले गर्दा अहिले यस्तो समस्या आएको हो।

राष्ट्र बैंकले सुरुमै लघुवित्तका प्रमोटर (लगानीकर्ता)लाई तपाईंहरू नाफामा केन्द्रित हुने होइन, थोरै नाफामा सामाजिक बैंकिङ विस्तार गर्ने (गरिब, सीमान्तकृतलगायतका समुदायलाई वित्तीय सेवा दिने) भनेर तालिम नै दिनुपर्ने हो। तर, त्यो कुरा राष्ट्र बैंकले प्रमोटरलाई बुझाउन सकेन। स्थापित हुनका लागि लघुवित्त सुरुका केही समय कमर्सियल मोडेलमा अघि बढ्न आवश्यक थियो होला। तर, सधैंभरि नै त्यो मोडेल आवश्यक होइन। तर, लघुवित्तहरू वित्तीय रूपमै बलियोसँग स्थापित हुँदा पनि राष्ट्र बैंकले लघुवित्तलाई सामाजिक बैंकिङको मोडेलमा अघि बढाउन सकेन। लघुवित्त पनि 'क', 'ख', र 'ग' वर्गका बैंकजस्तै कमर्सियल मोडेलमै सञ्चालन भए। राष्ट्र बैंकले सामाजिक बैंकिङको रूपमा लघुवित्तलाई अघि बढाएको भए यो समस्या नै आउने थिएन।

साथै, स्वयं लघुवित्त वित्तीय संस्था पनि सामाजिक बैंकिङ मोडेलमा अघि बढेनन्। सञ्चालकले प्रमुख कार्यकारी अधिकृत (सिइओ)लगायतका व्यवस्थापन समूह, शाखा प्रमुखलगायतका उच्चपदस्थ कर्मचारीलाई व्यवसाय तथा नाफा कमाउने टारगेट दिने प्रवृत्ति पनि देखियो। त्यसले गर्दा पनि लघुवित्त क्षेत्रमा समस्या देखिएको हो।



> स्रोतको अभाव हुँदा पनि अहिले लघुवित्तमा समस्या आएको हो। तसर्थ, अब लघुवित्तका लागि छुट्टै विशेष कोष स्थापना गर्नुपर्छ र त्यसकै पैसामार्फत लघुवित्तले विपन्न वर्गमा कर्जाजस्ता वित्तीय सेवा प्रवाह गर्नुपर्छ।

> कुनै एक ग्राहकलाई लघुवित्तको सेवाबाट निश्चित अवधिमा आर्थिक रूपमा बलियो बनाएर निजलाई कर्जा लगानी गर्न छोड्नुपर्छ। अथवा, ग्राहकलाई वाणिज्य बैंकबाट कर्जा पाउन योग्य बनाएर लघुवित्तले आफ्नो सेवा दिन छोड्नुपर्छ।

सुरु-सुरुमा लघुवित्त क्षेत्रमा समस्या आएन। कमर्सियल बैंकको तुलनामा लघुवित्तको ब्याजदर यसै पनि बढी हुन्छ। त्यसमाथि नाफा कमाउने नाममा पहिला लघुवित्तले २३-२४ प्रतिशतसम्म ब्याज लिए। यद्यपि, राष्ट्र बैंकले पछि त्यसलाई नियन्त्रण गऱ्यो। तर पनि लघुवित्तको ब्याजदर उच्च नै छ। तर, उता ऋणीको कर्जा तिर्ने क्षमता कम भयो। उनीहरूले कर्जा लगेर उत्पादनमा लगानी गरेनन्। अधिकांश ऋण घरखर्चमै प्रयोग भयो। त्यसले गर्दा ऋणीहरूको ऋण तिर्ने क्षमता बढ्न सकेन। त्यसपछि उनीहरूले अर्को लघुवित्तबाट ऋण लिएर लघुवित्तकै ऋण तिर्न थाले। बिस्तारै-बिस्तारै मल्टिपल बैंकिङको समस्या व्यापक भयो। लघुवित्तहरू अल्पकालीन नाफामा केन्द्रित भए। त्यसले गर्दा समस्या देखिएको छ।

लघुवित्त सामाजिक बैंकिङ हो भन्ने, गरिबी निवारण गर्न स्थापना गरिएको भनेर तर्क पनि गर्ने, तर कार्यसम्पादन भने कमर्सियल बैंकको जस्तै छ। नाफामा केन्द्रित हुने, सेयरबजारमा सूचीकृत हुने, कर्मचारीलाई व्यवसायको टारगेट दिने विषय लघुवित्तको अवधारणामै पर्दैन, जुन नेपालका लघुवित्तले गर्दै आएका छन्। त्यसमाथि राष्ट्र बैंकको नियमन पनि बलियो तथा प्रभावकारी देखिएन। अनि कहाँबाट समस्या समाधान हुन्छ?

लघुवित्तहरू बलियो हुन सुरुमा केही समय कमर्सियल हुनुपर्थ्यो होला। तर, सदावहार त्यो आवश्यक होइन। कमर्सियल बैंकिङ गर्ने कि सामाजिक बैंकिङ गर्ने भनेर लघुवित्तहरूले छुट्याउनुपर्ने थियो, जुन गरिएन। लघुवित्त पनि एउटै ग्राहकलाई सधैंभरि लुट्ने रणनीतिमा गए। वास्तवमा लघुवित्तको ग्राहक स्थायी हुनुहुँदैन। कुनै एक ग्राहकलाई लघुवित्तको सेवाबाट निश्चित अवधिमा आर्थिक रूपमा बलियो बनाएर निजलाई कर्जा लगानी गर्न छोड्नुपर्छ। अथवा, ग्राहकलाई वाणिज्य बैंकबाट कर्जा पाउन योग्य बनाएर लघुवित्तले आफ्नो सेवा दिन छोड्नुपर्छ। तर, लघुवित्तहरू ग्राहकलाई सधैंभरि आफैं कर्जा दिएर लुट्ने रणनीतिमा अघि बढे। उनीहरूको क्षमता विकासमा सहयोग गरेनन्। यस कारण पनि समस्या आएको हो।

यसैगरी, स्रोतको अभावले पनि यस्तो समस्या आएको हो। लघुवित्तका लागि वित्तीय स्रोत भनेको कमर्सियल बैंकलगायतका दातृ निकाय हुन्। उनीहरूले वाणिज्य बैंकहरूबाट कर्जा ल्याएर ग्राहकलाई कर्जा प्रवाह गर्ने हो। त्यस्तो कर्जा ल्याउँदा लेयर (तह) बढी हुन्छ। त्यसले स्वतः ब्याजदर बढाउँछ। त्यसको भार ग्राहकलाई परेको छ।

मुख्यतः लघुवित्तको मुख्य जड समस्या नै यिनै हुन्। तसर्थ, यसकै आधारमा समाधानको बाटो खोज्नुपर्छ। स्रोतको अभाव हुँदा पनि अहिले लघुवित्तमा समस्या आएको हो। तसर्थ, अब लघुवित्तका लागि छुट्टै विशेष कोष स्थापना गर्नुपर्छ र त्यसकै पैसामार्फत लघुवित्तले विपन्न वर्गमा कर्जाजस्ता वित्तीय सेवा प्रवाह गर्नुपर्छ। अहिले कमर्सियल बैंकहरूले विपन्न क्षेत्रमा ५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने प्रावधान छ। तर पनि नेपालमा गरिबी निवारण भएको छैन। तसर्थ, अब त्यस्तो पैसा, सरकारका विभिन्न कोष भएको पैसा एकै ठाउँमा जम्मा गरेर एउटा विशेष कोष बनाउनुपर्छ र त्यही पैसामार्फत नै लघुवित्तले विपन्न क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्छ। त्यसो गर्दा लघुवित्तहरूमा तरलता अभावको समस्या हुँदैन। साथै, कर्जाको ब्याजदर सस्तो बनाउन पनि ठूलो सहयोग पुग्छ। साथै, लघुवित्तको मोडेल नै सामाजिक बैंकिङ बनाउनुपर्छ। लगानीकर्तालाई नै तिमीहरू नाफामूलक होइन, थोरै नाफामा विपन्न वर्गमा वित्तीय सेवा विस्तार गर्न कन्भिन्स गराउनुपर्छ।

(पोखरेल लघुवित्त विज्ञ हुन्)

अर्थ जानकारी

कुन महिना कति पर्यटक? (हवाई यात्रु)

अक्टोबर महिनादेखि नेपालमा पर्यटक आगमन कोभिडअघिकै अवस्थामा फर्किएको छ। सन् २०२३ अक्टोबरमा एक लाख १७ हजार ३०६ पर्यटक जहाज चढेर नेपाल घुम्न आएका हुन्। कोभिड सुरु हुनुअघि सन् २०१९ को अक्टोबरसँग तुलना गर्दा यो महिना ३ प्रतिशत बढी पर्यटक भित्रिएका छन्। २०१९ अक्टोबरमा हवाई यात्रा गरी एक लाख १३ हजार ८१६ पर्यटक नेपाल भ्रमणमा आएका थिए।

महिना	सन् २०२३	सन् २०२२
जनवरी	५५,०७४	१६,९७५
फेब्रुअरी	७३,२५५	१९,७६६
मार्च	९९,४२६	४२,००६
अप्रिल	९८,७७३	६१,५८९
मे	७७,७०३	५३६०८
जुन	७२,२५०	४६,९५७
जुलाई	५७,७२६	४४,४६२
अगस्ट	६७,१५३	४१,३०४
सेप्टेम्बर	९१,०१२	५८,३१४
अक्टोबर	१,१७,३०६	८८,५८२
कुल	८,०९,६७८	४,७३,५६३

अर्थ मन्तव्य

अर्थतन्त्रले लय पक्रिँदै छ



समग्रमा हाम्रो अर्थतन्त्रले लय पक्रिँदै छ, विप्रेषण, पर्यटक आगामन र शोधान्तरको स्थितिले हामी राम्रो अवस्थामा छौं। कारोबार कम भइरहेको, उत्पादन कम, लगानी वृद्धि नभइरहेको अवस्था छ, यस विषयमा पनि समीक्षा भयो। जग्गा कारोबार, बैंकबाट कर्जा प्रवाह बढेको र गत वर्षको तुलनामा पुँजीगत खर्च पनि बढेको र साधारण खर्चमा मितव्ययी भएको छ। लक्ष्यअनुसार हामीले उपलब्धि हासिल गरिरहेका छौं। समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउन सुझाब, सल्लाहसहित थप के गर्न सकिन्छ भन्ने विषयमा सरकारले निजी क्षेत्रसँग छलफल गरिदै छ। आन्तरिक संरचनामा के उपलब्धि भयो, वर्तमान समस्या र चुनौती तथा आगामी कार्यदिशा के लिएर अगाडि बढ्दै छौं भन्ने विषयमा निजी क्षेत्रको पनि सुझाब लिने योजना रहेको छ।

(देशको वर्तमान अर्थतन्त्रबारे छलफल गर्न सोमबार प्रधानमन्त्रीनिवास बालुवाटारको बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतको विचार)

अर्थ ज्ञान

मालवस्तुको वर्गीकरण भनेको के हो?



विश्व व्यापारमा रहेका अनगिन्ती वस्तुहरूको प्रकृति, प्रयोग, गुण र निर्माण उपभोगका आधारमा समान वस्तुहरूलाई निश्चित संकेत नम्बरमा समूहीकृत गर्ने पद्धति नै वस्तु वर्गीकरण हो। नेपालमा वस्तु वर्गीकरणमा हार्मोनाइज्ड प्रणाली अपनाइएको छ। यो कस्टम कोअपरेसन काउन्सिल नोमेन्क्लेचर (सिसिसिएन) र स्ट्यान्डर्ड इन्टरनेसनल ट्रेड क्लासिफिकेसन (एसआइटिसी)को समायोजित र विकसित रूप हो। हार्मोनाइज्ड प्रणाली आर्थिक वर्ष ०४९/५० देखि लागू भएको हो। यस पद्धतिमा समय-समयमा भएका संशोधनलाई समावेश गर्दै आइएको छ। पछिल्लो संशोधनअनुसार यस पद्धतिको २०१२ को संस्करण लागू गर्ने कार्य भइरहेको छ।

- भन्सार विभाग

आर्थिक विकासमा जर्मनीभन्दा फ्रान्स अगाडि

पछिल्ला वर्षमा आर्थिक प्रगति गरेको फ्रान्सले यो वर्ष क्रुज जहाज र विमान बेचेरै अर्बौं युरो कमाएको छ

> राष्ट्रपति इमानुएल म्याक्रों सत्तामा आएपछि लागू गरेका महत्त्वाकांक्षी सुधार नै हालको परिणाम हो। म्याक्रोंले कर्पोरेट ट्याक्स घटाए, श्रम बजारलाई उदार बनाए, बेरोजगारी बिमामा सुधार गरे र पेन्सन सुधारलाई अगाडि बढाए।

आर्थिक सुधारको कमी र उच्च बेरोजगारीका कारण कुनै बेला फ्रान्सलाई युरोपकै 'बिरामी' देश मानिन्थ्यो। तर, अब स्थिति फेरिएको छ। फ्रान्सको अर्थतन्त्रमा यो वर्ष अर्थात् सन् २०२३ को दोस्रो त्रैमासमा ०.६ प्रतिशत र तेस्रो त्रैमासमा ०.१ प्रतिशतको वृद्धि भएको छ। तर, जर्मनीमा भने तेस्रो त्रैमासमा उत्पादनमा गिरावट देखिएको छ। उक्त गिरावटले आर्थिक मन्दी अझै लम्बिन सक्ने अर्थशास्त्रीले आकलन गरेका छन्।

अर्थशास्त्रीले पछिल्ला कही वर्षमा फ्रान्सले गरेको प्रगतिको प्रशंसा गरेका छन्। अर्थशास्त्री तथा पेरिसस्थित थिंक ट्यांक सेर्क्ल डिपार्नियाका प्रमुख फिलिप क्रेभेलका अनुसार फ्रान्सका कम्पनीले यो वर्ष क्रुज जहाज र विमान बेचेर अर्बौं युरो कमाए। यो वृद्धि फ्रान्सको तथ्यांकमा पनि देखिन्छ।

फ्रान्स-जर्मनीबीच संरचनागत अन्तर : त्यसो त यी दुई देशमा संरचनागत फाइदा पनि छन्। फ्रान्ससँग ठूलो सर्भिस सेक्टर छ। उक्त सर्भिस सेक्टरबाट पछिल्ला दिनमा राम्रै नतिजा आएको छ, विशेषगरी पर्यटन क्षेत्रमा। हिजोआज स्पेनको अर्थतन्त्र बढ्नुमा पनि यही कारण मानिन्छ।

फ्रान्सको वृद्धि र व्याख्या गर्दै क्रेभेल, परम्परागत रूपमा जर्मनीको अर्थतन्त्र बलियो औद्योगिक क्षेत्र र निर्यातमा निर्भर रहेको बताउँछन्। तर, अब जर्मनीको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय व्यापारमा विवादको प्रभाव देखिन थालेको छ। यसका साथसाथै चीन, अमेरिका र युरोपियन युनियन (इयू) बीच व्यापारिक होडको पनि असर देखिन थालेको छ। कारण, यी सबैले आ-आफ्ना सीमा तय गर्न थालेका छन्।

त्यसो त ऊर्जाको उच्च मूल्यको प्रभाव पनि जर्मनीमा नपरेको होइन। यही कारणले गर्दा जर्मनीका उद्योगलाई उत्पादन र यातायात लागतमा भार परेको छ। हालसम्म जर्मनी रुसबाट पाइपलाइनमार्फत हुने ग्यास आपूर्तिमा अधिक निर्भर थियो। सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमाथि हमला गऱ्यो। त्यसपछि भने जर्मनीले रुसबाट आयात बन्द गऱ्यो। यसको ठीक विपरीत फ्रान्ससँग सस्तो परमाणु ऊर्जा छ। विद्युत् उत्पादनमा परमाणु ऊर्जाको हिस्सा ७० प्रतिशत रहेको मानिन्छ।



जलवायु नीति र जर्मनी अटो उद्योगमा परेको प्रभावले पनि ठूलो भूमिका खेलेका छन्। यी क्षेत्र अहिलेसम्म विद्युतीय सवारीसाधनको यात्रामा परिवर्तनका लागि अनुकूल बनिसकेका छैनन्। विद्युतीय सवारीसाधनमा प्रयोग हुने ब्याट्रीको उत्पादन अझै पनि चीनमा भइरहेको छ।

संकटमा फ्रान्सको प्रतिक्रिया : पेरिसस्थित अडिटिङ कन्सल्टेन्सी बिओडीका मुख्य अर्थशास्त्री सोफी आल्सिफका अनुसार फ्रान्सको आर्थिक प्रदर्शन धेरै हदसम्म घरेलु खपतमा निर्भर छ। पछिल्ला केही वर्षमा संकटले घरेलु मागलाई प्रभावित बनाए पनि मागमै भने गिरावट आएको छैन।

रुस-युक्रेनबीचको जारी युद्धबाहेक विश्वले कोभिड महामारी पनि झेल्नुपऱ्यो। यो संकटलाई फ्रान्सले तुलनात्मक रूपमा राम्रैसँग पार गऱ्यो। महामारीका बेला देशले परिवार र कम्पनीलाई उनीहरूको खपत र लगानी जारी राख्न ठूलो परिमाणमा अनुदान र कर्जा उपलब्ध गरायो। त्यसैगरी, ऊर्जा संकटमा पनि फ्रान्सले आफूलाई बलियो प्रस्तुत गर्दै सरकारको समर्थनमार्फत अर्थतन्त्रलाई बचायो।

सुधार ल्याउँदै म्याक्रों : फ्रान्सेली अर्थतन्त्रले अहिले जुन खालको आर्थिक प्रदर्शन गरेको छ, त्यसका थुप्रै कारण छन्। राष्ट्रपति इमानुएल म्याक्रों सन् २०१७ मा सत्तामा आएपछि उनले लागू गरेका महत्वाकांक्षी सुधार नै हालको परिणाम हो। म्याक्रोंले कर्पोरेट ट्याक्स घटाए, श्रम बजारलाई उदार बनाए, बेरोजगारी बिमामा सुधार गरे र जनताले मान्न राजी नभएको पेन्सन सुधारलाई अगाडि बढाए।

म्याक्रोंका सुधार एजेन्डाको प्रभावले देशमा बेरोजगारी दर पनि घटाएको छ। जुन विगत दुई दशकमा सर्वाधिक कम अर्थात् ७ प्रतिशत छ। तर, यसबारे अर्थशास्त्री काथरिन माच्युको धारणा विपरीत छ। पेरिसस्थित साइन्सेस पो युनिभर्सिटीमा इकोनोमिक अब्जर्भेटरीमा अर्थशास्त्री रहेका माच्यु फ्रान्सको अर्थतन्त्र कुनै आदर्श नभएको बताउँछन्। 'जर्मनीले पछिल्ला तीन वर्षमा खराब प्रदर्शन गरेको छ भन्ने होइन,' उनी भन्छन्, 'सन् २०१९ को अन्त्यदेखि युरोजोनको जिडिपी औसत ३.१ प्रतिशतले बढेको छ। १.७ प्रतिशतको वृद्धिसहित फ्रान्स यो सूचीमा कहीं बीचमा छ। तर, जर्मनी ०.२ प्रतिशतको वृद्धिसहित सबभन्दा तल्लो स्तरमा छ।'

फ्रान्सको सफलताको नकारात्मक कदम : खासमा फ्रान्सले जर्मनीको पदचाप पछ्याउँदै छ र नयाँ शिराबाट औद्योगीकरणलाई जोड दिएको छ। यसबाहेक युरोजोनका देशले भिन्दाभिन्दै संरचना भएको अर्थतन्त्र विकसित गर्नुपर्छ। कारण, सबै देश एकैपटक मन्दीमा नधकेलिऊन्। यद्यपि, फ्रान्सको सफलतामा केही नकारात्मक पक्ष पनि छन्। देशको सार्वजनिक कर्जा तीन ट्रिलियन (३०० खर्ब) पुगेको छ। यो जिडिपीको तुलनामा करिब ११३ प्रतिशत हो, जुन २०१९ मा मात्र १०० प्रतिशत थियो। त्यसैगरी, वार्षिक बजेट घाटा पनि पाँच प्रतिशत छ। यो ब्रसेल्सले तय गरेको घाटाको तीन प्रतिशतको सीमाभन्दा बढी नै हो।

कैयौं अर्थशास्त्रीले माथिका विभिन्न सुधारका कारण फ्रान्स तत्कालै टाट नपल्टिने बताउँछन्। तर, यसको असर भने फ्रान्सको कुल कर्जामाथि पर्नेछ।

- एजेन्सीको सहयोगमा

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ५ मंसिर ०८०

डिजिटल कारोबार नसकिँदै पैसा काटिए तीन दिनभित्र फिर्ता गर्नुपर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अब मोबाइल बैंकिङ, वालेट, इन्टरनेट बैंकिङजस्ता डिजिटल भुक्तानीको माध्यमबाट हुने कारोबार असफल भई सम्बन्धित खाताबाट पैसा काटिएमा 'फोर्स सेटलमेन्ट' गर्नुपर्ने भएको छ। यसअघि निश्चित समय नतोकिँदा कतिपय बैंक तथा सेवाप्रदायकले हप्तौँसम्म पनि यस्तो कारोबारको सेटलमेन्ट नगरिदिने समस्या थियो। तर, मोबाइल बैंकिङ, वालेट, इन्टरनेट बैंकिङजस्ता उपकरणबाट हुने असफल कारोबारको सटेलमेन्ट घटनाको प्रकृतिअनुसार एक दिनदेखि ३० दिनभित्र गर्नुपर्ने गरी नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरेको छ।

राष्ट्र बैंकले सोमबार भुक्तानी प्रणालीसम्बन्धी निर्देशिका संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो। निर्देशिकाअनुसार पैसा पठाउने र पाउने खाता एउटै संस्थाको भएमा कारोबार भएको भोलिपल्टसम्म फोर्स सेटलमेन्ट गर्नुपर्नेछ। पैसा पठाउने र पाउने खाता फरक-फरक संस्थाका भएमा कारोबार भएको तीन दिनभित्र फोर्स सेटलमेन्ट गनुपर्छ। त्यस्तै, पठाउने र पाउने खातामध्ये कुनै एक विदेशी संस्था भएमा कारोबार भएको ३० दिनभित्र फोर्स सेटलमेन्ट गर्नुपर्ने निर्देशनमा उल्लेख छ।

डिजिटल माध्यमबाट भुक्तानी गर्दा कतिपय अवस्थामा कारोबार असफल भए पनि पठाउने व्यक्ति तथा संस्थाको खाताबाट पैसा काटिए पनि पाउनुपर्ने व्यक्ति तथा संस्थाको खातामा जम्मा हुँदैन। तर, त्यस्तो कारोबारको फोर्स सेटलमेन्ट, रिफन्डमा भने ढिलाइ हुने गरेको छ। त्यसले गर्दा ग्राहकले निकै सास्ती भोग्नुपरेको छ। सोही अवस्थालाई लक्षित गर्दै यसमा समयसीमा तोकिएको राष्ट्र बैंकको भनाइ छ।



यस नीतिले ग्राहकलाई सहजता प्रदान गर्ने राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा भुक्तानी प्रणाली विभागका प्रमुख गुरुप्रसाद पौडेलले बताए। साथै, फोर्स सेटलमेन्ट गर्ने दायित्व सम्बन्धित दुवै संस्थालाई हुने उनको भनाइ छ। यसैगरी ग्राहकलाई साबिकमा उपलब्ध गराइँदै आइएको मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, एमएमएस बैंकिङजस्ता सुविधा जानकारी नदिई बन्द गर्न नपाइने नीति पनि ल्याइएको छ।

यस्तै, भुक्तानी सेवाप्रदायकले विद्युतीय कारोबारमा आउने जोखिमको पहिचान, विश्लेषण र व्यवस्थापनलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यविधि बनाउँदा साइबर रिजिलेन्स गाइडलाइनलाई आधार बनाउनुपर्ने उल्लेख छ। राष्ट्र बैंकले गत भदौ १० गते साइबर रिजिलेन्स गाइडलाइन जारी गरेको थियो। त्यसकै आधारमा साइबर सुरक्षासम्बन्धी कार्यविधि बनाउनुपर्ने राष्ट्र बैंकको निर्देशन छ। यसैगरी, अब बैंक तथा वित्तयी संस्थाहरूले नेपालमा सञ्चालन गर्न लागिएको नेसनल पेमेन्ट स्विच र डोमेस्टिक कार्ड योजनामा अन्तरआबद्ध हुन आफ्नो प्रविधिलाई आवश्यक परिमार्जन गर्नुपर्ने पनि राष्ट्र बैंकको नीति छ।

संस्थापक सेयरधनीलाई आफ्नै बैंकबाट ऋण लिन रोक

राष्ट्र बैंकले संस्थापक सेयरधनीलाई आफू आबद्ध संस्था (बैंक तथा वित्तीय संस्थालगायत)बाट ऋण लिन रोक लगाएको छ। यसअघि बैंक तथा वित्तीय संस्थाको सञ्चालकलाई मात्रै पेस्की तथा ऋण सुविधा लिन रोक लगाइएको थियो। अब सञ्चालकसहित संस्थापक सेयरधनीले पनि आफू आबद्ध संस्थाबाट कुनै पनि प्रकारको पेस्की तथा ऋण-सापटी लिन नपाउने नीति ल्याइएको छ। कर्जाको दुरुपयोग घटाउने र सदुपयोग बढाउने उद्देश्यअनुरूप यो नीति ल्याएको कार्यकारी निर्देशक पौडेलले बताए।

यसैगरी कुनै एक बैंक तथा वित्तीय संस्था, मनी चेन्जर, विप्रेषण कम्पनी, भुक्तानी सेवाप्रदायक, भुक्तानी प्रणाली सञ्चालकमा सञ्चालक-पदाधिकारीका रूपमा बहाल रहेको व्यक्ति एकैपटक भुक्तानीसम्बन्धी कार्य गर्ने अर्को संस्थामा प्रतिनिधित्व गर्न नपाउने नीति पनि ल्याइएको छ। यद्यपि, अर्को संस्थामा लगानी रहेको अवस्थामा लगानीकर्ता संस्थाको तर्फबाट कर्मचारीले सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउनेछन्। साथै, नेपाल सरकार वा राष्ट्र बैंकले नियुक्त गरेको अवस्थामा पनि यस व्यवस्थाले बाधा नहुने बताइएको छ। यसैगरी अब भुक्तानी सेवाप्रदायक संस्थाको सेयर किन्ने व्यक्तिको प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि नभएको हुनुपर्ने व्यवस्था पनि गरिएको छ।

असारभित्र ग्राहकको केवाइसी अपडेट गर्नुपर्ने

बैंकलगायतका भुक्तानी सेवाप्रदायकले आगामी असार मसान्तभित्र ग्राहक पहिचानसम्बन्धी सबै कागजपत्र तथा विवरण लिई ग्राहक पहिचान गर्नुपर्ने भएको छ। बैंक तथा वित्तीय संस्थालगायतका भुक्तानी सेवाप्रदायकले ग्राहक पहिचान (केवाइसी)सम्बन्धी निर्देशनका आधारमा ग्राहकबाट आवश्यक विवरण लिनुपर्छ। अब बैंक तथा वित्तीय संस्थालगायतका भुक्तानी सेवाप्रदायकले त्यस्ता ग्राहकबाट आगामी असार मसान्तभित्र सम्पूर्ण कागजपत्र तथा विवरण लिनुपर्ने राष्ट्र बैंकको भनाइ छ।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्थाअनुरूप यस्तो नीति ल्याइएको छ। यसअन्तर्गत अब बैंकलगायतका सेवाप्रदायकले लेखापरीक्षण प्रतिवेदनमा पनि सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यसम्बन्धी जोखिमको समेत विश्लेषण गर्नुपर्ने नीति ल्याइएको छ।

आगामी साता मौद्रिक नीतिको समीक्षा

अर्थतन्त्र चलायमान बनाउने अपेक्षा

ब्याजदर घटाउने गरी मौद्रिक औजार परिचालन गर्न निजी क्षेत्रको सुझाव, सेयर धितो कर्जाको सीमा हटाउन लगानीकर्ताको माग

पवन तिमिल्सिना/नयाँ पत्रिका

आगामी साता चालू आर्थिक वर्ष ०८०/८१ को मौद्रिक नीतिको प्रथम समीक्षा सार्वजनिक गर्ने तयारी नेपाल राष्ट्र बैंकले गरेको छ। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत लचिलो नीति लिएको राष्ट्र बैंकले त्रैमासिक समीक्षामार्फत नीतिगत परिवर्तन कस्तो गर्ला भन्ने चौतर्फी चासो बढेको छ। केन्द्रीय बैंकले चालू आर्थिक वर्षमा लघुवित्त वित्तीय संस्थाको समस्या समाधानका लागि तयार पारेको अध्ययन प्रतिवेदनको सुझावलाई पहिलो त्रैमासदेखि नै कार्यान्वयनमा लैजाने आकलन गरिएको छ। अहिले मौद्रिक नीतिको समीक्षामै तयारीमा राष्ट्र बैंककेन्द्रित रहेको आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले जानकारी दिए। उनले भने, 'हामी अहिले मौद्रिक नीतिको प्रथम त्रैमासको समीक्षाको तयारीमा छौँ। अर्को सातासम्म सम्पूर्ण तयारी पूरा गर्ने लक्ष्य राखेका छौँ।'

ब्याजदर घटाउनुपर्ने रटान कायमै

नीतिगत दरलाई घटाएर केन्द्रीय बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नै ब्याजदरसम्बन्धी व्यवस्था लचिलो बनाएको संकेत दिइसकेको छ। यद्यपि, बाह्य क्षेत्रमा आएको सुधार र तरलता सहजताको स्थितिमा अपेक्षित रूपमा ब्याजदर घट्न नसकेको निजी क्षेत्रको गुनासो छ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले अब बाह्य क्षेत्र सुविधाजनक स्थितिमा पुगेका वेलामा केन्द्रीय बैंकले बजारको माग बढाउने नीति लिनुपर्ने बताए। ब्याजदर घटाउने गरी मौद्रिक उपकरण परिचालन गर्नुपर्ने उनको भनाइ छ। उनले भने, 'उत्पादन र व्यवसाय बढाउने गरी राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षा सार्वजनिक गर्नुपर्छ। यसका लागि ब्याजदर घटाउने नीति अघि सार्नुपर्छ।' निर्यात र उत्पादनकेन्द्रित सहुलियतपूर्ण कर्जा र पुनर्कर्जालाई निरन्तरता दिने नीति केन्द्रीय बैंकले लिनुपर्ने उनको भनाइ छ।

बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)का अध्यक्ष पवन गोल्यानले उत्पादनशील क्षेत्रमा प्रवाह हुने कर्जाको ब्याजदर ९ प्रतिशतभन्दा बढी लिन नपाइने गरी केन्द्रीय बैंकले नीति लिनुपर्ने बताए। उनले भने, 'अरू क्षेत्रमा जे भए पनि कृषि, उद्योग, निर्माणजस्ता उत्पादनशील भनिएका क्षेत्रको कर्जाको ब्याजदर ९ प्रतिशतभन्दा बढी नहुने व्यवस्था गर्नुपर्छ।'

साना कर्जा प्रवाहमा सहजताका लागि नीतिगत व्यवस्था भए पनि कार्यान्वयन फितलो भएको उनको भनाइ छ। त्यस्तै, बैंकहरूले ब्याजदरलाई प्रतिस्पर्धाका आधारमा निर्धारण गरेको भनिए पनि ब्याजदर घटाउन नसकेको उनको भनाइ छ। उनले भने, 'निक्षेपको ब्याजदर एक महिना बढाउने, अर्को महिना घटाउने गर्दा अपेक्षित रूपमा घट्न सकेको छैन।' उनका अनुसार ब्याजदर घटाउँदा १० प्रतिशतको सीमा हटाउनुपर्ने बताए। उनले भने, 'बजारमा ब्याजदर सजिलै घटाउने नीति लिने हो भने घटाउँदा लाग्ने १० प्रतिशतको सीमा हटाउनुपर्छ। त्यसपछि मात्रै ब्याजदर अपेक्षित रूपमा घट्दै जान्छ।'

स्वदेशी कच्चा पदार्थमा आधारित र आयातीत कच्चा पदार्थमा आधारित उद्योगलाई बैंक तथा वित्तीय संस्थाहरूले फरक कर्जा प्रवाह गर्नुपर्ने उनको भनाइ छ।


माग बढाउन ब्याजदर घटाउनुपर्छ



● हेमराज ढकाल, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

राष्ट्र बैंकले बजारमा माग बढाउन ब्याजदर घटाउनुपर्छ। यसका लागि मौद्रिक औजार प्रयोग गर्नुपर्छ। व्यापार बढाउने खालको नीति लिनुपर्छ। बजारमा पैसा पठाउने गरी ब्याजदर घटाउनुपर्छ। सेयर र रियल इस्टेट मेरुदण्ड हो। यसलाई सम्बोधन गर्नुपर्छ। व्यापार, उद्योग र निर्माण क्षेत्रमा पुनर्कर्जालाई निरन्तरता दिनुपर्छ।

कर्जाको ब्याजदर एकल अंकमा आउनुपर्छ



● पवन गोल्यान, अध्यक्ष, बैंक तथा वित्तीय संस्था परिसंघ

ब्याजदर थपघट गर्दा १० प्रतिशतको सीमा लाग्दै आएको छ। अब ब्याजदर घटाउने हो, यस्तो सीमा हटाउनुपर्छ। निक्षेपको ब्याजदर अझै घटेको छैन। एक महिना बढाउने, एक महिना घटाउने हुनुपर्छ। ऋण लिने ब्याजदर एकल अंकमा आउनुपर्छ। उत्पादनशील क्षेत्रको ब्याजदर कृषि, निर्माण क्षेत्रको ब्याजदर ९ प्रतिशतमा झार्नुपर्छ।

सेयर धितो कर्जाको सीमा हटाउनुपर्छ



● छोटेलाल रौनियार, पूर्वअध्यक्ष, नेपाल इन्भेस्टर्स फोरम

मौद्रिक नीतिबाट यसअघि पनि सेयर धितो कर्जामा लगाइएको सीमा हटाइनुपर्छ भन्दै आएका हौँ। आशा छ, आगामी समीक्षामा राष्ट्र बैंकले यस विषयमा केही निर्णय गर्नेछ। हामीले कर्जा सीमा हटाइनुपर्छ र १५० प्रतिशतको जोखिमभार १०० मा झार्नुपर्ने माग राख्दै आएका छौँ।

कर्जा विस्तार नहुँदा आम्दानी प्रभावित भयो



● सुदेश खालिङ, प्रमुख कार्यकारी अधिकृत, एभरेष्ट बैंक

आर्थिक शिथिलताका कारण कर्जाको माग न्यून छ। अहिले बैंकहरूमा पाँच खर्ब रुपैयाँ हाराहारीमा तरलता (लगानीयोग्य पैसा) थुप्रिएको छ। कर्जा विस्तार नहुँदा बैंकहरूको आम्दानीसमेत प्रभावित भएको छ। राष्ट्र बैंकले उचित ब्याजदरमा बैंकहरूमा थुप्रिएको पैसा उठाइदिनुपर्छ।

सेयर बजार बढाउने आकांक्षा

पछिल्लो समय पुँजी बजार ओरालो लागिरहेको समयमा मौद्रिक नीतिको समीक्षाले यसको सम्बोधन गर्ने लगानीकर्ताको अपेक्षा छ। यसका लागि केन्द्रीय बैंकले सेयर धितो कर्जाको सीमा पूर्ण रूपमा हटाउनुपर्ने माग उनीहरूको छ। नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले मौद्रिक नीतिको समीक्षाबाट सेयर धितो कर्जामा लगाइएको सीमा हटाउनुपर्ने र १५० प्रतिशतको जोखिम भारसम्बन्धी व्यवस्था संशोधन गर्नुपर्ने बताए। उनले भने, 'सेयर धितोकर्जाको सीमा हटाउनुपर्छ भनेर विभिन्न फोरममार्फत भन्दै आएका छौँ। आशा छ, आगामी समीक्षामा राष्ट्र बैंकले यस विषयमा केही निर्णय गर्नेछ।'

उनले सेयर धितो कर्जाको जोखिमभार १५० प्रतिशतबाट झारेर १०० पुऱ्याउनुपर्ने बताए। हाल राष्ट्र बैंकले व्यक्तिगत लगानीकर्ताको हकमा १५ करोड रुपैयाँ कर्जा सीमा र संस्थागत लगानीकर्ताको हकमा २० करोड रुपैयाँ कर्जा सीमा तोकिएको छ। यो सीमा खारेज हुनुपर्ने सेयर कारोबारीहरूको माग छ।

बैंकमा थुप्रिएको पैसा राष्ट्र बैंकले उठाइदिनुपर्‍यो : बैंकर

बैंकहरूमा थुप्रिएको पैसा केन्द्रीय बैंकले बढी ब्याजदरमा उठाइदिनुपर्ने अपेक्षा बैंकरहरूको छ। एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले भने, 'आर्थिक शिथिलताका कारण अहिले कर्जाको माग न्यून छ। फलस्वरूप अहिले बैंकहरूमा पाँच खर्ब हाराहारीमा तरलता (लगानीयोग्य पैसा) थुप्रिएको छ। कर्जा विस्तार नहुँदा बैंकहरूको आम्दानीसमेत प्रभावित भएको छ। चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो त्रैमासमा वाणिज्य बैंकहरूको औसत नाफा २८ प्रतिशत हाराहारीले घटेको छ। यो अवस्थामा राष्ट्र बैंकले उचित ब्याजदरमा बैंकहरूमा थुप्रिएको पैसा उठाइदिनुपर्छ।'

यसैगरी, उनले अर्थतन्त्र चलायमान बनाउन सरकारले राहत प्याकेज तथा विशेष नीतिहरू ल्याउनुपर्ने बताए। 'अर्थतन्त्र चलायमान बनाउन ब्याजदर घटाउनुपर्नेजस्ता तर्कहरू आउँछन्। तर, ब्याजदर घटेर अर्थतन्त्र चलायमान हुने, बढेर शिथिल हुने भन्ने होइन। ब्याजदर बजारको अवस्थाअनुसार परिवर्तन हुने हो। तसर्थ, अर्थतन्त्र चलायमान बनाउने नाममा ब्याजदर घटाउनतर्फ लाग्नुहुँदैन,' उनले भने, 'यसका लागि सरकारले छुट्टै राहत प्याकेजहरू ल्याउनुपर्छ।' सही ठाउँमा सरकारी खर्च बढाउने, व्यापार बढाउने, माग बढाउनेजस्ता विषयमा सरकारले विशेष राहत तथा नीति ल्याउनुपर्ने उनको भनाइ छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

अर्थतन्त्र चलायमान बनाउन सरकारले निजी क्षेत्रको सुझाव लिने

काठमाडौं/ सरकारले अर्थतन्त्र थप चलायमान बनाउन निजी क्षेत्रको सुझाव लिने भएको छ। अर्थतन्त्रका वर्तमान समस्या समाधानका लागि सरोकारवाला सरकारी निकाय र निजी क्षेत्रलाई एक ठाउँमा राखेर छलफल गर्ने भएको हो।

देशको वर्तमान अर्थतन्त्रबारे छलफल गर्न सोमबार साँझ प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको बैठकले अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रसँग सुझाव लिने निर्णय गरेको हो। मंगलबार निजी क्षेत्रसँग छलफल गर्ने निर्णय भएको अर्थमन्त्री डा. प्रकाशशरण महतले जानकारी दिए। 'समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउन सुझाव, सल्लाहसहित थप के गर्न सकिन्छ भन्ने विषयमा सरकारले निजी क्षेत्रसँग भोलि दिउँसो २ बजे प्रधानमन्त्री कार्यालय सिंहदरबारमा छलफल गर्ने निर्णय भएको छ,' अर्थमन्त्री डा. महतले भने, 'आन्तरिक संरचनामा के उपलब्धि भयो, वर्तमान समस्या र चुनौती तथा आगामी कार्यदिशा के लिएर अगाडि बढ्दै छौँ भन्ने विषयमा निजी क्षेत्रको पनि सुझाव लिने योजना रहेको छ।'

प्रधानमन्त्रीको कार्यालयमा आज छलफल हुँदै, सरोकारवाला सरकारी प्रतिनिधि र निजी क्षेत्रको सहभागिता रहने

प्रधानमन्त्रीको कार्यालयबाट निजी क्षेत्रलाई मंगलबारको छलफलका लागि बोलाइएको छ। निजी क्षेत्र र सरकारी निकायका प्रतिनिधिसहितको सर्वपक्षीय छलफलका लागि भन्दै निम्तो आएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। 'राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, घटनाक्रम तथा नीतिगत कमजोरीका कारण अर्थतन्त्र मन्दीमा गएको छ, अर्थतन्त्रको अहिलेको समस्या कुनै एक व्यक्ति वा संस्थाले मात्रै समाधान गर्न सक्दैन,' उनले भने, 'त्यसैले सरकार र निजी क्षेत्र एक ठाउँमा बसेर समस्याको समाधान निकाल्नुपर्छ भनेर महासंघले नै पटक-पटक सुझाव दिँदै आएको थियो, यसर्थ छलफल गर्ने निर्णय स्वागतयोग्य छ।' निजी क्षेत्रका तर्फबाट अर्थतन्त्रलाई चलायमान बनाउने सुझाव दिइने उनले बताए।

बैठकमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक र विकाससँग सरोकार राख्ने मन्त्रालयका मन्त्री र सचिवलगायतको उपस्थिति थियो। उक्त अवसरमा अर्थमन्त्री महतले देशको अर्थतन्त्रबारे बैठकमा ब्रिफिङ गरेका थिए। त्यसपछि गभर्नर र आयोगका प्रतिनिधिले आफ्ना कुरा राखेका थिए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित २०८०/०८/०५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १२ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हेटौडा, मकवानपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:
नेपाल सरकार उद्योग मन्त्रालय नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा हेटौंडामा मकवानपुर, प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तरगत मिति २०७४/०६/०२ मा प्रा.फ.र.न. ७०६५/२८७/२०७४/२०७५ मा दर्ता कायम भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६९७९७५७ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको **भ्वाइस मार्ट** (प्रोप्राईटर गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की**, ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. गंज बहादुर कार्कीको नाति, राम बहादुर कार्कीको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म न.पा., वडा नं. ०६ बस्ने **पुजन कार्की** (ना.प्र.नं. ३१-०१-७०-०२०६९, जारी मिति २०७०/०२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. बल बहादुर कार्कीको नाति, गंज बहादुर कार्कीको छोरा, शान्ती कुमारी कार्कीको पति, मकवानपुर जिल्ला, हेटौडा उ.म न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६) बस्ने **राम बहादुर कार्की** (ना.प्र.नं. ३२९७, जारी मिति २०४२/११/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. गंज बहादुर कार्कीको बुहारी, भक्त बहादुर नेपालको छोरी, राम बहादुर कार्कीको पत्नी मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०६ (साबिक मकवानपुर जिल्ला, हेटौडा न.पा वडा नं. ०६) बस्ने **शान्ती कुमारी कार्की** (ना.प्र.नं. २५९०५, जारी मिति २०५०/०५/२०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **राम बहादुर कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १४६७ र ५२९४ को क्षेत्रफल क्रमश ०-३-० र ०-१-१.५(बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **शान्ती कुमारी कार्की**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा.वडा नं. ०७ स्थित कित्ता नं. ११०९ को क्षेत्रफल ०-६-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० मंसिर ११ गते** भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुर स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० मंसिर १२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुर स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुर स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर १२ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय हेटौडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

माघसम्म फेसबुक, इन्स्टाग्राम, ट्विटरजस्ता सामाजिक सञ्जाल दर्ता हुनुपर्ने

मुना कुँवर/नयाँ पत्रिका

२३ माघभित्र फेसबुक, गुगल, इन्स्टाग्राम, ट्विटरलगायतका सामाजिक सञ्जालहरू सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दर्ता नभए नेपालमा रोक लाग्ने भएको छ। सरकारले २७ कात्तिकदेखि टिकटक प्रतिबन्ध गरिसकेको छ। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका २०८० जारी गर्दै सरकारले सामाजिक सञ्जाल सञ्चालनमा कडाइ गरेको हो। सामाजिक सञ्जाल प्रयोगसम्बन्धी कानुन नहुँदा यसको दुरुपयोग हुँदै गएको सरकारको ठहर छ। सोहीबमोजिम सामाजिक सञ्जाललाई नियमन गर्न सरकारले निर्देशिका निर्माण गरेको हो। २३ कात्तिकमा बसेको मन्त्रिपरिषद्को बैठकले निर्देशिकालाई पारित गरेको हो। निर्देशिकाबमोजिम सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण गर्नुपर्नेछ। नेपालमा कार्यालय नभएका सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले तीन महिनाभित्र कार्यालय स्थापना गर्ने वा सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

तर, यसअघि नै नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई भने मन्त्रिपरिषद्ले तीन महिनाको समय दिएको हो। सूचीकरणका लागि प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले आफैँ वा प्रतिनिधिमार्फत दर्ता गराउन सक्नेछ। साथै, अनलाइन माध्यमबाट पनि निवेदन दिन सकिने निर्देशिकामा व्यवस्था गरिएको छ। तर, नागरिक शिक्षा तथा सामाजिक सशक्तीकरणमा मात्र केन्द्रित भई सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई यस्तो प्रावधान लागू नहुने निर्देशिकामा उल्लेख छ। साथै, सूचीकृत सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले प्रत्येक तीन वर्षमा विवरण अद्यावधिक गराउनुपर्नेछ।

निर्देशिकाअनुसार प्रयोगकर्ताको संख्याका आधारमा सामाजिक सञ्जाललाई वर्गीकरण गर्नुपर्नेछ। एक लाखभन्दा कम प्रयोगकर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मलाई साना र एक लाखभन्दा बढी प्रयोगकर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मलाई ठूला भनी वर्गीकरण गरिएको छ।

दण्ड-सजायका लागि छुट्टै कानुन बन्दै छ



नेत्रप्रसाद सुवेदी
प्रवक्ता, सञ्चार मन्त्रालय

यो निर्देशिकाले मुख्य गरी दुईवटा विषयलाई हेरेको छ। सामाजिक सञ्जाललाई सूचीकृत गर्ने र यिनीहरूलाई स्वनियमनमा चल्नका लागि नियमन गर्ने हो। निर्देशिकाले दण्ड-सजायलाई हेर्न सक्दैन। त्यसका लागि छुट्टै कानुन बन्दै छ।

फेक आइडीदेखि साइबर बुलिङ गर्न रोक

निर्देशिकाबमोजिम सामाजिक सञ्जाल प्रयोगकर्ताले बेनामी वा छद्मवेशी पहिचान दिएर एकाउन्ट खोल्न पाउनेछैनन्। बेनामी वा छद्मवेशी पहिचानमार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्न, टिप्पणी गर्न वा कल गर्न पाइनेछैन। कुनै व्यक्ति, समुदाय, जातजाति, लिंग, धर्म, उमेर, वर्ण, वर्ग, पेसा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक, भाषाभाषी तथा कानुनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने काम गर्न नपाउने उल्लेख छ।

यसका साथै बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह, जातीय छुवाछुतलगायतका प्रचलित कानुनले वर्जित गरेका क्रियाकलाप गर्न पाइनेछैन। अरूलाई होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिर, ट्रोल बनाई गर्न पनि बर्जित गरिएको छ। सार्वजनिक प्रकृतिका बाहेक निजी मामिलाका फोटो-भिडियो अनुमतिविना प्रकाशन गर्न पाइनेछैन। साथै, मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमोड गरी प्रकाशन वा प्रसारण गर्न पाइनेछैन। त्यस्तै, निर्देशकाअनुसार साइबर बुलिङ मानिने कार्य गर्न पाइनेछैन। लागुऔषध सेवन तथा कारोबार गर्न प्रोत्साहन गर्ने, जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्ने, आतंकवादसम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्ने, आतंकवादसम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्ने, वैयक्तिक गोपनीयता भंग गर्ने खालका सामग्री राख्न पाइनेछैन।

टेक्नो मोबाइलका दुई नयाँ फोन बजारमा

काठमाडौं/ टेक्नो मोबाइलका दुई नयाँ फोन बजारमा आएका छन् । कम्पनीका उत्पादनहरू पोभा ५ र क्यामोन २० नेपाली बजारमा उपलब्ध हुने भएका हुन् । टेक्नो मोबाइलको नेपालका लागि आधिकारिक वितरक महालक्ष्मी मोबाइल्सले यी दुई मोबाइल नेपाली उपभोक्ताको आवश्यकता र रोजाइलाई मध्यनजर राख्दै बजारमा ल्याएको जनाएको छ । पोभा मोबाइल सिरिजअन्तर्गतको पछिल्लो नयाँ संस्करण पोभा ५ विशेष गरी मोबाइल गेमिङमा रुचि राख्नेहरूले निकै रुचाउने वितरक कम्पनीले विश्वास व्यक्त गरेको छ । ८+८ जिबीको र्‍याम, १२८ जिबीको इन्टरनल स्टोरेज र ४५ वाटको चार्जरसहितको यो मोबाइलले अल्टिमेट गेमिङको अनुभव दिने कम्पनीको भनाइ छ । यसमा ६ हजार एमएएचको ब्याट्री, ६.७८ इन्चको डिस्प्ले रहेको उल्लेख छ ।



यो फोनमा जडित 'भ्यापर च्याम्बर'ले फोन नताते र ६ एनएम प्रोसेसरले ल्यागिङ समस्या पनि नहुने वितरक कम्पनीको भनाइ छ । यसमा ५० मेगापिक्सेलको एचडी डुअल रेयर क्यामरा रहेको कम्पनीले जनाएको छ । त्यस्तै, क्यामोन २० मोबाइल फोटो या भिडियोग्राफीमा रुचि राख्नेहरूको रोजाइमा पर्ने कम्पनीको भनाइ छ । यसमा ६४ मेगापिक्सलको सुपर नाइट रेयर क्यामरा र ३२ मेगापिक्सलको एआई सेल्फी क्यामरा रहेको तथा ७.८ मिमि पातलो डिजाइनको भएको कम्पनीले जनाएको छ । ६.६७ इन्चको डिस्प्लेमा नै रहेको फिंगर प्रिन्ट सेन्सरका साथमा ३३ वाटको चार्जर, यो मोबाइलको अर्को आकर्षक फिचर रहेको कम्पनीको दाबी छ । क्यामोन २० को ५ हजार एमएएच ब्याट्री र ८+८ जिबी च्यामले प्रयोगकर्तालाई अभूतपूर्व अनुभव दिने वितरक कम्पनीको भनाइ छ ।

स्थानीय मदिरा ब्रान्डिङका लागि कानुन निर्माण हुँदै

दाङ/ लुम्बिनी प्रदेश सरकारले स्थानीयस्तरमा उत्पादित रक्सीलाई ब्रान्डिङ गर्नका लागि कानुन निर्माणको प्रक्रिया अघि बढाएको छ । संघीय सरकारसँग समन्वय गरेर कानुन निर्माणको प्रक्रिया अगाडि बढाइएको हो ।

प्रदेश सरकारले स्थानीयस्तरमा उत्पादित पेय पदार्थ र मदिरालाई कानुन निर्माण गरी बजारीकरण गर्नका लागि दुई करोड बजेट विनियोजन गरेको छ । प्रदेश अर्थमन्त्री धनबहादुर मास्कीले सोहीअनुसार कानुन निर्माणको प्रक्रिया अघि बढेको बताए । 'हामीले स्थानीयस्तरमा उत्पादित रक्सीलाई ब्रान्डिङ गर्नका लागि संघीय सरकारसँग पनि समन्वय गरेका छौं,' उनले भने, 'एउटा समिति नै बनाएर कानुन निर्माणको प्रक्रियालाई अघि बढाएका हौं ।'

संघीय अर्थमन्त्री, उद्योगमन्त्रीसहित प्रदेश सरकारको टोली सम्मिलित एउटा समिति बनाएर कानुन निर्माण प्रक्रिया अघि बढाएको मन्त्री मास्कीले बताए । हाल विदेशबाट रक्सी ल्याएर नेपाली बजारमा खपत गर्ने गरिएको भन्दै नेपालमै रक्सी उत्पादन गरेर बजारीकरण गरेमा बाहिरबाट आयात गर्नुपर्ने अवस्था नरहने भएकाले यो कार्य अघि बढाइएको उनको भनाइ छ ।

धुलो दूध तथा बटर उद्योग निर्माण अन्तिम चरणमा

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा उपमहानगरपालिका- १०, नागसोतीको सिसौघारीमा निर्माण गरिएको धुलो दूध तथा बटर उद्योगको काम अन्तिम चरणमा पुगेको छ । एक वर्षमा सक्ने गरी प्रदेश सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत प्रदेश दुग्ध विकास बोर्डको लगानीमा काम सुरु भएको उद्योग निर्माण तीन वर्षमा सम्पन्न हुन लागेको हो । किसानले उत्पादन गरेको दूध नबिकेर 'मिल्क होलिडे' गर्नुपर्ने बाध्यता हटाउने उद्देश्यले स्थापना गरिएको उद्योगमा धुलो दूध उत्पादन परीक्षण, हस्तान्तरण र अन्य व्यवस्थापकीय काम भने बाँकी नै रहेको छ ।



■ सञ्चालनमा भने अझै केही समय लाग्ने

उद्योगले उत्पादन थाल्न अझै केही समय लाग्ने भएको छ । प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टीकावल्लभ सापकोटाले उद्योग निर्माण पक्षले भौतिक काम र सामान्य परीक्षण थाले पनि धुलो दूध उत्पादन परीक्षण गर्न र हस्तान्तरणको काम बाँकी नै रहेकाले उद्योगबाट तत्काले उत्पादन थालिहाल्ने अवस्था नरहेको बताए ।

उनले भने, 'उद्योग स्थापना भएर मात्रै भएन । गुणस्तरीय उत्पादन परीक्षण पनि हुनुपर्‍यो । धुलो दूध उत्पादन परीक्षणको काम बाँकी नै छ । यस्तै, निर्माण कम्पनीले उद्योग बोर्डलाई हस्तान्तरण गर्नुपर्‍यो । त्यसपछि मात्रै उद्योग सञ्चालनमा आउँछ ।' आवश्यक भौतिक निर्माण र उपकरण जडान सकिएसँगै कारखानामा पानीको प्रयोगबाट परीक्षण थालिएको उद्योग निर्माण कम्पनी इजी इन्फ्रा प्रालिका म्यानेजर उत्तम पौडेलले जानकारी दिए । उनले केही दिनमै धुलो दूध उत्पादन परीक्षण गरेर हस्तान्तरण गर्ने बताए । उनले भने, 'मेसिनमा पानी, ग्यास र हावा राखेर पालैपालो परीक्षण गरिरहेका छौं । केही दिनभित्र दूध हालेर धुलो दूध र बटर उत्पादन परीक्षण गरेपछि उद्योग बोर्डलाई हस्तान्तरण गर्छौं । त्यसपछि उद्योग नियमित सञ्चालनको जिम्मेवारी बोर्डको हो ।'

उपाध्यक्ष सापकोटाले उद्योग कसरी चलाउने भन्नेबारे पनि बोर्डमा छलफल भइरहेको जानकारी दिए । उनले उद्योग सञ्चालनको मोडालिटी र जनशक्ति व्यवस्थापनको काम बाँकी रहेको बताए । उनका अनुसार ४१ करोड २२ लाख ७१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको उद्योगको लागत बढेर झन्डै ४७ करोड पुगेको छ । उनले उद्योगले दैनिक ५० हजार लिटरभन्दा बढी दूध खपत गर्ने र पाँच मेट्रिकटन धुलो दूध उत्पान गर्ने जानकारी दिए । उद्योग सञ्चालन हुँदा बागमती प्रदेशसहित मधेश प्रदेश, गण्डकी र कोशी प्रदेशका केही जिल्लाका गरी झन्डै २५ हजार किसान लाभान्वित हुने उपाध्यक्ष सापकोटाको दाबी छ ।

भूकम्पपीडितलाई युनिलिभर नेपालको सहयोग

काठमाडौं/ युनिलिभर नेपाल लिमिटेडले जाजरकोट र रुकुम-पश्चिमका भूकम्पपीडितका लागि नगद तथा राहत सामग्री सहयोग गरेको छ । कम्पनीले भूकम्पमा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा घरविहीनको सहयोगार्थ सहयोग गरेको हो ।

भूकम्पको भोलिपल्टै प्रभावित जिल्लामा पाल, कम्बल, औषधि, ड्राइफुड, हर्लिक्स, सुपलगायतका तत्काल राहत सामग्री पुर्‍याएको कम्पनीले जनाएको छ । सहयोग प्रदान गर्दा मानवीय तथा भौतिक क्षतिले हुने पीडा आफैंले महसुस गरेको कम्पनीले उल्लेख गरेको छ । यसका साथै नेपाल सरकारको भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण र पुनर्स्थापना कार्यलाई साथ दिनका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एक करोड रुपैयाँ प्रदान गरेको कम्पनीले उल्लेख गरेको छ ।

विगतका अन्य प्राकृतिक प्रकोपमा जस्तै गरी लचिलो भावनाका साथ युनिलिभर नेपाल लिमिटेडले पीडित परिवार र राष्ट्रसँग ऐक्यबद्धता प्रकट गर्दै सहयोग रकमको



चेक कम्पनीका सञ्चालक तथा वरिष्ठ अधिकारीहरूको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीलाई हस्तान्तरण गरेको जनाइएको छ ।

जुम्लामा कुमारी बैंकको शाखा

जुम्ला/ कुमारी बैंक लिमिटेडले जुम्लामा शाखा सञ्चालनमा ल्याएको छ । यो बैंकको ३०९औं शाखा हो । दुर्गमका नागरिकलाई बैंकिङ सेवाको पहुँचमा पुर्‍याउने लक्ष्यका साथ शाखा सञ्चालनमा ल्याएको बैंकले जनाएको छ । जुम्ला शाखाको संविधानसभा सदस्य तथा बैंकका पूर्वसञ्चालक सदस्य ललितजंग शाहीले उद्घाटन गरेका हुन् । शाखा उद्घाटनपछि शाहीले कुमारी बैंकले जुम्लाको व्यापार-व्यवसाय प्रवर्द्धनसँगै नागरिक सन्तुष्ट हुने खालको सेवा प्रवाहमा जोड दिने बताए । बैंकले हाल देशभरमा तीन सय नौ शाखा, तीन सय १५ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६४ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

शाखा कार्यालयहरू स्थानान्तरण हुने सम्बन्धी जरूरी सूचना

प्रकाशित मिति : २०८०/०८/०५

ग्लोबल आइएमई बैंक लिमिटेड र साबिकको बैंक अफ काठमाण्डू लिमिटेड मर्जर भए पश्चात एकै स्थानमा सञ्चालनमा रहेका निम्नानुसारका शाखा कार्यालयहरु समायोजन र स्थानान्तरण भई मिति २०८० मंसिर १२ देखि एकिकृत रुपमा सञ्चालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै साबिकको शाखा कार्यालयमा रहेका ग्राहक महानुभावहरुको खाता समेत स्थानान्तरण हुने भएको हुँदा गाभिए पश्चात संचालनमा रहने शाखामा सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउँदछौं ।

साबिकको शाखा	साबिक शाखाको ठेगाना	गाभिए पश्चात संचालनमा रहने शाखा	हालको शाखाको ठेगाना	हालको शाखा कार्यालयबाट दुरी	गाभिएर एकिकृत कारोबार हुने मिति
बाग्लुङ्ग आवारोड शाखा	बाग्लुङ्ग न.पा. वडा नं. २, आवारोड, बाग्लुङ्ग	बाग्लुङ्ग (लोकतान्त्रिक चोक) शाखा	बाग्लुङ्ग न.पा. वडा नं. २ लोकतान्त्रिक चोक, बाग्लुङ्ग	४५० मि.	२०८०/०८/१२
न्यूरोड शाखा	का.म.न.पा. वडा नं. २२, न्यूरोड गेट, न्यूरोड	न्यूरोड शाखा	का.म.न.पा. वडा नं. २२, केषा प्लाजा, न्यूरोड	१५० मि.	२०८०/०८/१२

नोट : न्यूरोड शाखा कार्यालयबाट प्रदान गरिने हुँदा लकरको सेवा उपभोग गरिरहनु भएका ग्राहक महानुभावहरुले आफ्नो लकरमा टुट-फुट हुन सक्ने संवेदनशील सामान भएमा उक्त सामानहरु मिति २०८० मंसिर १० गते भित्र झिकी सुरक्षित गर्नहुन सम्पूर्ण ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको लागि अनुरोध गरिन्छ ।

लकर स्थानान्तरण गर्दा लकर भित्र रहेको सामानमा क्षती पुग्न गएमा बैंक जवाफदेही हुने छैन । यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, कास्की

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/०५

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्रस्ताव मूल्याङ्कन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम निम्न बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही बोलपत्र निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकोले ऐ.ऐनको दफा २७ (२), ४७ तथा नियमावलीको नियम १०० को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल :

क्र. सं	ठेक्का नं.	ठेक्काको नाम	छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (VAT बाहेक)	कै.
1	FPIU/KASKI/NCB/ WORKS/080/81/01	Construction of Saalbote, Naya buspark, Hilepokhari roads, Gorkha 7.	C.S Construction, Gorkha	1798849.00	
2	FPIU/KASKI/NCB/ WORKS/080/81/02	Upgrading works of Gairipipal, Khanaltari, Prabidhik Shikshyalaya roads, Gorkha 7.	Khadka Engineering And Construction Pvt. Ltd., Kathmandu	1871435.20	
3	FPIU/KASKI/NCB/ WORKS/080/81/03	Machhapuchchhre Ga.Pa.Ekikrit Basti Bikas Nirman karya ko DER anusar Purwadhar construction works, Kaski.	Siddhi Binayak Consultancy And Builders, Kaski	2285313.75	
4	FPIU/KASKI/NCB/ WORKS/080/81/04	Machhapuchchhre Ga.Pa. ma Purwadhar Construction Works, Kaski.	Siddhi Binayak Consultancy And Builders, Kaski	6490516.70	
5	FPIU/KASKI/NCB/ WORKS/080/81/07	Construction of Sundarbazar, Sworek Bhanjyang, Maidan Urban roads, Virkot 9, Syangja.	S. S. Waling Nirman Sewa Pvt. Ltd., Galyang	3254461.50	
6	FPIU/KASKI/NCB/ WORKS/080/81/08	Upgrading of Saalfedi Lupugau Mohariyakot roads, Rainas 6, Lamjung	Quality Builders, Lamjung	2425850.98	
7	FPIU/KASKI/NCB/ WORKS/080/81/09	Upgrading of roads connecting Ram Mandir, Bhakunde and Ward Office, Besisahar 2, Lamjung	Anshu Engineering & Construction, Lamjung	1998619.08	
8	FPIU/KASKI/NCB/ WORKS/080/81/10	Upgrading of Sahilitar, Majuja, Bhalayakharka, Panthedanda, Aathswara, Pyarjoong (Koke Gau) roads, Rainas 1, Lamjung	BDP And Builders Construction Pvt. Ltd., Lamjung	2910950.00	
9	FPIU/KASKI/NCB/ WORKS/080/81/11	Upgrading of roads from Tehra Kilo Mod and Lamidanda to Sirdi Khola, Gorkha 11.	Thutebazaar Construction, Kathmandu	3187616.68	
10	FPIU/KASKI/NCB/ WORKS/080/81/12	Upgrading of Dumridanda Aahale Bhanjyang, Aamdanda to Shahid Lakhan roads, Gorkha.	Bohora Nirman Sewa & Suppliers, Gorkha	3918564.40	
11	FPIU/KASKI/NCB/ WORKS/080/81/13	Upgrading of Dumridanda Amarai Bohorabesi to Chhepetar roads, Gorkha.	Chhebetar Construction Company, Gorkha	4183676.34	
12	FPIU/KASKI/NCB/ WORKS/080/81/14	Upgrading of Krishi Sadak road from Gorkha Metropolitan gate to Tehra Kilo roads, Gorkha.	CHT Nirman Sewa, Gorkha	2993644.00	
13	FPIU/KASKI/NCB/ WORKS/080/81/15	Upgrading of Aahale Bhanjyang, Aamdanda to Shahid Lakhan roads, Gorkha 8.	Subima Nirman Sewa, Gorkha	2546441.00	
14	FPIU/KASKI/NCB/ WORKS/080/81/16	Upgrading of Saalbote to Pantheswara roads, Gorkha 7.	C.S Construction, Gorkha-06	2981499.00	
15	FPIU/KASKI/NCB/ WORKS/080/81/17	Upgrading of Paariban, Kalimati, Deurali Gaun to Krishi Marg Roads, Gorkha 5.	Diamond Infra Engineering Pvt Ltd, Gorkha	2519319.09	
16	FPIU/KASKI/NCB/ WORKS/080/81/18	Upgrading of roads from Krishi Sadak, Baisbote chowk Rautthok, Ratamata, Gou Bhachok to Barah Pokhari, Besisahar 10, Lamjung.	G.T. Construction, Lamjung	2157231.98	
17	FPIU/KASKI/NCB/ WORKS/080/81/19	Upgrading of roads from RedCross and Maila Sanjal Building to Panta Gaun Budikhola, Rainas 4, Lamjung.	Quality Builders, Lamjung	1945305.98	
18	FPIU/KASKI/NCB/ WORKS/080/81/28	Improvement works as per master plan of Garausur, Waling, Syangja	Darshan Construction Pvt. Ltd, Syangja	47126726.00	

आयोजना प्रमुख

क्यानन् बचत तथा ऋण सहकारी संस्था लि.को
१४ औं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस संस्थाको संचालक समितिको मिति २०८० साल कार्तिक २२ गते बुधबार बसेको बैठकको निर्णयानुसार निम्न विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा १४ औं वार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु:

(क) सञ्चालक समितिको तर्फबाट आ.ब. ०७९/०८० को वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु सम्बन्धमा ।
(ख) लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.ब. ०७९/०८० प्रतिबेदन सम्बन्धमा ।
(ग) आ.ब. ०७९/०८० को वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धमा ।
(घ) विनियम, आन्तरीक नीति तथा कार्यविधिहरु संशोधन तथा पुनर्लेखन बारे ।
(ङ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(च) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन बारे ।
(छ) शेयर लाभांश र पुंजि संरक्षित फिर्ता कोष बितरण गर्ने बारे ।
(ज) सदस्यहरुबाट प्राप्त सुझाव बारे ।
(झ) विविध ।

मिति : २०८० पौष ०७ गते शनिवार
समय : बिहान १०:०० बजे
स्थान : क्वालीटी ब्याङ्क्वयट, ठूलो भञ्याङ्ग, स्वयम्भू, काठमाडौं ।

भवदीय
पवन कुमार पौडेल
सचिब

पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड
कर्पोरेट कार्यालय, बालुवाटार, काठमाडौं

पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०५ नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

आदरणीय सेयरधनी महानुभावहरू,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८०/०७/१७ गते बसेको ६७ औं बैठकको निर्णय अनुसार कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा निम्न विषयहरू माथि छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरू उपस्थित भई दिनु हुन वा रितपुर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन अनुरोध छ ।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८०/०८/२९ गते तदनुसार (15th Dec 2023)
समय : अपरान्ह ४:३० बजे
स्थान : ने. वि. प्रा. को सभाहल, दरवारमार्ग, काठमाडौं/online

साधारणसभामा छलफल हुने विषय सूची:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ. व. २०७९/८० को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने ।
३. आ.ब.२०८०/८१ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समितिबाट सिफारिश भए बमोजिम शेयरधनीहरूलाई आ.ब. २०७९/८० सम्मको संचित मुनाफाबाट चुक्ता पुँजीको १८% नगद लाभांश वितरण गर्ने स्वीकृति सम्बन्धमा ।
५. विविध ।

सञ्चालक समितिको आज्ञाले
सन्तोष फुयाल
कम्पनी सचिव

भूकम्प प्रभावित...

पृष्ठ १ बाट क्रमशः

परकम्प गइसकेका छन् ।

प्रअ ओलीका अनुसार नियमित पठनपाठन नभए वार्षिक परीक्षालाई असर गर्ने भएकाले अब सातवटा पाल टाँगेर बहुकक्षा चलाउनेगरी सिकाइ केन्द्र स्थापना गरिनेछ । 'कक्षा ३ सम्मका विद्यार्थीलाई एउटै ठाउँमा त्यसमाथिका लागि पनि बहुकक्षा रहनेगरी राखेर पठनपाठन अगाडि बढाउने योजना छ, अर्को हप्ताभित्र नियमित कक्षा चल्छ होला,' उनले सुनाए, 'कार्यालय पनि भवनभित्र चलाउन सक्ने स्थिति छैन । सोमबार बाहिरै बस्यौँ । अब छुट्टै पाल टाँगेर बनाउनुपर्नेछ ।'

आठबीसकोट नगरपालिका-१४ मा रहेको जनविकास माविले पनि विद्यार्थीलाई परामर्श दिएर घर पठाएको छ । 'कक्षा कोठामा राखेर पढाउन सकिने अवस्था छैन, विद्यार्थीलाई खुला चउरमै राखेर परामर्श दिएका छौँ,' प्रधानाध्यापक दीपकसंगम थापाले भने, 'धेरै विद्यार्थी आएनन् । त्रासको वातावरण छ ।' जनविकासमा तीन सय १५ विद्यार्थी रहेकामा सोमबार ६० मात्र उपस्थित भए । आधा महिना अघिको भूकम्पमा परी जनविकासका तीन विद्यार्थीले ज्यान गुमाए । 'अधिकांश विद्यार्थीका घर भत्किएका छन् । आफन्त गुमाएका छन्,' थापाले भने, 'तत्काल पठनपाठन सुरु गर्ने अवस्था छैन । अब सामान्य अवस्थामा फर्किनुपर्छ । बितेको घटनालाई बिर्सनुपर्छ भनेर सम्झाएका छौँ । मनोरञ्जनका लागि खेलकुद खेलाएर घर पठायौँ ।'

थापाका अनुसार अस्थायी कक्षा चलाउन बाँस र सल्लाबाट सातवटा टहरा निर्माण गरिएको छ । तर, पालको व्यवस्थापन नहुँदा त्यहाँ कक्षा चलाउन नसकिएको उनले बताए । 'श्रमदानबाट टहरा बनाइएको हो । युनिसेफले पालको व्यवस्था गर्ने भनिएको छ,' प्रअ थापाले भने, 'त्यसपछि कक्षा चलाउछौँ ।'

जाजरकोटको भेरी नगरपालिका-१ रिम्नामा रहेको भेरीत्रिवेणी माविमा पनि सोमबार पर्याप्त विद्यार्थी आएनन् । भेरीमा अध्ययनरत तीन विद्यार्थीले भूकम्पमा ज्यान गुमाएका थिए । 'अधिकांश विद्यार्थीका घर भत्किएका छन् । त्रिपालमा बसिरहका छन्,'प्रधानाध्यापक प्रेमबहादुर पुन बताउँछन्, 'त्यही भएर सोमबारको पहिलो कक्षामा निकै कम विद्यार्थी आए ।' यो विद्यालयमा चार सय ६५ विद्यार्थी रहेकामा सोमबार झन्डै सय जना उपस्थित भएका थिए । तर, उनीहरूले पढ्न भने पाएनन् । चउरमा हाजिर गरियो । 'कुनै पनि कक्षा कोठा बस्न लायक छैनन्,' उनले भने, 'विद्यार्थीलाई काउन्सिलिङ गरेर घर पठाएका छौँ ।'

भूकम्प प्रभावित रुकुम पश्चिममा कक्षा सञ्चालनका लागि दुई सय १३ अस्थायी सिकाइ केन्द्र बनाइने भएको छ । विद्यालय हाताभित्र पाल टाँगेर वा टहरा बनाएर तत्काललाई कक्षा सञ्चालन गर्न सिकाइ केन्द्र बनाइने शिक्षा विकास तथा समन्वय इकाई प्रमुख ताराप्रकाश पुनले जानकारी दिए । हाललाई भूकम्पले बढी क्षति गरेको आठबीसकोट नगरपालिकामा एक सय ३९ र सानीभेरी गाउँपालिकामा ७४ अस्थायी सिकाई केन्द्र स्थापना गरिने उनले जनाए ।

युनिसेफसँगको सहकार्यमा सिकाई केन्द्र स्थापना गरी पठनपाठन सुचारु गर्ने तयारी भइरहेको आठबीसकोट नगरपालिकाकामेयर रबि केसीले जानकारी दिए । भूकम्पले बस्न नमिल्ने विद्यालयमा सिकाई केन्द्र मार्फत एक साताभित्र पठनपाठनको तयारी भइरहेको उनको भनाइ छ ।

७४ वटा सिकाई केन्द्र निर्माण गर्न लागेको सानीभेरी गाउँपालिकामा पनि पठनपाठन हुन एक साता लाग्ने जनाएको छ । सानीभेरीको शिक्षा शाखा प्रमुख भुपालसिंह विष्टका अनुसार यहाँ पनि युनिसेफको सहयोगमा सिकाइ केन्द्र निर्माण भइरहेको छ । गाउँपालिकाले पाँच हजार विद्यार्थीलाई पाठ्यपुस्तक र पोसाक समेत उपलब्ध गराउने उनले जनाए ।

भूकम्पको केन्द्रविन्दू रहेको जाजरकोटमा पनि सिकाई केन्द्र स्थापना गर्ने निर्णय भएको छ । शिक्षा विकास तथा समन्वय इकाईका सूचना अधिकारी तिलक भट्टराईका अनुसार अस्थायी सिकाई केन्द्र निर्माणको निर्णय भए पर्नि कति बनाउनुपर्छ भनेर यकीन भइसकेको छैन । 'जाजरकोटमा दुई सय ९० विद्यालयमा पूर्ण क्षति पुगेको विवरण छ, यी सबै विद्यालयमा कक्षा कोठामा राखेर पढाउने अवस्था छैन,' उनले भने, 'कति सिकाइ केन्द्र बनाउनुपर्छ भनेर मंगलबार टुंगो लाग्छ ।'

जाजरकोटमा १० हजार विद्यार्थीलाई शैक्षिक सामग्री आवश्यक

भूकम्पका कारण विद्यार्थीले पाठ्यपुस्तकसँगै अन्य शैक्षिक सामग्री गुमाएका छन् । जाजरकोटमा १० हजार विद्यार्थीलाई शैक्षिक सामग्रीको आवश्यकता देखिएको शिक्षा विकास तथा समन्वय ईकाइका सूचना अधिकारी तिलक भट्टराईले बताए । 'कापी, किताब, पोसाक घरमै पुरिएका विद्यार्थीको संख्या १० हजार हाराहारी छ । उनीहरूका लागि शैक्षिक सामग्रीको आवश्यकता छ,' भट्टराईले भने , कर्णाली प्रदेश सरकारले पाठ्यपुस्तक सहितका शैक्षिक सामग्री उपलब्ध गराउने आश्वासन दिएको छ ।'

भूकम्पले ५५ हजार विद्यार्थीको पढाइ प्रभावित

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा मात्र ५५ हजार विद्यार्थीको पढाइ प्रभावित छ । जाजरकोटमा करिब ४३ हजार विद्यार्थी ररुकुम पश्चिममा १२ हजार बढी विद्यार्थी प्रभावित भएको दुवै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईले जनाएका छन् । जाजरकोटमा दुई सय ९० वटा विद्यालय भवनमा क्षति पुगेको छ । यसबाट पाँच सय १६ वटा कक्षा कोठामा क्षति पुग्दा ४३ हजार विद्यार्थी प्रभावित बनेका छन् । भूकम्पले रुकुम पश्चिममा एक सय आठ विद्यालयमा र पाँच सय ४४ वटा कक्षा कोठामा क्षति पुगेको छ । एक सय ३८ शौचालयमा पनि क्षति पुगेको शिक्षा विकास तथा समन्वय इकाईको तथ्यांक छ ।

परनिर्भरदेखि...

पृष्ठ १ बाट क्रमशः

सिमेन्ट गरी तीन अर्ब ६६ करोडको आयात भएको तथ्यांक छ । ०७८/७९ मा सिमेन्ट र क्लिंकरको आयात स्वाट्टै घटेको देखिन्छ । त्यस वर्ष ३२ करोडको क्लिंकर र ३७ करोडको सिमेन्ट गरी ६९ करोडको आयात मात्रै आयात भयो । गत आव ०७९/८० मा ७५ करोडको सिमेन्ट र क्लिंकर आयात भयो, जसमध्ये ४५ करोडको क्लिंकर र ३० करोडको सिमेन्ट रहेको छ । विदेशी ऋण र अनुदान सहयोगका कतिपय परियोजनाले भन्सार छुट सुविधामा सिमेन्ट आयात गर्ने भएकाले तथ्यांकमा सिमेन्ट आयात देखिएको हो । यस वर्षदेखि सरकारले भन्सार छुट सुविधा कटौती गरिदिएको छ । अहिले नेपाल सिमेन्टमा पूर्ण आत्मनिर्भर भई निर्यात गर्ने देश बनेको अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले बताए ।

यसबीचमा अर्घाखाँची, जगदम्बा, सर्वोत्तम, होङ्सी शिवम्, पाल्पा सिमेन्ट, सौर्य, हुवासिन, सिजी पाल्पालगायत ठूलो लगानीमा क्लिंकरसहितका डेढ दर्जन निजी उद्योग सञ्चालनमा आएका छन् । जसका कारण देश सिमेन्टमा आत्मनिर्भर भई निर्यातको चरणमा प्रवेश गरेको उद्योगीहरूको भनाइ छ ।

भूकम्पपछि सिमेन्टमा ओइरियो लगानी, ०७२ यता दुई खर्बका ३९ उद्योग दर्ता

नेपालमा भूकम्पपछि सिमेन्ट उद्योगमा लगानीको बाढी आएको हो । खास गरेर सरकारले आयातित सिमेन्टमा उच्च कर लगाउनुका साथै चुनढुंगा खानीसम्म पहुँचमार्ग, बिजुली र खानेपानीजस्ता पूर्वाधार निर्माण गरिदिने व्यवस्था गरेपछि लगानीकर्ता प्रोत्साहित बनेको उद्योगीहरू बताउँछन् ।

०७२ यताका आठ वर्षमा मात्रै एक खर्ब ९८ करोड २१ करोड रुपैयाँ लगानीका ३९ सिमेन्ट उद्योग दर्ता भएका छन्, जसमध्ये अधिकांश नयाँ हुन् । कतिपय सञ्चालनमा रहेकै उद्योगले पनि थप लगानीका लागि उद्योग विभागबाट अनुमति लिएका थिए ।

भूकम्पपछि पुनर्निर्माण र विकास निर्माणले तीव्रता पाउने आशाले सिमेन्ट उद्योगमा लगानी ओइरिएको नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाको भनाइ छ । साथै, त्यही समयमा देशले नयाँ संविधान पाएपछि विकासले गति लिने उद्योगी-व्यवसायीको अपेक्षा रह्यो । यद्यपि, सञ्चालनमा आएका केही सिमेन्ट उद्योगलाई बजारमा टिक्न पनि धौ-धौ परेको छ । पुनर्निर्माण र विकासे कामले गति नलिएपछि लगानी स्वीकृत गरेका कतिपय उद्योग सञ्चालनमै आएनन् ।

उद्योगको दुईतिहाइ क्षमता उपयोग नै भएन

देशभित्र सञ्चालित सिमेन्ट उद्योगहरूको जडित उत्पादन क्षमता बजार मागभन्दा अत्यन्तै धेरै छ । अहिले देशभित्र १६ वटा निजी लगानी र दुईवटा सरकारी गरी १८ वटा क्लिंकरसहितका र करिब ४५ वटा ग्रान्डिङ युनिट मात्रै भएका सिमेन्ट उद्योग सञ्चालनमा छन्, जसको वार्षिक उत्पादन क्षमता दुई करोड टनभन्दा बढी रहेको छ । '१६ वटा निजी उद्योगको जडित क्षमता करिब एक करोड ८० लाख टन क्लिंकर उत्पादन छ, यिनै उद्योगले ग्रान्डिङ युनिटलाई क्लिंकर सप्लाइ गर्ने हुन्,' अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले भने, 'सञ्चालनमा रहेका उद्योगको जडित क्षमता वार्षिक दुई करोड टन अर्थात् ४० करोड बोराभन्दा बढी सिमेन्ट उत्पादन रहेको छ ।' तर, अहिले बजारको माग भने एकतिहाइ मात्र हुँदा उद्योगको दुईतिहाइ क्षमता उपयोग हुन सकेको छैन । 'यदि निर्यात बढाउन सकेनौँ भने धेरै सिमेन्ट उद्योग धराशायी हुन पनि बेर नलाग्न सक्छ,' सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले भने ।

कोभिडपछिको अवस्था

बर्सेनि १०-१० प्रतिशतका दरले सिमेन्टको माग बढ्दै जानुपर्ने थियो । त्यसो हुँदा सिमेन्ट उद्योगको माग पनि बढ्दै जान्थ्यो । तर, कोभिडपछि बजार माग उल्टै घट्दै गएको मुरारका बताउँछन् । तर, यही समयमा सौर्य, सिजी पाल्पा, हुवासिनलगायत ठूला उद्योग सञ्चालनमा आएका छन् । कोभिडपछिको मन्दीले सबैभन्दा चर्को मारमा निर्माणजन्य सामग्री उत्पादन गर्ने उद्योग परेका छन् । बैंकमा तरलता अभाव, चर्को ब्याजदर, महँगीलगायतका कारणले विकास निर्माणका काम सुस्ताउँदा निर्माण सामग्रीको माग घटेको छ । यसबीचमा सिमेन्ट उद्योगले ७०-७५ प्रतिशतसम्म उत्पादन कटौती गरेका थिए । ३० प्रतिशतभन्दा तल झरेको सिमेन्टको माग बिस्तारै बढेर ४० प्रतिशत हाराहारी पुगेको मुरारकाले बताए । 'कुनै उद्योग अलि बढी क्षमतामा चलेका होलान्, कुनै कम क्षमतामा चलेका छन्, औसत उत्पादन करिब ३५-४० प्रतिशत हाराहारी होला,' उनले भने, 'यसरी उद्योग चलाएर कतिञ्जेल थेग्न सकिन्छ, कतिपयले बैंकको ब्याजसम्म तिर्न सकेका छैनन्, नयाँ झन् धेरै प्रभावित छन् ।' निर्यात गर्ने उद्योगहरूको अहिले नै देखिने गरी क्षमता उपयोग नबढेको भए पनि वार्षिक ६-७ अर्बको निर्यात पुग्दा पक्कै सुधार हुने अपेक्षा निर्यातकर्ताको छ ।

कोभिडले निम्त्याएको मन्दीले केही उद्योग बन्द भए, केही नयाँ सुरु भए

कोभिड महामारीपछि झापामा मात्रै मित्तल, मनसा र सनराइज सिमेन्ट उद्योग बन्द भएका छन् । यस्तै, वीरगन्जस्थित अम्बे र बुटवल सिमेन्टको ग्रान्डिङ युनिट पनि बन्द गरिएका छन् । खासगरी, ग्रान्डिङ युनिट मात्रै भएका साना सिमेन्ट उद्योग धमाधम बन्द भइरहेको देखिन्छ । सञ्चालनमा रहेका पनि जेनतेन टिकिरहेको बताउँछन् ।

तर, कोभिड महामारी र मन्दीकै बीच पनि ठूलो लगानीका सौर्य, पाल्पा, हुवासिनलगायतका नयाँ सिमेन्ट उद्योग सञ्चालनमा पनि आएका छन् । चौधरी ग्रुपले हालै पाल्पाको सर्देवामा करिब १५ अर्ब लगानी गरेर क्लिंकरसहितको सिमेन्ट उद्योग सञ्चालनमा ल्याएको छ । यो उद्योगको दैनिक उत्पादन क्षमता चार हजार मेट्रिकटन छ ।

तीन व्यावसायिक घरानाहरू शंकर ग्रुप, अम्बे ग्रुप र सिके गोल्छाको संयुक्त १५ अर्ब लगानीमा ०७७ माघदेखि सौर्य सिमेन्ट उद्योग सञ्चालनमा आएको थियो, जसको दैनिक उत्पादन क्षमता तीन हजार मेट्रिकटन छ । ०७८ मा धादिङमा चिनियाँ लगानीको हुवासिन सिमेन्ट उद्योगबाट व्यावसायिक उत्पादन सुरु भएको थियो । दैनिक ६० हजार बोरा उत्पादन क्षमता रहेको उद्योगमा करिब १५ अर्ब लगानी छ ।

तुलनात्मक लाभ बढी

आफ्नै देशमा रहेको कच्चा पदार्थ (चुनढुंगा)मा आधारित हुनाले सिमेन्ट तुलनात्मक लाभ धेरै भएको वस्तु हो । उद्योगीका अनुसार सिमेन्ट उत्पादनमा ८० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि हुने गर्छ । विदेशबाट कच्चा पदार्थ ल्याएर नेपालमा उत्पादन गरी निर्यात गरिने वस्तुमा त्यति धेरै लाभ हुँदैन । तर, सिमेन्ट स्वदेशी कच्चा पदार्थमा आधारित हुनाले निर्यातमा नेपाललाई धेरै फाइदा छ । यस्तै, सिमेन्ट उत्पादनका लागि धेरै बिजुली आवश्यक पर्छ, बिजुली पनि स्वदेशमै उत्पादन हुन्छ ।

मुरारकाका अनुसार एक बोरा सिमेन्ट उत्पादन गर्न करिब पाँच युनिट बिजुली लाग्छ । यदि अहिले उद्योग पूर्ण क्षमतामा सञ्चालन भए ४० करोड बोरा सिमेन्ट उत्पादन गर्दा दुई सय करोड युनिट बिजुली खपत हुने देखिन्छ । प्रतियुनिट १० रुपैयाँका दरले दुई सय करोड युनिट बिजुलीको मूल्य दुई हजार करोड (२० अर्ब) रुपैयाँ हुन आउँछ । अहिले नेपाल विद्युत् प्राधिकरण (एनइए) उत्पादित बिजुलीको बजार खोज्न भौँतारिइरहेको छ ।

चालू वर्षको...

पृष्ठ १ बाट क्रमशः

'पछिल्लो चार महिनाको आँकडाले यो वर्ष ६-७ अर्ब रुपैयाँको सिमेन्ट तथा क्लिंकर निर्यात हुने देखिएको छ ।' सर्वोत्तम सिमेन्टका सञ्चालकसमेत रहेका उनले निर्यात सुरु गरेको साढे तीन महिनामै आफ्नो उद्योगले साढे ३८ करोडको सिमेन्ट तथा क्लिंकर निर्यात गरेको बताए । उनले भने, 'यो वर्ष हामीले मात्रै दुई अर्ब ४० करोडको निर्यात गर्ने लक्ष्य छ ।' त्यस्तै, अर्घाखाँची सिमेन्ट उद्योगले यस वर्ष डेढदेखि दुई अर्बको सिमेन्ट-क्लिंकर निर्यात गर्ने लक्ष्य राखेको छ ।

नेपालसँग सीमा जोडिएका भारतको उत्तरप्रदेश, बिहार र वेस्ट बंगालमा चुनढुंगा खानी नभएकाले पनि सिमेन्ट निर्यातको ठूलो सम्भावना छ । 'यी प्रदेशका सिमेन्ट उद्योगलाई राजस्थान, मध्यप्रदेश वा आसाम, मेघालयबाट चुनढुंगा वा क्लिंकर ल्याउनुपर्ने हुन्छ,' न्यौपानेले भने, 'त्योभन्दा नेपालबाटै सिमेन्ट आयात गर्न सस्तो पर्छ ।' भारतीय सीमावर्ती क्षेत्र नेपाली सिमेन्ट उद्योगहरूका लागि सबैभन्दा राम्रो बजार भएको व्यवसायीको भनाइ छ ।

निर्यातको १६ महिना, पाँच उद्योगले पठाउँदै छन् सिमेन्ट र क्लिंकर

नेपालबाट सिमेन्ट निर्यात सुरु हुन थालेको भर्खर १६ महिना पुगेको छ । गत आवको बजेटमार्फत नगद अनुदान र विद्युत् महसुल छुटको व्यवस्था गरेपछि २४ असार ०७९ मा पहिलोपटक नेपाली सिमेन्ट भारतीय बजारमा पुगेको थियो । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल नेतृत्वको आरएमसी ग्रुपले पाल्पा सिमेन्ट उद्योगको उत्पादन 'तानसेन सिमेन्ट' पहिलोपटक निर्यात गरेको हो ।

तानसेन सिमेन्ट निर्यात भएको तीन महिनापछि ३० असोजबाट अर्घाखाँची सिमेन्ट निर्यात सुरु भयो । २९ जेठ ०८० मा बालाजी, १५ साउनमा सर्वोत्तम र २१ भदौमा सिजी सिमेन्ट उद्योगले निर्यात थालनी गरे । सिमेन्ट निर्यातका लागि चौधरी ग्रुपले भारतको चर्चित व्यावसायिक घराना अदानी ग्रुपसँग रणनीतिक साझेदारी गरेको छ ।

भारत सरकारको ब्युरो अफ इन्डियन स्ट्यान्डर्स (बिआइएस)बाट गुणस्तरसम्बन्धी इन्डियन स्ट्यान्डर्ड इन्स्टिच्युट (आइएसआई) चिह्न प्राप्त गरेपछि मात्र सिमेन्ट निर्यात गर्न पाइन्छ । अरू थुप्रै उद्योग सिमेन्ट तथा क्लिंकर निर्यातका लागि आइएसआई चिह्न लिने प्रक्रियामा रहेको बताइन्छ । भारतीय सीमावर्ती क्षेत्रमा सिमेन्ट निर्यातका लागि उद्योगीहरू आफैँले बजारीकरण गरिरहेका छन् । तर, सरकारले नगद अनुदान दिने घोषणा गरे पनि अहिलेसम्म अनुदान रकम उपलब्ध नगराउँदा उद्योगीहरू फेरि निरुत्साहित हुन सक्ने सम्भवना भने छ ।

सरकारले आठ प्रतिशतसम्म नगद अनुदान दिने भएपछि बजार विस्तार गर्न तत्काललाई नाफा नहेरी परल मूल्यभन्दा कममा सिमेन्ट निर्यात गरिरहेको उद्योगीहरूको जिकिर छ । अहिले तयारी सिमेन्टभन्दा सिमेन्ट उत्पादन गर्ने कच्चा पदार्थ क्लिंकर निर्यात धेरै भइरहेको देखिन्छ । चालू आवको पहिलो चार महिनामा ५८ करोड ५८ लाख रुपैयाँको एक लाख ७४ हजार आठ सय १९ टन क्लिंकर निर्यात भएको छ भने ५४ करोड ४९ लाख ७३ हजार रुपैयाँको ६ लाख ३१ हजार आठ सय ९९ टन तयारी सिमेन्ट निर्यात भएको छ ।

तीन वर्षभित्र वार्षिक ५० अर्बको सिमेन्ट-क्लिंकर निर्यात गर्न सम्भव

सरकारले सहज रूपमा नगद अनुदान उपलब्ध गराउने र लजिस्टिकलगायतका समस्याहरू समाधान गरे आगामी दुई-तीन वर्षमै वार्षिक ५० अर्ब रुपैयाँको सिमेन्ट तथा क्लिंकर निर्यात गर्न सकिने सर्वोत्तम सिमेन्टका सञ्चालकसमेत रहेका न्यौपानेले बताए । नेपाल सिमेन्ट उत्पादक संघले पाँच वर्षमा एक सय अर्बको सिमेन्ट निर्यात गर्न सकिने सम्भावना औँल्याएको छ । 'भारतमा निर्माणको सिजन सुरु भयो, अब निर्यात झन् बढ्ने निश्चित छ,' न्यौपानेले भने, 'भारतमा विकासको गति उच्च छ, साना-ठूला सबै सहरमा फराकिला हाइ-वे, फ्लाइओभर र मेट्रो रेलका लाइनहरू बनिरहेका छन्, नेपालमा जस्तै भारतमा पनि विकास-निर्माणका कामहरू नभएको भए सिमेन्टको खपत कम हुन्थ्यो होला, तर त्यहाँ विकास रफ्तारमा चलिरहेको छ, जसले गर्दा सिमेन्टको माग पनि उच्च छ ।'

पाँच जिल्लाका...

पृष्ठ १ बाट क्रमशः

लागि दुई करोड निकासा भएको प्राधिकरणले जनाएको छ । विपत् व्यवस्थापन कार्यकारी समितिको २६ कात्तिकको बैठकले भूकम्पबाट प्रभावित परिवारलाई अस्थायी आवास निर्माण अनुदान दिने कार्यविधि, २०८० स्वीकृत गरेसँगै पहिलो किस्ताको रकम निकासा भएको हो । अब प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने विपत् कोषले कार्यविधिअनुसार स्थानीय तहको विपत् कोषमा रकम निकासा गर्नेछ । र, वडाबाट पहिचान भएका लाभग्राहीलाई पहिलो किस्ताबापत अस्थायी आवासका लागि बैंक खातामा २५ हजारका दरले रकम वितरण हुनेछ । तत्कालै प्रभावकारी रूपमा पैसा भूकम्पपीडितलाई वितरण गर्न गृह मन्त्रालयले निर्देशन दिएको छ ।

भूकम्प प्रभावितले स्थानीय तहमा गएर अनुसूचीअनुसारको निवेदन दिएलगत्तै पहिलो किस्ता २५ हजार रुपैयाँ पाउने प्रबन्ध गरिएको छ । साथै, छानो छाउने तहसम्म पुगेपछि वा निर्माण सम्पन्न भएपछि दोस्रो किस्ता २५ हजार रुपैयाँ निकासा हुने प्राधिकरणले जनाएको छ । भूकम्पका कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भए पनि बसोबास गर्न योग्य नरहेका घरपरिवारले यस्तो अनुदान रकम पाउनेछन् ।

आजदेखि उच्च अदालतमा...

पृष्ठ १ बाट क्रमशः

धरौटीमा छुटेका थिए । तुलाधर र गुरुङलाई पनि थुनामै राख्नुपर्ने मागसहित सरकारी वकिलको कार्यालय उच्च अदालत गएको हो । अभियुक्तविरुद्ध राज्यविरुद्धको अपराध, लिखत किर्ते, संगठित अपराध र ठगी कसुरअन्तर्गतको मुद्दा लगाइएको छ । उनीहरूसँग २८ करोड ८१ लाख ७४ हजार रुपैयाँको बिगो दाबी गरिएको छ ।

प्रकरणको दोस्रो चरणको अनुसन्धान टुंग्याउने तयारी

नक्कली भुटानी शरणार्थी प्रकरणमा सुरु भएको प्रहरीको दोस्रो चरणको अनुसन्धान लगभग टुंगिने चरणमा पुगेको छ । प्रतिवादीको इन्कारी बयान र घटना पुष्टि हुने बलियो प्रमाण फेला नपरेपछि प्रहरीले अनुसन्धान प्रक्रिया टुंग्याउन लागेको हो । प्रहरीले गत भदौदेखि नक्कली भुटानी शरणार्थी प्रकरणमा दोस्रो चरणको अनुसन्धान थालेको थियो । ठगिएको भन्दै १८ पीडितले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी दिएपछि प्रहरीले दोस्रो चरणको अनुसन्धान सुरु गरेको थियो । यसै क्रममा प्रहरीले घटनामा संलग्न आङटावा शेर्पा, सानु भण्डारी, केशव दुलाल, सागर राई र रामशरण केसीविरुद्ध बयान लिइसकेको छ । उनीहरूले इन्कारी बयान दिएका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुमोध ढुंगेलले नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानका क्रममा केही अभियुक्तसँग बयान भएको र उनीहरूले इन्कारी बयान दिएको बताए । 'नक्कली भुटानी शरणार्थी प्रकरणमा १८ पीडितको जाहेरी परेको थियो । उनीहरूले पूर्वसांसद आङटावा शेर्पा, केशव दुलाल, सानु भण्डारी, सागर राई, रामशरण केसीविरुद्ध किटानी जाहेरी दिएका थिए । उनीहरूको ततिम्बा बयान सकिएको छ,' उनले भने, 'उनीहरूले जाहेरी दिने कसैलाई पनि नचिन्ने बताएका छन् । र, घटनामा संलग्न नभएको बयान दिएका छन् । अन्य प्रमाण खोज्ने काम पनि भयो । केही काम अझै हुँदै छन् ।'

प्रहरीका अनुसार किटानी जाहेरीमा ८५ लाख ९२ हजार रुपैयाँ ठगिएको उल्लेख छ । जसमध्ये १२ लाख रुपैयाँ शेर्पाले ठगेको भनिएको छ । बाँकी ४८ लाख रुपैयाँ भने अन्य भण्डारी, दुलाल, राई र केसीले ठगेको भनिएको छ । तर, बयानमा उनीहरूले जाहेरीकर्तामध्ये कसैलाई पनि नचिनेको बताएका छन् । र, उनीहरूले कसैलाई पनि पोलेका छैनन् । यद्यपि, प्रहरीले उनीहरूको मोबाइल फोनको प्राविधिक अनुसन्धान भने गरिरहेको छ । पुर्पक्षका लागि केन्द्रीय कारागारमा रहेका उनीहरूलाई प्रहरीले जिल्ला प्रहरी परिसर काठमाडौंको कार्यालयमा बयान गराएको थियो ।

जिल्ला सरकारी वकिल कार्यालयले प्रकरणमा दोस्रो चरणको अनुसन्धान गर्न भन्दै जिल्ला प्रहरी परिसर काठमाडौं र अपराध अनुसन्धान कार्यालयलाई गत १४ जेठमै निर्देशन दिएको थियो । यसबीचमा घटनासँग जोडिएका १६ अभियुक्त पुर्पक्षका लागि कारागारमा गइसकेका छन् । तर, प्रहरीले यसबीचमा थप अभियुक्तलाई पक्राउ गर्न सकेको छैन ।

भूपू गोर्खा...

पृष्ठ १ बाट क्रमशः

सैनिकका छोराछोरी बेलायत जान पाउनेछन् । त्यहाँको गृह प्रशासनले निर्णय नै गरिसकेको छ । यो एउटा सकारात्मक निर्णय हो ।' भूतपूर्व गोर्खा सैनिक संघ (गेसो)का अध्यक्ष कृष्णकुमार राईले अहिलेसम्म वार्तामा केही निष्कर्ष निस्कन नसकेकाले आशा गर्न सकिने ठाउँ झिनो रहेको बताए । 'मन्त्रीस्तरीय वार्ता सकारात्मक होस् भन्ने हाम्रो कामना छ । यद्यपि, विश्वस्त नै हुने अवस्था मैले देखेको छैन,' राईले नयाँ पत्रिकासँग भने ।

पूर्वगोर्खा सैनिकहरूको तलब र पेन्सनमा भएको भेदभाव हटाउन माग गर्दै र त्यसवेलाको क्षतिपूर्तिसमेत दाबी गर्दै भूपू गोर्खाहरूले आन्दोलन गर्दै आएका छन् । उनीहरूले बेलायती प्रधानमन्त्री कार्यालयअगाडि सत्याग्रह आन्दोलन नै गरेका थिए । त्यसपछि नेपाल सरकारले बेलायतसँग उनीहरूको मागबारे ध्यानाकर्षण गराउँदै पत्र लेखेर वार्तामा बस्न आग्रह गरेपछि वार्ता सुरु भएको थियो ।

मोटरसाइकल हरायो

मिति २०८०/७/१० गते ११:३० बजे को समयमा किर्तिपुर रंगशाला बाहिर पार्किङ्गबाट मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको **150 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : अशोक सिंह कुवँर
मो.सा.न.: बा. प्र. ०२-०४३ प ०४९०
चेसिस न. : **MD2A11CXXPPK23187**
इन्जिन न. : **DHXPPK56057**
सम्पर्क न. : **9858790290**

समवेदना



जन्म :
वि.सं.२०१४/०५/२९

स्वर्गारोहण मिति :
वि.सं. २०८०/०७/२३

स्व.डा. सरोज कृष्ण श्रेष्ठ

यस संघका पूर्व उपाध्यक्ष **डा. सरोज कृष्ण श्रेष्ठ**को मिति २०८० कार्तिक २३ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नेपाल चिकित्सक संघ
परिवार

बानेश्वर बहुमुखी क्याम्पसको नयाँ विद्यार्थी भर्ना तथा शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस क्याम्पसमा शैक्षिक सत्र २०८०/८१ का लागि **BA, BBS, B.Ed.** प्रथम वर्ष तथा **MA (Sociology), MBS** र **M.Ed. (EPM & Health)** प्रथम सेमेष्टरमा नयाँ भर्ना खुल्यो ।

साथै यस क्याम्पसमा सञ्चालित विभिन्न संकायमा अध्यापन गराउने केहि आंशिक शिक्षकको आवश्यकता भएकाले सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्रमा नियमानुसार दरखास्त आव्हान गरिन्छ । अन्य विस्तृत विवरण क्याम्पसको सूचनापाटीमा टाँस गरिएको छ ।

बानेश्वर बहुमुखी क्याम्पस
शान्तिनगर, काठमाडौं, फोन नं. ०१४६२०३३२

Prequalification Notice
(Construction of Nyadi Phidi Hydropower Project)

North Summit Hydro Ltd. (NSHL) intends to invite application for prequalification from competent national contractors for the construction of civil works of Nyadi Phidi Hydropower Project (21.4 MW), Lamjung, Nepal.

The prequalification documents can be collected from NSHL office or by sending request through email at n.s.hydro2016@gmail.com within 7 days of publication. Documents dully filled and attached with relevant certificates as per prequalification documents must reach NSHL office on or before 6th December, 2023. Only prequalified contractors will be invited to bid.

North Summit Hydro Ltd.
Babarmahal, Kathmandu
Contact: 01-5319143/9851121726

Gandaki Provinence Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate

Infrastructure Development Office

Syangja, Nepal

NOTICE OF INTENT OF ACCEPTANCE

Date of Publication: 2080-08-05 (21th Nov 2023)

For the provision on sub-clause 27.2 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts as per the Notice published on 2080-06-19 (6th Oct 2023) Egp portal, that the following mentioned lowest evaluated substantially responsive bidders are intended to award the contract.

S.N	Name of work	Contract ID	Name of Successful Bidders	Bid Amount including VAT and PS
1.	Upgrading of Jaisidanda Chinnikhola Gramid Road,Putalibazar-11	IDOSYANGJA/NCB/W/R/001/080-81	New Gorkhali Nriman Sewa makwanpur -02	4,812,038.54
2.	Upgrading of Sarketari Damgade krishi Road,Phedikhola Ga.Pa. 1 & 2	IDOSYANGJA/NCB/W/R/002/080-81	Bikash Nirmad Sewa Putalibazar Municiplity -07, Syangja	5,335,596.47
3.	Upgrading of Keware-Bankatta-Kafaldanda Road waling Na. Pa. -07,Syangja	IDOSYANGJA/NCB/W/R/003/080-81	Ghyangling Nirman Sewa Waling Municiplity -02, Syangja	3,398,079.26
4.	Upgrading of hilimarang makaidanda si road chapakot na.pa.-05	IDOSYANGJA/NCB/W/R/004/080-81	R.C. Construction Pvt.Ltd Chapakot -10, Syangja	3,562,224.53
5.	Upgrading of Umakot Gaumukh Tekre Belchouar Road (Ward Kayalaya lai Jodne),Galyang-09	IDOSYANGJA/NCB/W/R/005/080-81	Gejha Kalika Construction Waling -06, Syangja	3,308,581.05
6.	Infrastructure Development work of Chhanagchhangdi Chanya Chetra Temple, Bhirkot -04 Syangja	IDOSYANGJA/NCB/W/R/006/080-81	At Builders Walling Syangja.	2,637,651.91
7.	Upgrading of Katunje Badachaur Bahuntari Gramin Road,Phedikhola Ga.Pa	IDOSYANGJA/NCB/W/R/007/080-81	Kamal Jaisi Nirman SewaAandhikhola gaupalika -3 Pawudada, Syangja	2,289,102.78
8.	Upgrading of Sundar Bazar-Sworek Bhanjyang-Maidan Road ,Bhirkot-5 Syangja	IDOSYANGJA/NCB/W/R/008/080-81	Kunti Nirman Sewa Walling -08, Syangja.	3,551,750.22
9.	Upgrading of Uniyachaur-Matadan Kendra Road,Putalibazar-11 Syangja	IDOSYANGJA/NCB/W/R/009/080-81	New Gorkhali Nirman Sewa, Makwanpur-02.	1,970,850.15
10.	Construction of Phedikhola-Mirudada-Kalabhirav-Nuwakot Road, Phedikhola Ga.Pa.02	IDOSYANGJA/NCB/W/R/010/080-81	Ina Sunsari Nirman Sewa Putalibazar -03, Syangja.	2,317,480.7
11.	Phedikhola Tallobazar Pooldekhi Sana Kishan hudai Phedikhola Gaupalika Sabhahaal sammako Sadak Dhalan,Phedikhola-02	IDOSYANGJA/NCB/W/R/012/080-81	Kamal Jaisi Nirman Sewa Aandhikhola -03, Puwadanda Syangja.	2,301,370.06
12.	Upgrading of Chappa Zero -Bhagabati Road, Kaligandaki-06	IDOSYANGJA/NCB/W/R/013/080-81	Shree Durga Construction, Kaligandaki-04, Syangja.	2,089,306.6
13.	Upgrading of Dharapani Thumka Pakan Road Bhirkot-05, Syangja	IDOSYANGJA/NCB/W/R/014/080-81	Kesahv Nirman Sewa, Putalibazar -14,Syangja.	2,501,071.57
14.	Upgrading Of Keware-Hilepani-Hardanda Road, Waling -07	IDOSYANGJA/NCB/W/R/015/080-81	Ghyangling Nirman Sewa Waling Municiplity -02, Syangja	2,081,598.62
15.	Upgrading of Panglung Baddanda Jaalimdanda Gadubhanjyang Kyakmi Sadak,Chapakot Na. Pa	IDOSYANGJA/NCB/W/R/016/080-81	Asme Mayara Construction Pvt Ltd, Rampur -05,Palpa.	2,277,066.92
16.	Upgrading of Zero-Kunadi-Emsil -Lihak-Khola Road,Kaligandaki-06 Syangja	IDOSYANGJA/NCB/W/R/017/080-81	Shree Durga Construction, Kaligandaki-04,Syangja	2,090,841.34
17.	Upgrading of Road from Godikhola Pul to Ryaleyko Pul,Bhirkot-06 Syangja	IDOSYANGJA/NCB/W/R/018/080-81	Armadi Construction., Waling -02, Syangja	2,216,120.87
18.	Churibote Sadak Estaronnati,Kaligandaki Ga. Pa. 1 Hateya	IDOSYANGJA/NCB/W/R/019/080-81	Birgha Construction & Suppliers Pvt. Ltd, Kaligandaki-04,syangja	2,242,714.27
19.	Upgrading of Road from Samuha Bhawan to Simkholsi	IDOSYANGJA/NCB/W/R/020/080-81	R.C. Construction Chapakot -10,syangja	2,301,288.7

मंगलबार ५ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

घरेलु मैदानमा नेपालले आज यमनको सामना गर्ने

सन् २०२६ विश्वकपअन्तर्गत एसिया छनोटमा पहिलो खेल गुमाएका नेपाल र यमन दुवैलाई आगामी यात्राका लागि जित आवश्यक

रमेश सुवेदी/नयाँ पत्रिका

फिफा विश्वकप २०२६ एसिया छनोट खेलमा नेपालले दशरथ रंगशालामा आज यमनको सामना गर्दै छ। 'होम एन्ड अवे' आधारमा चलिरहेको छनोट खेलमा नेपालले आफ्नो दोस्रो खेलमा यमनसँग घेलु मैदानमा प्रतिस्पर्धा गर्न लागेको हो। यो खेल दशरथ रंगशालामा ७ बजे राति हुनेछ। गत साता समूह 'ए'मा रहेको नेपाल पहिलो खेलमा युएईसँग ४-० ले पराजित भएको थियो। यस समूहबाट कम्तीमा एसिया कपमा स्थान बनाउन नेपाल जित चाहन्छ। यसका लागि नेपालको एउटै मात्र लक्ष्य यमनविरुद्ध स्पष्ट अंक बटुल्ने हो।

पछिल्लो समय सिनियर खेलाडी विदेश पलायन हुँदा वर्तमान नेपाली टोलीका खेलाडी अधिकांश युवा छन्। युवा खेलाडीहरूको साथमा घरेलु समर्थमाझ यमनविरुद्ध खेलमा नेपालको चाहना नै सानदार प्रदर्शन हो। नेपालका प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले यमनसँग खेल्ने तयार रहेको बताएका छन्। 'हामीहरूको तयारी राम्रो भएको छ, स्पष्ट अंक बटुल्न चाहन्छौं,' सोमबार खेलअघि आयोजित पत्रकार सम्मेलनमा प्रशिक्षक एनेसले भने, 'केही खेलाडी घाइते छन्, तर अनुभवी र युवा खेलाडीमा भावनात्मक सम्बन्ध बलियो छ।'

नेपालको घरेलु लिग राम्रो नभएकाले खेलाडी फिट हुन नसकेको उनले दुखेसो पोखेका छन्। दिनदिनै खेलाडी पलायन भएको संकेत गर्दै प्रशिक्षक भिसेन्जोले नयाँ टोली बनाउन कठिन भएको स्विकारेका छन्। फिफा वरीयतामा यमन १५६ स्थान र नेपाल १७३औं स्थानमा छ। नेपालको प्रतिद्वन्द्वी यमनका खेलाडी बहराइनमा लिग खेलिरहेका छन्। नेपालको तुलनामा यमनका खेलाडी व्यावसायिक रूपमा बलिया छन्। यसैकारण यमन प्रतिस्पर्धा बलियो हुन सक्ने प्रशिक्षक मिरोल्साभ सुकोपले बताए।

'तयारी र खेलाडीहरूको आबद्धताले नेपालभन्दा यम नै बलियो मान्छु, यद्यपि हामी घरेलु टोलीलाई कमजोर रूपमा लिन्नौं,' यमनका प्रशिक्षक मिरोल्साभले भने, 'नेपाल आउने क्रममा खेलाडीलाई केही सकस भएको थियो, हामी ६-७ घन्टा ट्राजिन्टमा पर्‍यौं।' उनले नेपालको वातावरणअनुकूल भएको बताए। चेक रिपब्लिकका ५८ वर्षीय प्रशिक्षक मिरोल्साभले टोलीको मुख्य लक्ष्य नै जित भएको बताए। हेड टु हेडमा यमन बलियो छ। नेपालले यमनलाई एक खेलमा मात्र बराबरीमा रोकेको छ। यमनले नेपालमाथि तीन खेलमा जित निकालेको छ।

पहिलो खेलमा दुवै टोली पराजित

नेपाल र यमनबीच एउटै समानता छ। विश्वकपअन्तर्गतको एसिया छनोटको दोस्रो चरणमा नेपाल र यमनले आ-आफ्नो पहिलो खेल गुमाएका थिए। गत साता युएईको मैदानमा नेपाल ४-० ले पराजित भएको थियो। यमनले बहराइनलाई २-० को नतिजा सुम्पिएको थियो। समूह 'एच'मा युएई र बहराइनको समान तीन अंक छ। यमन र नेपाल अंकविहीन छन्। नेपालका भिसेन्जोले युएईविरुद्ध तीन खेलाडीलाई डेब्यु गराएका थिए। अनन्त तामाङ घाइते हुँदा प्रशिक्षक भिसेन्जोले छिरिङ लामा, योगेश गुरुङ र अञ्जन राईलाई डेब्यु गराउँदै सेन्ट्रल ब्याकमा मौका दिएका थिए। युएईविरुद्ध नेपाल पहिलो हाफमै चार गोल व्यहोर्न पुगेको थियो। बहराइनले यमनविरुद्ध दुवै हाफमा समान एक गोल गरेको थियो।

लाकेन नखेल्ने, अनन्त र मनीषको टुंगो लागेन

पहिलो खेलमा युएईविरुद्ध घाइते भएका मिडफिल्डर लाकेन लिम्बू यमनविरुद्ध उपलब्ध नहुने भएका छन्। युएईविरुद्ध चोट बोकेका उनी खेलको १८ मिनेटमै मैदान बाहिरिएका थिए। उनको स्थानमा रक्षक अमृत श्रेष्ठले खेले। अमृतले पनि सोचेजस्तो प्रदर्शन गर्न नसकेपछि प्रशिक्षक भिसेन्जोले ४६ मिनेटमा योगेश गुरुङलाई डेब्यु गराए। पहिलो ११ मा डेब्यु गरेका छिरिङ लामाको स्थानमा अर्का रक्षक अञ्जन राईले डेब्यु गर्ने अवसर पाए। युएईसँग खेल्नुअघि अभ्यास खेलमा अनन्त घाइते भएका थिए। उनी यमनसँग खेल्ने नखेल्ने टुंगो लागेको छैन। युएईविरुद्ध ८४औं मिनेटमा मैदान छाडेका मनीष डांगी पनि पूर्ण फिट छैनन्। अञ्जन विष्ट पनि पूर्ण फिट नभएको प्रशिक्षक भिसेन्जोले बताएका छन्। 'पहिलो ११ खेलाडी छान्न निकै मुस्किल छ, लोकेन हामीसँग हुनेछैनन्,' उनले भने, 'मनीष, अञ्जन र अनन्तको अन्तिम निर्णय मेडिकल टिमसँग लिनेछौं। त्यसपछि मात्रै खेल्ने या नखेल्ने टुंगो लाग्छ।'



यमनविरुद्ध खेल्नुअघि नेपालका प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो र कप्तान किरण लिम्बू रणनीतिबारे बताउँदै। तस्बिर : **ज्ञानेन्द्र कार्की**/ नयाँ पत्रिका

दर्शकलाई बसको व्यवस्था

अखिल नेपाल फुटबल संघ (एन्फा)ले राति ७ बजे खेल आयोजना गरेपछि दर्शकलाई गन्तव्यमा पुऱ्याउन बस सेवा दिने भएको छ। नेपाल र यमनबीचको खेल सकिँदा राति नौ बज्नेछ। काठमाडौंमा सात बजे नै सार्वजनिक यातायात पाउन मुस्किल पर्छ। त्यसैको मध्यनजर गर्दै एन्फाले बस सुविधा दिएको हो। 'हामीले सार्वजनिक यातायात नहुने अवस्था देखेपछि दर्शकका लागि बस उपलब्ध गराएका छौं, सुरुमा १५-२० वटा विभिन्न दूरीमा चल्ने गरी राखेका छौं, माग भए अरू थप्छौं,' प्रतियोगिता संयोजक तथा एन्फा उपाध्यक्ष दीपक खतिवडाले भने, 'दर्शकले टिकटको अर्धकट्टी देखाएर बसको सुविधा लिन सक्छन्,' खतिवडाले भने। एन्फाले टिकट मूल्य साधारणतर्फ चार सय र भिआइपीतर्फ एक हजार रुपैयाँ तोकेको छ।

नेपालको पछिल्लो पाँच खेल

प्रतिद्वन्द्वी	गोल	नतिजा
युएई	०-४	हार
लाओस	१-०	जित
लाओस	१-१	बराबरी
म्यानमार	०-१	हार
म्यानमार	०-०	बराबरी

यमनको पछिल्लो पाँच खेल

प्रतिद्वन्द्वी	गोल	नतिजा
बहराइन	०-२	हार
श्रीलंका	१-१	बराबरी
श्रीलंका	३-०	जित
इराक	०-५	हार
ओमान	२-३	हार

■ यमनसँग खेल्न तयार छौं

भिन्सेन्जो अल्बेर्टो एनेस, प्रशिक्षक, नेपाल

हाम्रो तयारी राम्रो छ। यमनसँग हाम्रो इतिहास राम्रो छैन। एक बराबरी खेल्नुबाहेक सबै खेल हारेका छौं। यसपटक हामी जित्न चाहन्छौं। हामी उच्च प्रदर्शन गर्न चाहन्छौं। यमन निकै बलियो टोली हो। उनीहरूसँग अनुभवी खेलाडी र प्रशिक्षक छन्। हामी पनि खेलमा केन्द्रित हुन्छौं। नेपाली टोलीमा भावानात्मक सम्बन्ध बलियो छ। एकसाथ खेल्न पाउँदा खेलाडी खुसी छन्। अहिले मलाई पहिलो ११ खेलाडी छान्न गाह्रो परिरहेको छ। अनन्त, अञ्जन र मनीषको पनि टुंगो छैन। खेलाडीलाई लामो समयसम्म फिट राख्न राम्रो लिग आयोजना हुनुपर्छ। नेपालमा वर्षभरि खेल आयोजना हुनुपर्छ।

■ जित्नका लागि दबाब छ

किरणकुमार लिम्बू, कप्तान, नेपाल

पहिलो खेलमा जे भयो, अहिले पुरानो भयो। यमनसँगको खेलमा गत साताको नतिजा दिमाकमा राख्दैनौं। हामी सबै खेलाडीले युएईसँगको खेल बिर्सेर खेल्नुपर्छ। नेपाल फर्केर अभ्यास राम्रो भएको छ। खेलाडी मनोवैज्ञानिक रूपमा बलिया छन्। दशरथ रंगशालाको घरेलु मैदानमा खेल्न पाउँदा सबै उत्साहित छन्। हामी जित्नका लागि दबाबमा छौं। खेल जितेर अर्को चरणको सम्भावना बलियो बनाउनु छ। नयाँ खेलाडी सेट हुन समय लाग्छ। उनीहरूले पनि राम्रो गरिरहेका छन्।

■ नेपाललाई सहज रूपमा लिन्नौं

मिरोल्साभ सुकोप, प्रशिक्षक, यमन

नेपाल सहज प्रतिद्वन्द्वी होइन। नेपाल राम्रो छ। नेपाल लाओसलाई हराउँदै छनोट भएको टोली हो। युएईसँग पराजित भए पनि नेपालले राम्रो खेलेको थियो। यसकारण नेपाललाई हामीले सहज रूपमा नलिएका हौं। हामी मनोवैज्ञानिक रूपमा तयार छौं। बेलुकी ७ बजे खेल हुँदा समस्या हुँदैन। यमनको तयारी नै बेलुकीको भएको छ। हम्माद एयरपोर्टमा ६-७ घन्टा ट्रान्जिट बस्नुपर्दा खेलाडी थकित छन्। तर, नेपालपको वातावरण हेर्दा खुसी छौं। हामी घुलमिल भइसकेका छौं। राम्रो नतिजा निकाल्न तयार छौं। हामीलाई घरेलु समर्थक हुँदा समस्या हुँदैनौं। हरेक खेलाडी समर्थकअघि खेल्न तयार हुनुपर्छ।

नेपालविरुद्ध यमन 'हेड टु हेड'

नेपाल १-२ यमन

नेपाल ०-० यमन

नेपाल ०-२ यमन

नेपाल ०-३ यमन

खेल संक्षेप

पोखरामा नेपाल-चीन क्रसकन्ट्री दौड

कास्की/ पोखरा अन्तराष्ट्रिय माउन्टेन क्रसकन्ट्री प्रतियोगिता ९ मंसिरमा हुने भएको छ। पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र नेपालस्थित चिनियाँ राजदूतावासको संयुक्त आयोजनामा हुने प्रतियोगितालाई नेपालमा आयोजना भएका क्रसकन्ट्रीमध्येकै बृहत् भनिएको छ। नेपाल-चीनमैत्री संघका अध्यक्ष विश्वशंकर पालिखेका अनुसार प्रतियोगितामा टिम, इन्डिभिजुअल, विद्यार्थी र ह्याप्पी रन गरी चार विधामा ६ सयजना खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। टिम इभेन्टमा नेपाल र चीनका गरी समान १० टोलीको सहभागी हुने पालिखेले जनाए। दौड, साइक्लिङ र बोटिङ गरी प्रतियोगितामा सहभागीले ४० किमि दूरी पूरा गर्नुपर्नेछन्। एक टोलीमा तीन-तीनजना खेलाडी रहनेछन्। विजेताले तीन लाख ६० हजार, उपविजेताले दुई लाख ८८ हजार र तेस्रोले दुई लाख १६ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, चौथो हुने खेलाडीले एक लाख ४४ हजार र पाँचौं स्थानमा रहनेले ९० हजार पुरस्कार पाउनेछन्।

विद्यालयमा बुद्धिचाल कार्यक्रम घोषणा

काठमाडौं/ नेपाल बुद्धिचाल महासंघले निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)सँगको सहकार्यमा शिक्षामा बुद्धिचाल (चेस इन एजुकेसन) कार्यक्रम घोषणा गरेको छ। महासंघले सोमबार पत्रकार सम्मेलन गरी आगामी पाँच वर्षका लागि शिक्षामा बुद्धिचाल घोषणा गरेको हो। बागमती प्रदेशमा रहेका प्याब्सनमा आबद्ध विद्यालयमा सुरुमा बुद्धिचाल खेलको प्रशिक्षक दिनेछ। त्यसपछि प्रत्येक स्कुलमा बुद्धिचाल प्रतियोगिता आयोजना गरी दुई-दुई पुरुष महिला खेलाडी महासंघल छनोटे गर्नेछ। छनोट भएका खेलाडीबीच प्रदेशस्तरीय प्रतियोगिता गराएर कम्तीमा १० जना खेलाडीलाई कक्षा ५ देखि १२ कक्षासम्म पठन-पाठनका लागि निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ।

चितवनमा आजदेखि महिला फुटबल

भरतपुर/ चितवनमा महिला जेसिज कप राष्ट्रिय महिला फुटबल प्रतियोगिता आजदेखि हुँदै छ। नारायणगढ लेडी जेसिजको आयोजना तथा चितवन जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा प्रतियोगिता हुन लागेको हो। नेपाल प्रहरी शिक्षालयको मैदानमा ९ मंसिरसम्म प्रतियोगिता चल्ने प्रतियोगितामा आठ टोली सहभागी रहेको जेसिजकी अध्यक्ष सुस्मिता श्रेष्ठले जानकारी दिइन्। प्रतियोगिताको उद्घाटन खेलमा गोकर्णेश्वर नगरपालिका काठमाडौं र अभिषेक चर्चबीच हुने आयोजकले बताएको छ। प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडी तथा उत्कृष्ट प्रशिक्षकले जनही १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। दर्शकका लागि सेमिफाइनलसम्मलाई ५० तथा फाइनलका लागि एक सय रुपैयाँको टिकटको व्यवस्था गरिएको छ।

नेपाली बक्सर आइबा विश्व जुनियर खेल्दै

काठमाडौं/ आइबा विश्व जुनियर बक्सिङ च्याम्पियनसिपमा नुर्बु थेन्डुप शेर्पाले प्रतिस्पर्धा गर्ने भएका छन्। अर्मेनियाको ऐरेभानमा २३ नोभेम्बरदेखि ४ डिसेम्बरसम्म चल्ने आइबा विश्व जुनियरमा शेर्पाले यू-१७ अन्तर्गत ७० केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा सहभागी हुन सोमबार खेलाडीसहित दुई सदस्यीय नेपाली टोली सोमबार अर्मेनिया प्रस्थान गरेको छ। नुर्बुको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता हो।



डेब्यु अन्तर्राष्ट्रिय प्रतियोगितामा उनले राम्रो नतिजा निकाल्ने आशा गरिएको छ। उनका प्रशिक्षक लालबहादुर पौडेल हुन्। यसैबीच, नेपाली बक्सिङ टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले बिदाइ गरेका छन्। बक्सिङ महासंघका उपाध्यक्ष ओमनारायण श्रेष्ठले प्रतियोगितामा नुर्बुलाई एक 'बाउट' जितका लागि २५ हजार नगद पुरस्कार प्रदान गर्ने घोषणा गरेका छन्।

सोही अवसरमा श्रेष्ठले गत असोजमा चीनको हाङझाउमा भएको १९औं एसियाली खेलकुदको बक्सिङमा एक 'बाउट'मा जित हात पारेका रविन थापालाई प्रोत्साहनस्वरूप १० हजार रुपैयाँ प्रदान गरेका छन्। एसियाली खेलकुदमा रविनले पुरुष ५१ केजीको पहिलो चरणमा इन्डोनेसियाका खेलाडीलाई पराजित गरेका थिए।

■ सूर्य नेपाल सेन्ट्रल ओपन

एमेच्योर गल्फर छिरिङ शीर्ष स्थानमा

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपन सोमबारदेखि सुरु भएको छ। गोकर्ण गल्फ कोर्समा भएको पहिलो दिनको खेलमा एमेच्योर गल्फर टासी छिरिङ ७ अन्डर ६५ को स्कोरका साथ शीर्ष स्थानमा रहे। उनले राष्ट्रिय टोलीका युवा एमेच्योर गल्फर सद्भाव आचार्यलाई एक स्ट्रोकले पछि पारेका छन्। सहभागी ३३ प्रोफेसनल गल्फरलाई दुई एमेच्योर खेलाडीले पछि पारेका छन्। सद्भाव ६ अन्डर ६६ कार्डसहित दोस्रो स्थानमा रहेका छन्। धरानका प्रोफेसनल गल्फर नीरज तामाङ ३ अन्डर ६९ कार्डसहित तेस्रो स्थानमा रहे। प्रोफेसनलतर्फ अगाडि रहेका नीरज लिडर एमेच्योर टासी भन्दा ४ स्ट्रोकले पछि छन्।



टासी छिरिङले राष्ट्रिय टोलीका युवा एमेच्योर गल्फर सद्भाव आचार्यलाई एक स्ट्रोकले पछि पारे

जयराम श्रेष्ठ २ अन्डर ७० कार्डसहित चौथो स्थानमा रहेका छन्। शीर्ष स्थानमा रहने क्रममा टासीले उत्कृष्ट सुरुवात गर्दै फ्रन्ट नाइन ७ अन्डर २९ को कार्ड लेखाएका थिए। उनले दोस्रो, छैटौं, सातौं, आठौं र नवौं होलमा बर्डी प्रहार गरे। पाँच पारको तेस्रो होलमा उनले इगल हात पारे। टासीले त्यसपछि १३औं, १५औं, र १७औं होलमा समान एक सट बचाएका थिए। उनी १२औं, १७औं र १८औं होलमा बोगी खेप्न बाध्य भए। यसै प्रदर्शनका आधारमा उनले ब्याक नाइन इभन पार ३६ मा सकाए।

दोस्रो स्थानमा रहेका सद्भावले फ्रन्ट र ब्याक नाइन समान ३ अन्डर ३३ को कार्ड लेखाएका छन्। उनले दोस्रो होलमा बोगी खेपे। त्यसपछि सद्भावले तेस्रो, चौथो, छैटौं र नवौं होलमा बर्डी प्रहार गरेका थिए। उनले ११औं, १२औं, १४औं र १७औं होलमा एक-एक सट बचाए। उनले १६औं होलमा बोगीको सामना गरे।

चौथो स्थानमा जयराम

प्रोफेसनल गल्फर जयराम श्रेष्ठ चौथो स्थानमा रहेका छन्। उनले १ अन्डर ७१ को कार्ड लेखाए। तोरणविक्रम शाही पाँचौं स्थानमा छन्। इभन पार ७२ खेलेका दिनेश प्रजापति र प्रदीपकुमार लामाले संयुक्त रूपमा छैटौं स्थानमा रहे। तीन गल्फर पशुपति शर्मा, भुवन नगरकोटी र बलभद्र राई संयुक्त रूपमा आठौं स्थानमा छन्। उनीहरूले १ ओभर ७३ को कार्ड बनाए।

तेस्रो स्थानमा रहेका नीरजले फ्रन्ट नाइन १ अन्डर ३५ कार्ड लेखाएका थिए। उनले पहिलो र तेस्रो होलमा बर्डी प्रहार गरेका थिए। आठौं होलमा एक सट खेर फालेका उनले ब्याक नाइन २ अन्डर ३४ मा सकाए। यस क्रममा उनले १०औं र १४औं होलमा बर्डी प्रहार गरे। जयरामले फ्रन्ट नाइन ४ अन्डर ३२ को कार्ड लेखाए। उनले पाँचौं, सातौं, आठौं र नवौं होलमा बर्डी प्रहार गरे।

आइसिसी एकदिवसीय विश्वकप ड्रिम ११

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सोमबार आइसिसी एकदिवसीय विश्वकप ड्रिम टोली सार्वजनिक गरेको छ। ड्रिम टोलीमा अस्ट्रेलियालाई विश्व च्याम्पियन बनाएका कप्तान प्याट क्युमिन्स समावेश छैनन्। उपविजेता भारतका रोहित शर्मालाई कप्तानी बनाइएको छ। आइसिसीले आफ्नो ड्रिम टोलीमा भारतका सर्वाधिक ६ खेलाडीलाई स्थान दिएको छ। भारतमा एक महिनासम्म चलेको प्रतियोगितामा विश्व च्याम्पियन टोलीका दुई खेलाडी अटाएका छन्। यसैगरी, श्रीलंका, न्युजिल्यान्ड र दक्षिण अफ्रिकाका समान एक खेलाडी समावेश छन्। आइतबार नरेन्द्र मोदी रंगशालामा अस्ट्रेलियाले भारतलाई फाइनलमा ६ विकेटले हराएको थियो।

क्विन्टन डी कक (दक्षिण अफ्रिका)



दक्षिण अफ्रिकाका ओपनर तथा विकेटकिपर डी ककले समूह चरणमा उत्कृष्ट प्रदर्शन गरेका थिए। यद्यपि, अस्ट्रेलियाविरुद्धको महत्त्वपूर्ण सेमिफाइनल खेलमा उनी चुके। समग्रमा विकेटकिपिङदेखि ब्याटिङसम्म उनको प्रदर्शन अब्बल रह्यो। उनले एकदिवसीय विश्वकप दौरान चार शतकीय इनिङ्स खेलेका थिए। मुम्बईको बाँखडे रंगशालामा उनले बंगलादेशविरुद्ध १७४ रनको उतकृष्ट इनिङ्स खेले। उनले प्रतियोगिताभरि १०७.०२ को स्ट्राइकमा ५९४ रन बनाए। उनले विश्वकपमा सर्वाधिक २० खेलाडीलाई विकेट पछाडिबाट आउट पारे।

रोहित शर्मा (भारत)



भारतले एकदिवसीय विश्वकप जित्न सकेन्। १२ वर्षपछि भारतलाई आफ्नो कप्तानीमा रोहित शर्माले फाइनल पुऱ्याए। तर, उनी उपाधि भिडन्तमा चुके। यद्यपि, भारत उपविजेता बने पनि आइसिसीको ड्रिम ११ टोलीको कप्तान रोहित नै भएका छन्। उनले ११ खेलमा एक शतक र तीन अर्धशतकको सहयोगमा ५९७ रन बनाए। विश्वकपमा सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा उनी विराट कोहलीपछि दोस्रो स्थानमा छन्। प्रतियोगिताभरि उनले १२५.९४ स्ट्राइक रेटमा ब्याटिङ गरे।

विराट कोहली (भारत)



१३औं संस्करणको विश्वकपमा भारतका कोहली निकै चम्किए। प्रतियोगितामा उनले केही व्यक्तिगत रेकर्डसमेत राखे। अस्ट्रेलियाले छैटौंपटक विश्वकप उचाल्दा उनी सर्वाधिक रन बनाउने खेलाडी बने। उनले विश्वकपमै सचिन तेन्दुलकरको नाममा रहेको सर्वाधिक ४९ शतक तोडे। न्युजिल्यान्डसँगको प्रतिस्पर्धामा शतकीय इनिङ्स खेल्दै उनले एकदिवसीय खेलमा ५० शतकको रेकर्ड बनाए। उनले ११ खेलमा ९०.३१ को स्ट्राइकमा सर्वाधिक ७५६ रन बटुले। यसक्रममा उनले तीन शतक र ६ अर्धशतक लगाए।

डेरेन मिचले (न्युजिल्यान्ड)



न्युजिल्यान्ड लगातार तेस्रोपटक विश्वकप सेमिफाइनलमा स्थान बनाउँदा ब्याट्सम्यान मिचेलको प्रदर्शन उच्च रह्यो। उनले नौ खेलमा १११.०६ को स्ट्राइकमा ५५२ रन बटुले। भारतविरुद्धको खेलमा उनले संघर्ष गर्दै १३४ रनको शतकीय इनिङ्स खेलेका थिए। प्रतियोगितामा १० खेल खेलेका उनले दुई शतक र दुई अर्धशतक बनाए।

लोकेश राहुल (भारत)



भातरका विकेटकिपर ब्याट्सम्यान राहुलले अस्ट्रेलियासँगको फाइनलमा अर्धशतकीय इनिङ खेले पनि पर्याप्त भएन। पूरै ११ खेल खेलेका उनले ४५२ रन जोडे। उनले नेदरल्यान्ड्सँगको खेलमा १०२ रन जोडेका थिए। समूह चरणको खेलमा उनले अस्ट्रेलियाविरुद्ध ९७ रन बटुलेका थिए। ३१ वर्षीय खेलाडी राहुल आइसिसीको ड्रिम ११ को टोलीमा तेस्रो मुख्य ब्याट्सम्यानका रूपमा छन्। प्रतियोगितामा उनले दुई अर्धशतक जोडे।

ग्लेन म्याक्सवेल (अस्ट्रेलिया)



अस्ट्रेलियन अलराउन्डर म्याक्सवेलको प्रदर्शन एकनासको भएन। १३औं संस्करणको विश्वकपमा उनलाई दुई खेलका लागि सबैले सम्झिरहनेछन्। अफगानिस्तानविरुद्धको खेलमा उनले अविस्वमरणीय रूपमा २०१ रनको नटआउट इनिङ्स खेले। यसै प्रदर्शनका आधारमा अस्ट्रेलियाले अफगानिस्तानलाई हराएर मात्र सेमिफाइनल स्थानसमेत पक्का गऱ्यो। उनले नेदरल्यान्ड्ससँगको खेलमा ४० बलमै विश्वकीर्तिमानी रूपमा शतक लगाए। विश्वकपको ११ खेल खेलेका उनले एक शतक र दुई अर्धशतकको साथमा ४५२ रन जोडे।

रवीन्द्र जडेजा (भारत)



भारतका अलराउन्डर जडेजाले फाइनल पुऱ्याउन उत्कृष्ट खेले। मध्यक्रममा ब्याटिङ गर्न सक्ने उनी महत्त्वपूर्ण विकेट निकाल्न सक्छन्। सातौं क्रममा ब्याटिङ गरी उनले पाँच खेलमा १२० रन बटुलेका छन्। विश्वकपमा नौ खेल खेलेका उनले १६ विकेट लिए। रमाइलो पक्ष के छ भने उनले विश्वकपमा १०१.६९ को स्ट्राइकमा ब्याटिङ गरेका थिए। भारतीय बलरमध्ये उनको इकोनोमी रेट उत्कृष्ट रह्यो। उनले प्रतिओभरमा ४.२५ औसतमा बलिङ गरे।

जसप्रित बुमराह (भारत)



तीव्रगतिका बलर बुमराह भारतका स्ट्राइक बलर हुन्। नयाँ बल र पहिलो पावर प्लेमा उनले विपक्षी ब्याट्सम्यानलाई सहजै स्विङमा फसाएका थिए। योर्क र स्विङ एकनासले गर्न सक्ने बुमराहले प्रतियोगितामा ११ खेल खेल्दै २० विकेट लिए। भारतीय बलरमध्ये उनी दोस्रो सर्वाधिक विकेट लिने खेलाडी हुन्। उनको उत्कृष्ट प्रदर्शन नै ३९-४ हो। उनको इकोनोमी रेट ४.०६ छ।

दिलसान मदुशंका (श्रीलंका)



श्रीलंकाका बायाँहाते तीव्रगतिका बलर मदुशंका प्रतियोगितामा उत्कृष्ट रहे। सन् १९९६ को विजेता श्रीलंकाले प्रतियोगितामा सोचेजस्तो प्रदर्शन गर्न सकेन। सेमिफाइनलमा पुग्ने चार टोलीको छिनोफानो नहुँदासम्म उनी सर्वाधिक विकेट लिनेको सूचीको शीर्ष स्थानमा थिए। उनले नौ खेलमा २१ विकेट लिएका थिए। उनले भारतविरुद्ध ८० रन खर्चेर पाँच विकेट लिएका थिए। विश्वकपमा सर्वाधिक विकेट लिने सूचीमा उनी पाँचौं नम्बरमा छन्।

एडम जाम्पा (अस्ट्रेलिया)



सुरुवातमा जाम्पा सुस्त देखिए। जब उनी फर्ममा आए, त्यसपछि विपक्षी ब्याट्सम्यान सहजै धरापमा परे। अस्ट्रेलिया छैटौंपटक विजेता बन्नु पछाडि स्पिनर जाम्पाको योगदान पनि अहं थियो। जाम्पाले ११ खेल खेल्दै २३ विकेट लिए। उनी विश्वकपमा धेरै विकेट लिने खेलाडीको सूचीमा दोस्रो स्थानमा रहे। प्रतियोगितामा उनले नेदरल्यान्ड्सविरुद्ध आठ रन खर्चेर चार विकेट लिए। स्पिनरका रूपमा एक विश्वकपमा सबैभन्दा धेरै विकेट लिने मुथैया मुरलीधरनको रेकर्ड बराबरी उनले गरे।

मोहम्मद सामी (भारत)



भारतीय तीव्रगतिका बलर सामी विश्वकपमा सबैभन्दा बढी विकेट लिने बलर हुन्। विश्वकपमा उनले केवल सात खेल मात्र खेलेका थिए। प्राप्त अवसरलाई भरपुर प्रयोग गर्दै उनले सर्वाधिक २४ विकेट लिए। उनले सेमिफाइनलमा न्युजिल्यान्डविरुद्ध ५७ रन खर्चेदै सात विकेट लिए। उपाधि भिडन्तमा उनले अस्ट्रेलियन ब्याट्सम्यानलाई समस्यामा राखेका थिए। तर, उनले आफ्नो पहिलो स्पेलपछि विकेट लिन सकेनन्। उनले प्रतिओभर ५.२६ रनरेटमा बलिङ गरेका थिए।

गेराल्ड कोएत्जी (दक्षिण अफ्रिका)



आइसिसीले १२औं खेलाडीको रूपमा दक्षिण अफ्रिकाका युवा तीव्रगतिका बलर कोएत्जीलाई राखेको छ। आइसिसीको ड्रिम टिममा अतिरिक्त बलरका रुपमा उनलाई समावेश गरिएको हो। दक्षिण अफ्रिकाका लागि उनले ८ खेलमा २० विकेट लिँदै आफूलाई आइसिसीको नजरमा पार्न सफल भएका हुन्। २३ वर्षीय गेराल्डको प्रतिओभर ६.२३ रनरेटमा बलिङ गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com